# स्थानीय तह निर्वाचन २०७९
# पर्यवेक्षण प्रतिवेदन

२०७९ जेठ ३० गते




मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | ३ |
| २. | पर्यवेक्षण विधि | ४ |
| ३. | इन्सेकका पर्यवेक्षक समेटिएका प्रदेश र जिल्ला | ४ |
| ४. | निर्वाचन कानुन र निर्वाचन प्रणाली | ८ |
| ५. | निर्वाचनको मत परिणाम | १० |
| ६. | मतदाता नामावली तथा परिचयपत्र वितरण | १० |
| ७. | मतदाता शिक्षा | ११ |
| ८. | राजनीतिक दल तथा उम्मेदवारी दर्ता | १३ |
| ९. | निर्वाचन आचारसंहिताको पालना | १४ |
| १०. | निर्वाचन सुरक्षा व्यवस्था | १५ |
| ११. | मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच | १६ |
| १२. | स्वास्थ्य सुरक्षाका उपायहरूको अवलम्बन | १७ |
| १३. | निर्वाचनमा लैङ्गिक समावेशिता | १७ |
| १४. | नेपालमा स्वच्छ निर्वाचनका चुनौतीहरू | १९ |
| १५. | सुझावहरू | १९ |
| १६. | अनुसूचीहरू | २१ |

## पृष्ठभूमि

नेपालको संविधानले राज्यको कार्यकारी शक्ति तीन तहमा विभाजन गरेको छ । नेपाली जनताले पहिलो पटक आफैँले निर्वाचित गरेको संविधानसभाका प्रतिनिधिले निर्माण गरिएको नेपालको संविधान २०७२ असोज ३ गतेदेखि लागु भएसँगै नेपाल सङ्घीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रूपान्तरित भएको छ । संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने तथा राज्य शक्तिको प्रयोग तीन ओटै तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था छ । संविधानले देशभरमा ७ सय ५३ ओटा स्थानीय सरकार, सात ओटा प्रदेश सरकार र एउटा सङ्घीय सरकार गरी ७ सय ६१ ओटा सरकारको व्यवस्था गरेको छ । पाँचपाँच वर्षमा आवधिक निर्वाचन गर्ने संवैधानिक व्यवस्था छ । संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न ऐन, कानुन, निर्देशिकाहरू जारी गरिएको छ । २०७४ सालमा तीन चरणमा गरी स्थानीय तहको निर्वाचन सम्पन्न गरिएको थियो ।

यो पटक भने निर्वाचन आयोगले एकैपटक सबै स्थानीय तहमा निर्वाचनको मिति घोषणा गरी सोही अनुसारको तयारी गऱ्यो । केही स्थानीय तहमा मतदान स्थगित भएको बाहेक सबै स्थानीय तहमा एकैदिन मतदान कार्य सम्पन्न भयो । बाजुराको बुढीगङ्गा गाउँपालिकामा यो प्रतिवेदनको अवधि (२०७९ जेठ ३० गते) सम्म रोकिएको मतदानको अर्को मिति तय भएको छैन । लोकतन्त्रको प्राणका रूपमा आवधिक निर्वाचनलाई लिइन्छ । लोकतन्त्र भनेको सार्वभौमसत्ता सम्पन्न जनताको शासन हो । नेपाली नागरिक विधिबाट शासक हुने र विधिको शासन कायम गर्ने राजनीतिक प्रणाली लोकतन्त्र हो । तसर्थ लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य हुने हो । निर्वाचनमा मतदान गर्ने जनताको सार्वभौम र मौलिक अधिकार हो ।

नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रतिनिधिसभा सदस्य शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वमा रहेको सरकारले २०७८ माघ २४ गते नै २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने घोषणा गरेको थियो । आवधिक निर्वाचनले राजनीतिक दलहरूलाई आफ्ना नीति जनतासम्म पुऱ्याउन र जनताबाट अनुमोदित हुन सघाउँछ भने नेतृत्व विकासको अवसर पनि सृजना गर्छ । संविधानसभाका माध्यमबाट बनाइएको संविधान जारी भएपछि स्थानीय तहको यो दोस्रो निर्वाचन हो । २०५४ सालमा स्थानीय निकायको निर्वाचन भएपछि मुलुकमा राजनीतिक अस्थिरताका कारण २० वर्षसम्म स्थानीय स्तरमा निर्वाचन भएको थिएन । २०७४ सालमा स्थानीय तहको निर्वाचन भएपछिको यो निर्वाचन भने नियमित प्रक्रियामा तय गरिएको निर्वाचन हो । निर्वाचनको मिति



तोकिसकेपछि पनि निर्वाचन हुने नहुनेमा अन्यौलता आएको थियो । राजनीतिक नेतृत्वबाट संशयपूर्ण अभिव्यक्ति सार्वजनिक भइरहँदा यस्तो अन्यौलता आएको हो । निर्वाचनको कार्यतालिका सार्वजनिक गरिसकेपछि पनि यस्तो अन्यौलता कायमै थियो । उम्मेदवारी दर्ता भइसकेपछि अन्यौलता हट्दै गएको सञ्चारमाध्यममा आएका समाचारबाट पनि बुझ्न सकिन्छ ।

## पर्यवेक्षण विधि

निर्वाचन भन्नाले मतदान मात्रै होइन । निर्वाचनको घोषणा भएदेखि मत परिणाम सार्वजनिक हुँदासम्मको गतिविधि निर्वाचन हो । हुन त मतदाता नामावली सङ्कलनलगायतका काम पनि निर्वाचनकै अङ्ग हुन् । इन्सेकले आफ्ना जिल्ला प्रतिनिधिमार्फत निर्वाचन गतिविधिमा मानव अधिकार अवस्थाको अनुगमन र पर्यवेक्षकमार्फत निर्वाचन आचारसंहिताको अनुगमन गरेको थियो । निर्वाचन गतिविधिका धेरै सूचना इन्सेककै प्राथमिक स्रोतबाट र केही गतिविधिको अनुगमन द्वितीय स्रोत (सञ्चार माध्यम) बाट लिइएको थियो । इन्सेकले सूचना सङ्कलनका लागि छुट्टै फारम तयार गरी पर्यवेक्षकलाई उपलब्ध गराएको थियो । त्यसैगरी आचारसंहिता उल्लङ्घनका घटनाको सङ्कलनका लागि पनि छुट्टै फारम तयार गरी भर्न लगाइएको थियो ।

इन्सेकले आफ्ना कर्मचारीमार्फत निर्वाचनको सबै प्रक्रियाको अनुगमन गरेको थियो भने थप केही व्यक्तिसहितलाई परिचालन गरी निर्वाचनको दिनको पर्यवेक्षण गरिएको थियो । इन्सेकले निम्नानुसारका पर्यवेक्षक परिचालन गरेको थियो ।

१) विशिष्ट पर्यवेक्षक-एक जना
२) उपत्यकास्तरीय पर्यवेक्षक-तीन जना
३) मतदानस्थलको पर्यवेक्षक-२ सय २९ जना

लामो अवधिका पर्यवेक्षकले निर्वाचन पूर्वदेखि निर्वाचनको भोलिपल्टसमेत गरी एक साताको अवस्था पर्यवेक्षण गरेका थिए । मनाङ र मुस्ताङ बाहेक देशका सबै जिल्लामा इन्सेकबाट पर्यवेक्षक परिचालन गरिएको थियो । निर्वाचन आयोगले ०७९ वैशाख १० गते इन्सेकलाई पर्यवेक्षण अनुमति दिएको थियो । इन्सेकका पर्यवेक्षकलाई २०७९ वैशाख २२ गतेदेखि २०७९ जेठ १० गतेसम्मको मात्रै पर्यवेक्षण अनुमति दिइएको थियो । निर्वाचन आयोगले पर्यवेक्षण कार्य भन्दै आचारसंहिता लागु भएदेखिको प्रतिवेदनको अपेक्षा गरी सोही अनुसारको फारमको विकास गरेको भएपनि पर्यवेक्षणका लागि वैशाख २८ गतेसम्म पर्यवेक्षण अनुमति प्राप्त संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । पर्यवेक्षणलाई व्यवस्थित बनाउन बेलैमा आयोगको ध्यान जानु जरुरी देखिन्छ ।

### इन्सेकका पर्यवेक्षक समेटिएका प्रदेश र जिल्ला

| क्रसं | प्रदेश १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | सप्तरी | दोलखा | गोरखा | रुकुम पूर्व | डोल्पा | बाजुरा |
| २ | सङ्खुवासभा | सिरहा | सिन्धुपाल्चोक | म्याग्दी | रोल्पा | मुगु | बझाङ |
| ३ | सोलुखुम्बु | धनुषा | रसुवा | कास्की | प्यूठान | हुम्ला | दार्चुला |
| ४ | ओखलढुङ्गा | महोत्तरी | धादिङ | लमजुङ | गुल्मी | जुम्ला | बैतडी |
| ५ | खोटाङ | सर्लाही | नुवाकोट | तनहुँ | अर्घाखाँची | कालीकोट | डडेल्धुरा |
| ६ | भोजपुर | रौतहट | काठमाडौं | नवलपरासी पूर्व | पाल्पा | दैलेख | डोटी |
| ७ | धनकुटा | बारा | भक्तपुर | स्याङ्जा | नवलपरासी पश्चिम | जाजरकोट | अछाम |
| ८ | तेह्रथुम | पर्सा | ललितपुर | पर्वत | रुपन्देही | रुकुम पश्चिम | कैलाली |
| ९ | पाँचथर | - | काभ्रेपलाञ्चोक | बागलुङ | कपिलवस्तु | सल्यान | कञ्चनपुर |
| १० | इलाम | - | रामेछाप | - | दाङ | सुर्खेत | - |
| ११ | झापा | - | सिन्धुली | - | बाँके | - | - |
| १२ | मोरङ | - | मकवानपुर | - | बर्दिया | - | - |
| १३ | सुनसरी | - | चितवन | - | - | - | - |
| १४ | उदयपुर | - | - | - | - | - | - |

## प्रदेशगत रूपमा तथ्याङ्क

| प्रदेश १ | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र जिल्ला | ब्राम्हण | | | क्षेत्री | | | दलित | | | जनजाति | | | मधेसी | | | कूल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| इलाम | २ | १ | ३ | | | | | | | | | | | | | ३ |
| उदयपुर | १ | | १ | | | | | | | | | | | | | १ |
| ओखलढुङ्गा | | | | १ | | १ | | १ | १ | | | | | | | २ |
| खोटाङ | | १ | १ | | | | | | | | | | | | | १ |
| झापा | | | | | | | १ | १ | २ | | | | | | | २ |
| ताप्लेजुङ | | | | | | | | | | | १ | १ | | | | १ |
| तेह्रथुम | | | | | १ | १ | | | | | | | | | | १ |
| धनकुटा | | | | | १ | १ | | | | १ | | १ | | | | २ |
| पाँचथर | | १ | १ | | | | | १ | १ | | | | | | | २ |
| भोजपुर | | | | १ | १ | २ | | | | | | | | | | २ |
| मोरङ | ४ | ३ | ७ | | | | | | | | | | | १ | १ | ८ |
| सङ्खुवासभा | | | | | | | | | | १ | | १ | | | | १ |
| सुनसरी | | | | | | | | | | | | | १ | २ | ३ | ३ |
| सोलुखुम्बु | | | | १ | | १ | | | | | १ | १ | | | | २ |
| जम्मा | ७ | ६ | १३ | ३ | ३ | ६ | १ | ३ | ४ | २ | २ | ४ | १ | ३ | ४ | ३१ |

| मधेस प्रदेश | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र जिल्ला | ब्राम्हण | | | क्षेत्री | | | दलित | | | मधेसी | | | थारु | | कूल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | जम्मा | |
| धनुषा | | | | | | | | | | ३ | | ३ | | | ३ |
| पर्सा | १ | | १ | | | | | | | | | | १ | १ | २ |
| बारा | | | | १ | | १ | | | | | | | | | १ |
| महोत्तरी | | १ | १ | १ | | १ | १ | | १ | | १ | १ | | | ४ |
| रौतहट | | | | | | | | १ | १ | २ | | २ | | | ३ |
| सप्तरी | | | | | १ | १ | | १ | १ | | १ | १ | | | ३ |
| सर्लाही | | | | | | | | | | | १ | १ | | | १ |
| सिरहा | | | | | | | १ | १ | २ | | | | | | २ |
| जम्मा | १ | १ | २ | २ | १ | ३ | २ | ३ | ५ | ५ | ३ | ८ | १ | १ | १९ |

| बागमती प्रदेश | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र जिल्ला | ब्राम्हण | | | क्षेत्री | | | दलित | | जनजाति | | | मधेसी | | सन्यासी | | कूल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | पुरुष | जम्मा | पुरुष | जम्मा | |
| काठमाडौं | ८ | १६ | २४ | ३ | २ | ५ | | | | | | १ | १ | | | ३० |
| काभ्रेपलाञ्चोक | | १ | १ | | | | | | १ | | १ | | | | | २ |
| चितवन | १ | १ | २ | | | | | | | | | | | | | २ |
| दोलखा | | १ | १ | | | | | | १ | १ | २ | | | | | ३ |
| धादिङ | | १ | १ | | | | | | | | | | | | | १ |
| नुवाकोट | | | | १ | | १ | | | | १ | १ | | | | | २ |
| भक्तपुर | २ | २ | ४ | २ | २ | ४ | १ | १ | | | | | | १ | १ | १० |
| मकवानपुर | १ | १ | २ | ३ | | ३ | | | १ | | १ | | | | | ६ |
| रसुवा | १ | | १ | | १ | १ | | | | | | | | | | २ |
| रामेछाप | | ३ | ३ | | | | | | | | | | | | | ३ |
| ललितपुर | ३ | ७ | १० | | | | | | २ | १ | ३ | | | | | १३ |
| सिन्धुपाल्चोक | १ | १ | २ | | | | | | | | | | | | | २ |
| सिन्धुली | | १ | १ | | १ | १ | | | | | | | | | | २ |
| जम्मा | १७ | ३५ | ५२ | ९ | ६ | १५ | १ | १ | ५ | ३ | ८ | १ | १ | १ | १ | ७८ |

| गण्डकी प्रदेश | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र जिल्ला | ब्राम्हण | | | क्षेत्री | | दलित | जनजाति | | | | कूल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | जम्मा | महिला | जम्मा | |
| कास्की | ५ | १ | ६ | १ | १ | २ | | | १ | १ | ९ |
| गोरखा | | १ | १ | | | | | | | | १ |
| तनहुँ | १ | | १ | | १ | १ | | | | | २ |
| नवलपरासी पूर्व | १ | | १ | | | | १ | १ | | | २ |
| पर्वत | १ | ३ | ४ | | १ | १ | | | | | ५ |
| बागलुङ | | २ | २ | १ | | १ | | | | | ३ |
| म्याग्दी | | १ | १ | | | | | | | | १ |
| लमजुङ | १ | १ | २ | | | | | | | | २ |
| स्याङजा | | | | | | | | | १ | १ | १ |
| जम्मा | ९ | ९ | १८ | २ | ३ | ५ | १ | १ | २ | २ | ३६ |


| लुम्बिनी प्रदेश | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र जिल्ला | ब्राम्हण | | | क्षेत्री | | | दलित | | | जनजाति | | | थारु | | | कूल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अर्घाखाँची | | | | | | | १ | १ | २ | | | | | | | २ |
| कपिलवस्तु | १ | | १ | | | | | | | | | | | | | १ |
| गुल्मी | ३ | १ | ४ | | | | | | | | | | | | | ४ |
| दाङ | १ | १ | २ | | १ | १ | | | | | १ | १ | | | | ४ |
| नवलपरासी पश्चिम | १ | १ | २ | | | | | | | | | | | | | २ |
| पाल्पा | | ३ | ३ | | | | | | | | | | | | | ३ |
| प्यूठान | | | | | १ | १ | | | | १ | | १ | | | | २ |
| बर्दिया | | | | | | | | | | | | | ३ | १ | ४ | ४ |
| बाँके | | २ | २ | १ | २ | ३ | | | | | १ | १ | | | | ६ |
| रुपन्देही | १ | | १ | | | | | | | | | | | | | १ |
| रुकुम पूर्व | | | | | १ | १ | | | | | | | | | | १ |
| रोल्पा | | | | | | | | | | १ | १ | २ | | | | २ |
| जम्मा | ७ | ८ | १५ | १ | ५ | ६ | १ | १ | २ | २ | ३ | ५ | ३ | १ | ४ | ३२ |

| कर्णाली प्रदेश | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र जिल्ला | ब्राम्हण | | | क्षेत्री | | | दलित | | जनजाति | | | कूल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| कालिकोट | | १ | १ | १ | | १ | | | | | | २ |
| जाजरकोट | | | | | १ | १ | | | | १ | १ | २ |
| जुम्ला | | | | | २ | २ | | | | | | २ |
| डोल्पा | १ | | १ | | १ | १ | | | | | | २ |
| दैलेख | | | | | | | १ | १ | १ | | १ | २ |
| मुगु | | | | | १ | १ | | | १ | | १ | २ |
| रुकुम पश्चिम | | | | २ | | २ | | | | | | २ |
| सल्यान | | | | २ | | २ | | | | | | २ |
| सुर्खेत | १ | ३ | ४ | २ | ३ | ५ | | | | | | ९ |
| हुम्ला | | | | १ | १ | २ | | | | | | २ |
| जम्मा | २ | ४ | ६ | ८ | ९ | १७ | १ | १ | २ | १ | ३ | २७ |

| सुदुरपश्चिम प्रदेश | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र जिल्ला | ब्राम्हण | | | क्षेत्री | | | दलित | | थारु | | | कुल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अछाम | | १ | १ | | | | | | | | | १ |
| कञ्चनपुर | | | | १ | | १ | | | | | | १ |
| कैलाली | | १ | १ | | | | २ | २ | १ | १ | २ | ५ |
| डडेल्धुरा | | १ | १ | | | | | | | | | १ |
| डोटी | | २ | २ | | | | | | | | | २ |
| दार्चुला | | | | १ | १ | २ | | | | | | २ |
| बझाङ | | | | १ | | १ | | | | | | १ |
| बाजुरा | १ | | १ | | १ | १ | | | | | | २ |
| बैतडी | | १ | १ | | | | | | | | | १ |
| जम्मा | १ | ६ | ७ | ३ | २ | ५ | २ | २ | १ | १ | २ | १६ |

## निर्वाचन कानुन र निर्वाचन प्रणाली

निर्वाचनलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि विद्यमान कानुनी व्यवस्थाले निर्देशन गरेको हुन्छ । नेपालमा निर्वाचनसम्बन्धी कानुनको अभाव भने छैन । तर, भएका कानुनको प्रभावकारी कार्यान्वयन भने फितलो भएको पाइन्छ । नेपालमा निम्नानुसारका कानुनी व्यवस्थाले निर्वाचनलाई निर्देशित गरेको छ ।




**ऐनहरू**

- निर्वाचन आयोग ऐन, २०७३
- मतदाता नामावली ऐन, २०७३
- निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
- स्थानीय तह निर्वाचन ऐन, २०७३

- राजनीतिक दल सम्बन्धी ऐन, २०७३

**नियमावलीहरू**

- मतदाता नामावली सम्बन्धी नियमावली, २०६८
- निर्वाचन आयोग नियमावली, २०७३
- स्थानीय तह निर्वाचन नियमावली, २०७३
- राजनीतिक दल सम्बन्धी नियमावली, २०७४

**आचारसंहिताहरू**

- निर्वाचन आयोगका पदाधिकारीहरुको आचारसंहिता, २०७७
- निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०७७
- निर्वाचन आचारसहिता, २०७८

**निर्देशिकाहरू**

- स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका,२०७८
- निर्वाचन अनुगमन निर्देशका, २०७८
- निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८
- स्थानीय तह निर्वाचन संचालन ( आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८ (दोस्रो संशोधन)
- निर्वाचन सुरक्षा (व्यवस्थापन ) निर्देशिका, २०७८
- निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८
- निर्वाचन तालिम निर्देशिका, २०७८
- स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८
- स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८
- स्थानीय तह निर्वाचन निर्देशिका, २०७८
- स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७९
- स्थानीय तह निर्वाचन (मतगणना) (पहिलो संशोधन) निर्देशिका, २०७९
- मतगणना निर्देशिका दोस्रो संशोधन
- स्थानीय तह निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७९
- स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९
- स्थानीय तह निर्वाचन ( दोस्रो संशोधन) निर्देशिका, २०७९
- निर्वाचन आचारसंहिता कार्यान्वयन कार्यविधि, २०७९
- निर्वाचन पर्यवेक्षण (पहिलो संसोधन ) निर्देशिका, २०७९
- स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७८(पहिलो संसोधन सहित )
- जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७८(दोस्रो संसोधन सहित)

**कार्यविधिहरू**

- निर्वाचन विवाद (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि, २०७६
- उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६
- राष्ट्रियसभा सदस्य निर्वाचन (आर्थिक) कार्यविधि, २०७६

- मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७

**नीतिहरू**

- स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३
- निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७
- निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७
- निर्वाचन  व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७

## निर्वाचनको मत परिणाम

***सार्वजनिक मत परिणाम अनुसार नगर र गाउँपालिकामा दलगत उपस्थिति***

| राजनीतिक दल | प्रमुख | अध्यक्ष | उपप्रमुख | उपाध्यक्ष |
|---|---|---|---|---|
| नेपाली कांग्रेस | १४१ | १८८ | ११० | १९० |
| नेकपा एमाले | ८२ | १२३ | ११४ | १२६ |
| नेकपा माओवादी केन्द्र | २५ | ९६ | ३३ | ९५ |
| नेकपा एकीकृत समाजवादी | १२ | - | - | - |
| जनता समाजवादी पार्टी | - | २१ | १२ | १९ |
| अन्य | ३२ | ३२ | २३ | ३० |
| **जम्मा** | २९२ | ४६० | २९२ | ४६० |
| *बाजुराको बुढीगङ्गा नगरपालिकामा मतदान स्थगित भएकाले पुनः मतदान कार्यको मिति तय हुन नै बाँकी रहेको छ ।* | | | | |


***सार्वजनिक मत परिणाम अनुसार वडामा दलगत उपस्थिति***

| राजनीतिक दल | वडाध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | सदस्य |
|---|---|---|---|---|
| नेपाली कांग्रेस | २६६५ | २६०६ | २५५१ | ५३०७ |
| नेकपा एमाले | २१३० | २३४५ | २२८८ | ४६४८ |
| नेकपा माओवादी केन्द्र | १०५३ | ९६३ | ९७३ | १८०७ |
| जनता समाजवादी पार्टी | २९५ | २९९ | २९६ | ५९८ |
| अन्य | ५९० | ५१९ | ५०२ | १०७० |
| **जम्मा** | ६७३३ | ६७३२ | ६६१० | १३४३० |
| *बाजुराको बुढीगङ्गा नगरपालिकामा मतदान स्थगित भएकाले पुनः मतदान कार्यको मिति तय हुन नै बाँकी रहेको छ ।* | | | | |

## मतदाता नामावली तथा परिचयपत्र वितरण

मतदाता नामावली अध्यावधिक गर्ने निर्वाचन आयोगको निरन्तरको काम हो । निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली प्रकाशन गरेको थियो । तर, पछि थप गरिएको परिचयपत्रमा नम्बर नै नहुँदा दुई खाले मतदाता परिचयपत्रले मतदाता तथा निर्वाचन कार्यमा खटिएका अधिकारीहरू अन्यौलमा परेका थिए । मतदान केन्द्रहरूमा सुरूमा मतदाता नम्बर अनुसार मतदानस्थल तोक्ने काम भएपनि पछि नामको वर्णानुक्रम

अनुसार तोकिएको थियो । सूचनाको सम्प्रेषण समयमा र प्रभावकारी रूपमा नहुँदा मतदाता निकै अन्यौलमा थिए । मतदाता नामावली नभएको भएपनि अन्य तोकिएका परिचयपत्र देखाएर पनि मतदान गर्न पाउने व्यवस्था मिलाइएको थियो । नागरिकता, राष्ट्रिय परिचय पत्र, प्यान कार्ड, मतदाता परिचयपत्र लगायतका विषयगत परिचय पत्रको भारीको सट्टा एउटै परिचयपत्रबाट सबै किसिमका काम सम्पादन हुने व्यवस्था मिलाउन तिर आयोगको ध्यान जानु आवश्यक छ । मतदाता नामावलीमा नाम भएका व्यक्तिको फोटोसहित परिचय खुल्ने कागजातले मत प्रकट गर्न पाउने व्यवस्थालाई वैकल्पिक रूपमा मात्र व्यवस्था गर्ने परिपाटीको अन्त्य गर्नु पर्दछ ।





## मतदाता शिक्षा

यो निर्वाचनमा बदर मतको प्रतिशत ज्यादै बढी रह्यो । उम्मेदवार नै नभएका चिन्हमासमेत मत परेका कारण बदर मत बढी हुन गएको हो । निर्वाचनमा जति उम्मेदवार भए त्यत्तिको मात्रै चिन्ह मतपत्रमा भएको भए बदर मतको प्रतिशत न्यून हुन सक्थ्यो । मत बदर हुँदा नागरिक अभिमत सदुपयोग हुन सकेन । सर्वोच्च अदालतले दिएको आदेश अनुसार Right to Reject लाई मतपत्रमा स्थान दिन सकेको भए कुनै दल वा उम्मेदवार मन नपरेको भएपनि नागरिक अभिमत प्रकट हुने थियो । आगामी निर्वाचनमा मतपत्रको डिजाइनमा गर्नुपर्ने सुधारका विषयमा आयोगको ध्यान प्राथमिकताकासाथ आकर्षित हुनु पर्दछ । त्यसैगरी Right to Reject को व्यवस्थालाई सुनिश्चित गर्नु पर्दछ ।

बदर मतसँग जोडिएको अर्को विषय मतदाता शिक्षा हो । यो निर्वाचनमा मतदाता शिक्षा प्रभावकारी रूपमा सञ्चालन गरेको पाइएन । स्थानीय तहको निर्वाचनमा भएको बदर मतको सङ्ख्यालाई दृष्टिगत गरी आगामी निर्वाचनहरूमा मतदाता शिक्षा कार्यक्रम प्रभावकारी पमा सञ्चालान गर्नु पर्दछ । निर्वाचनको मुखमा मात्रै मतदाता शिक्षाका कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुँदैन । प्रचारका लागि मात्रै कार्यक्रम सञ्चालन गरेको भान हुने हुँदा यो नियमित प्रक्रियाका लागि अघि सार्नुपर्छ । विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा मतदाता शिक्षालाई समावेश गर्नु आवश्यक छ ।

मतदाता नामावली सङ्कलनमा भएका त्रुटिलाई न्यूनीकरण गर्दै अन्त्य गर्न सो कार्यमा संलग्नहरूलाई सामयिक रूपमा अभिमूखीकरण गर्नु पर्दछ । यस्ता विषयहरू इन्सेकले पर्यवेक्षण गरेका हरेक निर्वाचन पर्यवेक्षण प्रतिवेदनहरूमार्फत र सार्वजनिक रूपमा अभिव्यक्त गर्दै आइरहेको छ ।

यो निर्वाचनमा केही मतदान केन्द्र मतदातालाई अपायक स्थानमा भएकाले मतदातालाई सास्ती भएको छ । मतदान कार्यमा सहभागी हुन पाउने बालिगको अधिकारको प्रयोगमा सास्ती व्यहोर्नु पर्ने अवस्था दुखद् हो तसर्थ दुर्गम स्थानमा मतदाता सङ्ख्या भन्दा पनि मतदाताको पायक निर्धारण गरेर मात्र मतदान स्थलको तय गर्नु पर्दछ ।





## इन्सेकले मतदाता शिक्षाका लागि गरेको काम


- एक महिनासम्म २८ ओटा रेडियो कार्यक्रम उत्पादन गरी प्रदेश राजधानी तथा जिल्लाबाट प्रशारण हुने रेडियोबाट मानव अधिकार शिक्षा रेडियो कार्यक्रम प्रशारण गरिएको ।
- नौ ओटा भाषामा २१ ओटा पिएसए उत्पादन गरी प्रशारण गरिएको । निर्वाचनको स्वच्छताका लागि पोष्टर तयार गरी प्रकाशन गरिएको ।
- निर्वाचनसँग सम्बन्धित अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुका साथै प्रेस विज्ञप्तिहरू जारी गरिएको ।




**विभिन्न भाषामा पिएसए**




## निर्वाचन गतिविधि तथा निर्वाचनसँग सम्बन्धित समाचार पोर्टल




## राजनीतिक दल तथा उम्मेदवारी दर्ता

स्थानीय तह निर्वाचनका लागि वैशाख ११ र १२ गते देशभर उम्मेदवारको मनोनयन दर्ता शान्तिपूर्णरूपमा सम्पन्न भएको छ । पहिलो दिन न्यून उम्मेदवारी परेकामा दोस्रो दिन उम्मेदवारी मनोनयन गर्नेको भीड लागेको इन्सेक जिल्ला प्रतिनिधिहरू तथा इन्सेकका प्रदेश कार्यालयहरूले जनाएका छन् । निर्वाचन आयोगले देशैभर एकै चरणमा निर्वाचन गर्ने कार्यतालिका सार्वजनिक गरेसँगै यसको तयारी पनि तीव्र बनाएको छ ।

निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने विभिन्न क्षेत्र, निकायमध्ये सबैभन्दा बढी जिम्मेवार सरकार हो । तर, आचारसंहिता जारी भएदेखि सबैभन्दा बढी आचारसंहिताको उल्लङ्घन सरकारबाटै हुँदै आएको छ । मनोनयन दर्ताका क्रममा राजनीतिक दलहरूबाट आचारसंहिता उल्लङ्घन भएका घटना उल्लेख्य रहेका छन्। आचारसंहिता पालनाका लागि सुरूमा कडा रूपमा प्रस्तुत भएको निर्वाचन आयोग उम्मेदवारी दर्ताका दिन भएका त्यस्ता घटनामा खासै बोलेको देखिएन । सुरूका दिनमा मिडियामा प्रकाशित समाचारका आधारमा भन्दै राजनीतिक दललाई पत्र काट्ने आयोगले जुलुसमा बालबालिकाको प्रयोगका बारेमा पत्र काटेको भन्ने समाचार सार्वजनिक भएका छैनन् । आचारसंहिता बाध्यकारी कानुन सरह नभएपनि सम्बन्धितको नैतिकता नाप्ने कसी भएको हुँदा आचारसंहिता पालनामा आआफैं सचेत र जागरूक हुनुपर्छ । यो निर्वाचनमा कूल उम्मेदवारको ३८.४० प्रतिशत महिला उम्मेदवार थिए ।





## प्रदेश अनुसार उम्मेदवार र निर्वाचित

| प्रदेश | उम्मेदवार सङ्ख्या | निर्विरोध निर्वाचित | निर्वाचित | जम्मा निर्वाचित |
|---|---|---|---|---|
| १ | २१५२३ | ४३ | ६०१० | ६०५३ |
| मधेस | ४०९३३ | ९ | ६६१२ | ६६२१ |
| बागमती | ३२६६७ | ४६ | ५७६० | ५८०६ |
| गण्डकी | १२००९ | ११२ | ३८२५ | ३९३७ |
| लुम्बिनी | २३४२६ | ८ | ५१२५ | ५१३३ |
| कर्णाली | १२५९७ | १५७ | ३५५४ | ३७११ |
| सुदूरपश्चिम | १२८६८ | १५ | ३७६९ | ३७८४ |
| **जम्मा** | १४५०१३ | ३९० | ३४६५५ | ३५०४५ |

## निर्वाचन आचारसंहिताको पालना

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सक्यो भने मात्रै निर्वाचनको महत्व बढ्छ । निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७८ चैत २५ गतेदेखि लागु हुने गरी आचारसंहिता जारी गरेको छ । आचारसंहिताको पालना गर्ने जिम्मेवारी राजनीतिक दलहरूको हुन्छ भने परिपालना गराउने मुख्य दायित्व निर्वाचन आयोगको हुन्छ । आचारसंहिता पालना गर्ने दायित्व राजनीतिक दलमा मात्रै सीमित छैन । आचारसंहिता लगभग सबै क्षेत्र, पेसा व्यवसायमा आबद्ध नागरिकले पालना गर्नुपर्छ । पालना गर्ने आचारसंहिताका बुँदा फरक भएपनि सबैले पालना गर्नु पर्ने निर्वाचन आचारसंहिता २०७८ को दफा ३ मा उल्लेख छ । निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७८ चैत २५ गतेदेखि लागु भइ २०७९ जेठ १० गतेसम्म कायम गरिएको थियो ।

इन्सेकले सङ्कलन गरेको आचारसंहिता उल्लङ्घनका घटनाहरूमध्ये ५२% उल्लङ्घनका घटनाहरूमा राजनीतिक दलको संलग्नता पाइएको छ । पत्रकार, शिक्षक, कर्मचारी, उम्मेदवारलगायतले आचारसंहिता उल्लङ्घन गरेको इन्सेकको अभिलेखले देखाउँछ । इन्सेकलाई ४४ जिल्लाबाट आचारसंहिता उल्लङ्घनका घटनाहरू प्राप्त भएको छ । आचारसंहिता उल्लङ्घनका घटनालाई अभिलेखित गर्न इन्सेकले छुट्टै फारम तयार गरी जिल्ला प्रतिनिधिहरूलाई पठाएको थियो ।





## देखिएका आचारसंहिता उल्लङ्घनका प्रकार

बालबालिकाको प्रयोग, कार्यकर्ताबिच झडप, पोस्टरमा फोटो राखिएको, आयोगले तोकेको भन्दा बढी खर्च गरेको, आमसभा, शिक्षकहरूको चुनावी प्रचारमा संलग्नता, साडी वितरण कार्यक्रम, बाजा गाजाको प्रयोग, उम्मेद्वारलाई कुटपिट, ठुलो झण्डाको प्रयोग, मापदण्ड विपरीत सवारीसाधन प्रयोगलगायत ।

## निर्वाचन सुरक्षा व्यवस्था


नेपाली सेनासहित मुलुकको तीन ओटै सुरक्षा निकायले स्थानीय तहको निर्वाचनमा मतदाताहरूले निर्भयका साथ मतदान गर्ने वातावरण सुनिश्चित गर्ने लगायतको सुरक्षा प्रवन्ध मिलाउन आफूहरू पूर्ण तयारी अवस्थामा रहेको जनाएका थिए । सुरक्षा प्रबन्धलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने योजनाअनुरूप सुरक्षा निकायहरूले आफ्नो तयारीलाई पूर्णता दिएका थिए । सरकारले तोकिएको मितिमा स्थानीय तह निर्वाचनलाई

दृष्टिगत गरी एकीकृत सुरक्षा योजना तय गरेअनुरूप नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग निर्वाचन सुरक्षा प्रवन्धका लागि खटिएका थिए । नेपाल प्रहरी र निर्वाचन प्रयोजनका लागि भर्ना गरिएका म्यादी प्रहरीले मतदान केन्द्रको भित्री सुरक्षा गरे । दोस्रो तहको सुरक्षा घेराको जिम्मेवारी सशस्त्र प्रहरी बलको रहेको थियो । ब्याक फोर्सका रूपमा सेनालाई तयारी अवस्थामा राखिएको थियो ।




**मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच**


मतदान केन्द्र सम्बन्धित वडाका मतदाताका लागि पायक पर्ने ठाउँमा राख्नु पर्दछ । यस्तो पहुँचबाट कोही पनि बिमुख हुनु हुँदैन । सबैभन्दा पहिला त पर्यवेक्षण गर्न आवेदन दिने व्यक्तिलाई आफ्नो स्थानीय तहमा पर्यवेक्षण गर्न नपाउने व्यवस्थाले नै मतदाताको पहुँचमाथि धक्का लाग्यो । नागरिक संस्था र आयोगका अधिकारीसहितको बैठकबाट यो समस्या समाधान भएको थियो । बाँकेमा अपाङ्गता भएका व्यक्तिलाई ह्विल चेयरबाट मतदान गर्न नपाएको घटनाले मतदान केन्द्रको व्यवस्थापन र पहुँचमा आयोगको गम्भीर ध्यान जानु पर्ने देखियो ।




**स्वास्थ्य सुरक्षाका उपायहरूको अबलम्बन**


कोभिडले आक्रान्त भइ भर्खर उठ्दै गरेको स्वास्थ्य अवस्था फेरि थला पर्ने शङ्काका बिच निर्वाचन सम्पन्न गरिएको छ । निर्वाचनका बेलामा पुन: सङ्क्रमण फैलन सक्ने खतरा कायमै थियो । स्वास्थ्यको अधिकार

नागरिकको मौलिक अधिकार हुँदाहुँदै पनि आवश्यक रूपमा उक्त अधिकारलाई उपभोग गर्न सकिएको छैन । मुलुकको क्षमताले नभ्याएको सरकारी अधिकारीले बताउने गरेका छन् । तर, संविधानमा नै उक्त विषय समेटिएकाले अधिकार उपभोगमा कुनै बाधा व्यवधान आउनु नहुने नागरिक अधिकारकर्मीको मत छ । यसै परिस्थितिमा सबैभन्दा खतराका रूपमा लिइएको कोभिड सङ्क्रमण नफैलियोस् भनी यथेष्ट मात्रामा शतर्कता अपानाउनु पर्ने थियो । इन्सेकका पर्यवेक्षकहरूले त्यस्तो संवेदनशील विषयमा चनाखो भएको पाएनन् । स्वास्थ्य अवस्थाको मापदण्ड पालना गरेको पाइएन । धेरैजसो ठाउँमा मास्क र सेनिटाइजरको प्रयोग भएको पाइएन भने भौतिक दुरी कायम गर्ने मामलामा निर्वाचनमा खटिएका कर्मचारीले सोत पालना गरेको पाइएन । पिउने पानी र शौचालयको समस्या मतदातालाई निकै परेको पाइयो । तर, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामीका लागि सबैजसो मतदानस्थलमा सहयोगी व्यवहार गरेको पाइयो ।




## निर्वाचनमा लैङ्गिक समावेशिता

निर्वाचन आयोगका अनुसार बालिग मतदाताको सङ्ख्या १ करोड ७७ लाख ३३ हजार ७ सय ३२ रहेको छ । जसमा ८९ लाख ९२ हजार १० जना पुरुष, ८७ लाख ४१ हजार ५ सय ३० जना महिला र १ सय ८३ जना



अन्य रहेका छन् । उनीहरूले गरेको मतदानबाट ३६ हजार ७ सय २८ जना जनप्रतिनिधि निर्वाचित हुनेछन् । संविधान र स्थानीय तहको निर्वाचन ऐनले स्थानीय सरकारमा महिला, दलित र अल्पसङ्ख्यक सहितको समावेशी प्रतिनिधित्वको सुनिश्चितता गरेको छ । आयोगकाअनुसार निर्वाचनबाट ४०.०४ प्रतिशत महिला प्रतिनिधि निर्वाचित भएका छन् । संविधानले ३६ प्रतिशत बढी महिला प्रतिनिधित्व सुनिश्चित गरिदिएको छ । कुल जननिर्वाचित प्रतिनिधिमा १३ हजार ४ सय ८६ स्थान महिलाका लागि सुरक्षित छ । यो निर्वाचनबाट १४ हजार ३४ जना महिला निर्वाचित भएका छन् (बाजुराको बुढीगङ्गा नगरपालिका बाहेकको) ।

**निर्वाचित महिला उपप्रमुख तथा उपाध्यक्ष**

| प्रदेश | उपप्रमुख | उपाध्यक्ष | जम्मा |
|---|---|---|---|
| १ | ४२ | ५९ | १०१ |
| मधेस | ६८ | ५९ | १२७ |
| बागमती | २९ | ४० | ६९ |
| गण्डकी | २१ | ४१ | ६२ |
| लुम्बिनी | ३० | ५९ | ८९ |
| कर्णाली | १८ | ३५ | ५३ |
| सुदूरपश्चिम | २४ | ४२ | ६६ |
| **जम्मा** | २३२ | ३३५ | ५६७ |

वडाबाट छानिने चार जना सदस्यमा कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व संविधानले सुनिश्चित गरेको छ । ऐनका अनुसार दुई जना महिला वडा सदस्यमध्ये एक जना दलित अनिवार्य हुनुपर्छ । ऐनले गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा उम्मेदवारी दिने दलले दुईमध्ये एक पदमा महिला उम्मेदवार बनाउनुपर्ने व्यवस्था गरेकाले महिलाको प्रतिनिधित्व अझै बढ्नेछ । खुला तर्फबाट पनि महिला प्रतिनिधित्व आउनसक्ने सम्भावना हुन्छ ।

**निर्वाचित महिला वडाध्यक्ष**

| प्रदेश | महिला वडाध्यक्ष |
|---|---|
| १ | ५ |
| मधेस | ४३ |
| बागमती | १२ |
| गण्डकी | १४ |
| लुम्बिनी | १४ |
| कर्णाली | ६ |
| सुदूरपश्चिम | ६ |
| **जम्मा** | १०० |

एकातिर नेपाली कांग्रेस नेतृत्वको गठबन्धन र अर्कातिर नेकपा एकाले नेतृत्वको गठबन्धनबाट निर्वाचनमा जाने छलफल र सहमति भइरहेको सन्दर्भमा उम्मेदवारी दर्ताकै क्रममा महिलाको सहभागिता अघिल्लो निर्वाचनमा भन्दा कम हुनसक्ने आँकलन गरिएको छ । एउटा दलले प्रमुख र अर्को दलले उपप्रमुख पदमा उम्मेदवारी दिने गरी राजनीतिक वृत्तमा चर्चा परिचर्चा चलिरहँदा महिलाको सहभागितामा कमी आउनसक्ने देखिन्छ । संविधानले निर्दिष्ट गरे अनुसार सबै जातजाति, लिङ्गका नागरिकको समावेशी प्रतिनिधित्व सुनिश्चितताका लागि राजनीतिक नेतृत्व गम्भिर हुनु आवश्यक छ ।

**स्थानीय तहको नेतृत्वमा महिलाको उपस्थिति**

| स्थानीय तह | नेका | | एमाले | | माओवादी केन्द्र | | नेकपा एस | लोसपा |
|---|---|---|---|---|---|---|---|---|
| | २०७९ | २०७४ | २०७९ | २०७४ | २०७९ | २०७४ | २०७९ | २०७९ |
| **महानगरपालिका** | - | - | - | - | १ | १ | - | - |
| **उपमहानगरपालिका** | - | - | - | - | - | - | १ | - |
| **नगरपालिका** | ४ | १ | ६ | ४ | - | १ | - | १ |
| **गाउपालिका** | ५ | ५ | ४ | ३ | ३ | ३ | - | - |
| **जम्मा** | ९ | ६ | १० | ७ | ४ | ५ | १ | १ |

## नेपालमा स्वच्छ निर्वाचनका चुनौतीहरू

(क) हिंसाको प्रयोग

- व्यक्तिगत तथा सामूहिक आक्रमण र झडप
- हतियार तथा विष्फोटक पदार्थको प्रयोग
- हत्या
- कुटपिट
- अपहरण
- धम्की

(ख) अवरोध
(ग) कब्जा
(घ) आर्थिक प्रभाव
(ङ) आचारसंहिताको उल्लङ्घन
(च) लैङ्गिक तथा सामाजिक समावेशीकरण नहुनु
(छ) विशेष अवस्थाका व्यक्तिहरुको पहुँचको अभाव
(ज) मतदान केन्द्रमा पहुँचको अभाव
(झ) मतदाता शिक्षा प्रभावकारी नहुनु
(ञ) बालबालिकाको प्रयोग
(ट) मतदानको अधिकारबाट वञ्चितिकरण
(ठ) राज्य संयन्त्रको दुरुपयोग
(ड) निष्पक्षताको पालना नहुनु
(ढ) प्रविधिको प्रयोग गर्ने कुरामा ध्यान नदिनु
(ण) राजनीतिक नैतिकतामा ह्रास आउनु

## सुझावहरू

विद्युतीय मतदान नभएका कारण मतदान कार्य पनि निकै समय लाग्ने र त्यसबाट आउने परिणाम घोषणा पनि समयमा नै गर्न नसकिने अवस्थाको सिर्जना भयो । मतपत्र निकै लामो हुँदा चाहेको उम्मेदवारको चिन्ह खोज्नै समय लागेको मतदानबाट फर्केकाहरूले बताए । मतगणनामा देखिएको झञ्झटबाट आगामी दिनमा प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षका लागि छुट्टै र वडाका प्रतिनिधिहरूका लागि छुट्टै मतपत्रको व्यवस्थापन गर्नुपर्दछ ।

## निर्वाचन आयोगलाई

- मतदाता शिक्षा निरन्तरको प्रक्रिया भएकाले निर्वाचन हुँदा वा नहुँदा सम्बन्धित निर्वाचन कार्यालयहरूले मतदाता शिक्षाको कामलाई निरन्तर सञ्चालन गर्नु पर्दछ ।
- निर्वाचन आचारसंहिता कामयाबी हुनु आवश्यक छ । आचारसंहिता तय गर्दा सम्बन्धित सरोकारवालासँगको छलफललाई बढाउने र जारी आचारसंहिता अक्षरस कार्यान्वयन हुने वतावरण तय गर्नु पर्दछ ।
- निर्वाचन आयोगले निर्वाचन तालिका अनुसार काम गर्नुपर्दछ नकि सरकारले भने अनुसार । समयमा नै काम सक्ने गरी निर्वाचनसँग सम्बन्धित कामको तालिका बनाएर सोही अनुसार अक्षरस पालना गर्नु पर्दछ ।
- मतदाता नामावली आवधिक रुपमा अद्यावधिक गर्ने र यसलाई व्यवस्थित रुपमा राख्नुका साथै नामावलीमा देखिएका प्राविधिक त्रुटिहरू हटाउन स्थानीय स्तरमै रुजु गर्नुपर्दछ ।

- मतदान केन्द्रको व्यवस्थापनमा अझ ध्यान दिनुपर्छ । (उदाहरणको लागि घामपानी छेक्ने त्रिपाल बलियो खालको हुनुपर्ने र त्यसलाई स्थापना गर्दा बलियो गरी बनाउनुपर्छ ।)
- गोप्य मतदान गर्ने स्थानलाई अरुले नदेख्ने गरी व्यवस्थापन गर्नुपर्छ ।
- मतदाताको परामर्शका लागि सबै मतदानस्थलमा 'हेल्प डेस्क' व्यवस्था गर्नु पर्दछ ।
- अनुगमन र पर्यवेक्षणका लागि सामाजिक सङ्घसंस्थासँगको सहकार्य र सहभागितामा बृद्धि गर्नु पर्दछ । पर्यवेक्षण र पर्यवेक्षका कार्यलाई निर्वाचनकै गतिविधिका रूपमा राखी झञ्झटिलो र कसिलो प्रावधान राख्नु हुँदैन ।
- विषयकेन्द्रीत काम गर्ने सामाजिक सङ्घसंस्थालाई सोही अनुसारको पर्यवेक्षण र अनुगमनको अनुमति दिनु पर्दछ । (जस्तैः बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाले बालबालिकाको मात्रै, महिलाको क्षेत्रमा काम गर्ने संस्थाले महिलाको मात्रै सरोकारको पर्यवेक्षण गरी सोही अनुसारको प्रतिवेदन र सुझाव दिन सक्छन् ।)
- मतदाता शिक्षाका लागि सामाजिक सङ्घसंस्थासँग निर्वाचन आयोगले हात्तेमालो गर्नु पर्दछ ।

## सरकार, राजनीतिक दल तथा उम्मेदवारलाई

- स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउनु पर्दछ ।
- आफ्ना कुरा प्रष्ट राख्ने तर अरु दल र उम्मेदवारलाई गालीगलौज गर्नु हुँदैन ।
- उम्मेदवार छनोटको प्रक्रिया लोकतान्त्रिक र पारदर्शी बनाउनु पर्दछ ।
- निर्वाचन खर्चको पारदर्शिताको सुनिश्चितता प्रदान गर्नु पर्दछ ।
- आफ्ना कार्यकर्ताहरुबाट आचारसंहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।
- निर्वाचनको मितिलाई संवैधानिक सुनिश्चितताका लागि संसदमा संशोधन प्रस्ताव पेश गर्नुपर्दछ ।
- निर्वाचनलाई विद्युतीय मतदानको व्यवस्थाको सुनिश्चितता गर्नुपर्दछ ।
- बुथ कब्जा जस्ता घटना रोक्न र मतदाताको बिना त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था भरपर्दो बनाउनु पर्दछ ।
- जसरी पनि चुनाव जित्नुपर्ने मानसिकताले लोकतन्त्र प्रदुषित बनाउँछ । तसर्थ, सङ्गठनलाई चलायमान गरी उम्मेदवारको तय गर्नु पर्दछ ।
- उम्मेदवार चयनका लागि अवाञ्छित कसरतको अन्त्य गर्नु आवश्यक छ । स्थानीय पार्टी कमिटीलाई निकम्मा सावित गर्ने नभइ स्थानीय स्तरबाटै उम्मेदवारी चयनको व्यवस्था गर्नुपर्दछ ।
- विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा मतदाता शिक्षालाई समावेश गर्नु आवश्यक छ ।

## संसदलाई

- निर्वाचनको मितिलाई संवैधानिक सुनिश्चितताका लागि संविधान संशोधनको बाटो खुला गर्नुपर्दछ । ( जस्तै २०७९ वैशाख ३० गते निर्वाचन सम्पन्न भयो भने पाँच वर्ष पुग्ने वैशाख महिनामा निर्वाचन गर्ने व्यवस्था मिलाउन सकिन्छ ।)

**अनुसूचीः १**

# स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति–२०७८

**परिचय**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) २०४८ सालमा गठन भएको गैरसरकारी संस्था हो । यसले मानव अधिकार र सामाजिक न्यायका निम्ति आफ्ना गतिविधि गरिरहेको छ । २०७९ वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आयोगबाट स्वीकृति लिइ स्वतन्त्र र निष्पक्ष ढङ्गबाट पर्यवेक्षण गर्ने उद्देश्य राख्दै निर्वाचनको गरिमा थप बढाउन यस संस्थाले पर्यवेक्षण नीति २०७८ बनाएको छ ।

**उद्देश्य**

यस नीतिको मुख्य उद्देश्य स्थानीय तहको निर्वाचन २०७८ लाई स्वतन्त्र र निष्पक्ष बनाउनको लागि निर्धारण गरिएका प्रक्रिया र मापदण्डहरूको पालना भए नभएको कुरा पर्यवेक्षणको माध्यमबाट प्रत्यक्ष रूपमा अवलोकन गरी निर्वाचन आयोगलाई सहयोग पुऱ्याउनु हो ।

**नीति**

माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि निम्न बमोजिमका नीति अवलम्बन गरिने छ ।

क) निर्वाचन आयोगले संविधान र प्रचलित कानुन बमोजिम सञ्चालन गर्ने स्थानीय तहको निर्वाचनको आवश्यकता अनुसार पर्यवेक्षण गर्ने,

ख) निर्वाचन प्रक्रियामा संलग्न यसका मुख्य सरोकारवालाहरूसँग समन्वय र सहभागिता प्रवर्धन गर्ने,

ग) निष्पक्ष निर्वाचनको छविलाई प्रवर्धन गर्न जोड दिने,

घ) पर्यवेक्षणमा संलग्न सदस्यहरूलाई अभिमुखिकरण गर्दै क्षमता अभिवृद्धि गर्ने,

ङ) निर्वाचनलाई मर्यादित र प्रभावकारी बनाउन पर्यवेक्षण कार्यलाई निष्पक्ष बनाउने ।

**रणनीति तथा कार्यनीति**

यस संस्थाले स्थानीय तहको निर्वाचनको निष्पक्षतालाई मध्यनजर गर्दै आवश्यकता अनुसार रणनीति तथा कार्यनीति तय गरी अवलम्बन गर्नेछ ।

**जबाफदेहिता र नियमन**

यस संस्थाले पर्यवेक्षणका लागि खटाइएका आफ्ना प्रतिनिधिहरूको निरन्तर अनुगमन गर्दै उनीहरूले निर्वाह गरेको भूमिकाको मूल्याङ्कन गर्दै आचारसंहिताको अक्षरसः पालना गराउन भूमिका खेल्नेछ ।

**सहभागिता**

यस संस्थाले आफ्ना देशभरको सञ्जालमा आधारित भई वर्ग, लिङ्ग, क्षेत्र र समुदायको सहभागितालाई सुनिश्चित गर्दै सातै प्रदेशका हिमाल, तराई पहाडका ५०० मतदानस्थलमा आफ्ना २५० जना पर्यवेक्षक परिचालित गर्नेछ ।

अनुसूचीः २

# स्थानीय तह निर्वाचन, २०७९ अवस्था अनुगमन प्रतिवेदन

२०७९ वैशाख १० गते

## पृष्ठभूमि

निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोगले विभिन्न निर्देशिका तथा आचारसंहिताहरू जारी गर्ने तथा नीतिहरू तय गर्ने गर्दछ । लोकतन्त्रको प्राणका रूपमा आवधिक निर्वाचनलाई लिइन्छ । लोकतन्त्र भनेको सार्वभौमसत्ता सम्पन्न जनताको शासन हो । नेपाली नागरिक विधिबाट शासक हुने र विधिको शासन कायम गर्ने राजनीतिक प्रणाली लोकतन्त्र हो । तसर्थ लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य हुने हो । निर्वाचनमा मतदान गर्ने जनताको सार्वभौम र मौलिक अधिकार हो । स्वच्छ विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएको खण्डमा मात्रै जनताले सही प्रतिनिधिहरूको छनौट गर्न सक्दछन् । निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक पद्धतिको सुदृढिकरण र विकासमा समेत टेवा पुर्‍याउँछ । स्थानीय तह निर्वाचन, २०७९ अनुगमन प्रतिवेदनमा उम्मेदवारी दर्ताको दिन (२०७९ वैशाख ११ गते) भन्दा अघिको अवस्थालाई समेटिएको छ ।




२०७४ साल वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा नयाँ संरचना अनुसार स्थानीय सरकारका लागि निर्वाचन सम्पन्न गरिएको थियो । २०७२ असोज ३ गते संविधान जारी भएपछि मुलुकमा तीन तहका सरकार रहने संरचना क्रियाशील भएको हो । जसमा आधार स्तम्भका रूपमा वा नागरिकको घर आँगनका सरकारका रूपमा स्थानीय सरकार रहन्छन् । देशभर यस्ता सरकार ७ सय ५३ ओटा छन् ।

### स्थानीय तहसम्बन्धी विवरण

| प्रदेश | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउापालिका | स्थानीय तह | वडा संख्या |
|---|---|---|---|---|---|---|
| १ | १ | २ | ४६ | ८८ | १३७ | ११५७ |
| मधेस | १ | ३ | ७३ | ५९ | १३६ | १२७१ |
| बागमती | ३ | १ | ४१ | ७४ | ११९ | ११२१ |
| गण्डकी | १ | ० | २६ | ५८ | ८५ | ७५९ |
| लुम्बिनी | ० | ४ | ३२ | ७३ | १०९ | ९८३ |
| कर्णाली | ० | ० | २५ | ५४ | ७९ | ७१८ |
| सुदूरपश्चिम | ० | १ | ३३ | ५४ | ८८ | ७३४ |
| **जम्मा** | ६ | ११ | २७६ | ४६० | ७५३ | ६७४३ |

### स्थानीय तह निर्वाचनको मिति घोषणा र तयारी

नेपाली काङ्ग्रेसका सभापतिसमेत रहेका प्रतिनिधिसभा सदस्य शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वमा रहेको वर्तमान सरकारले २०७८ माघ २४ गते नै २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने घोषणा गरेको थियो । अघिल्लो पटक स्थानीय तहको निर्वाचन तीन चरणमा गरिएको भएपनि यो पटक देशका सबै ७ सय ५३ स्थानीय तहमा एकैदिन निर्वाचन गर्ने गरी सरकारले घोषणा गरेको हो ।

### निर्वाचन आचारसंहिता

आवधिक निर्वाचनले मतदातालाई आफूले रुचाएका राजनीतिक दल र आफूलाई मन परेको नेता छान्ने अवसर प्रदान गर्छ । आवधिक निर्वाचनले राजनीतिक दलहरूलाई आफ्ना नीति जनतासम्म पुऱ्याउन र जनताबाट अनुमोदित हुन सघाउँछ भने नेतृत्व विकासको अवसर पनि सृजना गर्छ । संविधानसभाका माध्यमबाट बनाइएको संविधान जारी भएपछि स्थानीय तहको यो दोस्रो निर्वाचन हो । २०५४ सालमा स्थानीय निकायको निर्वाचन भएपछि मुलुकमा राजनीतिक अस्थिरताका कारण २० वर्षसम्म स्थानीय स्तरमा निर्वाचन भएको थिएन । २०७४ सालमा स्थानीय तहको निर्वाचन भएपछिको यो निर्वाचन भने नियमित प्रक्रियामा तय गरिएको निर्वाचन हो ।

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सक्यो भने मात्रै निर्वाचनको महत्व बढ्छ । निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७८ चैत २५ गतेदेखि लागु हुने गरी आचारसंहिता जारी गरेको छ । आचारसंहिताको पालना गर्ने जिम्मेवारी राजनीतिक दलहरूको हुन्छ भने परिपालना गराउने मुख्य दायित्व निर्वाचन आयोगको हुन्छ । आचारसंहिता पालना गर्ने दायित्व राजनीतिक दलमा मात्रै सीमित छैन । आचारसंहिता लगभग सबै क्षेत्र, पेसा व्यवसायमा आबद्ध नागरिकले पालना गर्नुपर्छ । पालना गर्ने आचारसंहिताका बुँदा फरक भएपनि सबैले पालना गर्नु पर्ने निर्वाचन आचारसंहिता २०७८ को दफा ३ मा उल्लेख छ । निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७८ चैत २५ गतेदेखि लागु हुने गरी आचारसंहिता जारी गरेको छ । आचारसंहितामा मुलभूत निम्नानुसारका विषय समेटिएका छन् ।

#### *स्रोतसाधनको विषय*

- कुनै सार्वजनिक निकाय वा परियोजनाका स्रोतसाधन तथा सम्पत्ति चुनावी प्रचारमा प्रयोग गर्न नपाइने,
- निर्वाचनसम्बन्धी भेला तथा प्रचारप्रसार सरकारी भवन वा शैक्षिक संस्थाका परिसरमा गर्न नहुने,
- घरजग्गा धनीको स्वीकृतिबिना चुनावी प्रचारमा कसैको निजी सम्पत्तिको प्रयोग गर्न नहुने,
- कुनै योजनाको शिलान्यास, उद्घाटन, सर्वेक्षण, अध्ययन वा अनुगमन गर्न नपाइने,

- दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसारका लागि निर्वाचन अधिकृतको अनुमति लिएर बढीमा दुई ओटा दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे गाडी वा ती नचल्ने ठाउँमा चार ओटासम्म घोडाको मात्र प्रयोग गर्न सकिने ।

*प्रचार गर्ने तौरतरिका*

- राजनीतिक दल तथा उम्मेदवारको चुनाव चिन्ह अङ्कित पहिरन, लोगो, ट्याटुजस्ता साङ्केतिक सामग्रीको उत्पादन तथा प्रयोग गर्न नपाइने,
- ज्येष्ठ नागरिक, महिला, यौनिक तथा अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच वा चरित्रहत्या हुने गरी प्रचारप्रसार गर्न-गराउन नहुने,
- सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुस-आमसभाजस्ता प्रचारप्रसार गर्न नपाइने,
- सामाजिक सञ्जालमा सही वा झुटा खाताबाट भ्रामक प्रचार गर्न नपाइने,
- द्वेषपूर्ण भाषण वा कतै प्रकाशित वा प्रसारित सामग्रीको तोडमोड गर्न नपाइने,
- १८ वर्ष मुनिका व्यक्तिहरूलाई चुनावी प्रचारप्रसारमा प्रयोग गर्न नपाइने ।

### निर्वाचन आचार संहिता उल्लङ्घनका तथ्य/तथ्याङ्क

| क्रसं | आचारसंहिता उल्लङ्घनको प्रकार | उल्लङ्घनको आरोपित पक्ष |
|---|---|---|
| १ | पोष्टरमा फोटो प्रयोग | कर्मचारी र नेकपा माओवादी केन्द्र |
| २ | आमसभामा बालबालिकाको प्रयोग | नेकपा एस |
| ३ | निर्वाचन आयोगमा बुझाएको खर्चमा छली | नेपाली कांग्रेसका नेता |
| ४ | निर्वाचन आयोगमा बुझाएको खर्चमा छली | नेकपा माओवादीका नेता |
| ५ | चुनावी प्रचारमा सहभागी | कृष्णनगर नगरपालिका वडा ११ सरफरको नेपाल राष्ट्र आधारभुत विद्यालयका प्रधानाध्यापक प्रहलाद पाण्डे |
| ६ | साडी बाँड्ने कार्यक्रम राखेको | चन्द्रागिरी नगरपालिका-८ को कार्यालय |

### मतदाता र जनप्रतिनिधि

पहिलोपटक तीन चरणमा २०७४ साल वैशाख, असार र असोजमा स्थानीय तहको निर्वाचनमार्फत ७ सय ५३ ओटा स्थानीय तहमा जनप्रतिनिधि चुनिएका हुन् । दोस्रो कार्यकालका लागि सरकारले घोषणा गरेको स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न गर्न निर्वाचन आयोगले आवश्यक तयारी गरिरहेको छ । निर्वाचनको प्रक्रिया पनि जारी छ । फोटोसहितको मतदाता नामावली र परिचय-पत्र अद्यावधिक गर्ने, मतपत्र छाप्ने, मतदान केन्द्रको टुङ्गो लगाउने, निर्वाचन आचारसंहिता जारी गर्ने, निर्वाचन पर्यवेक्षण निर्देशिका जारी गर्नेलगायतका काम सम्पन्न गरिसकेको छ । निर्वाचन आयोगका अनुसार आयोगले निर्वाचन गराउन आवश्यक पर्ने कार्यहरू अन्तिम चरणमा पुगेको जनाएको छ । यो निर्वाचनले स्थानीय तहमा एकैसाथ ३६ हजार ७ सय २८ जनप्रतिनिधिको छनोट गर्ने छ । जहाँबाट जनताका दैनन्दिनका कार्य सम्पादन हुनेछन् ।

## स्थानीय निर्वाचन २०७९ का मतदाता

| प्रदेश | मतदाता सङ्ख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | जम्मा मतदाता |
| १ | १६४७५६१ | १६९९८०० | २३ | ३३४७३८४ |
| मधेश | १५३३१५८ | १७९७९४५ | ६७ | ३३३११७० |
| बागमती | १७०७९४२ | १७०४८९८ | २९ | ३४१२८६९ |
| गण्डकी | ९२४९४८ | ८६४४५२ | ११ | १७८९४११ |
| लुम्बिनी | १६०१३५२ | १६१८०७३ | ३२ | ३२१९४५७ |
| कर्णाली | ४९५०९९ | ५०६१८० | ३ | १००१२८२ |
| सुदूरपश्चिम | ८३१४७० | ८००६६२ | १८ | १६३२१५० |
| **जम्मा** | **८७४१५३०** | **८९९२०१०** | **१८३** | **१७७३३७२३** |

देशैभरमा महानगर प्रमुख- ६ जना, महानगर उपप्रमुख- ६ जना, उपमहानगर प्रमुख-११, उपमहानगर उपप्रमुख-११, नगर प्रमुख-२७६, नगर उपप्रमुख-२७६, गाउँपालिका अध्यक्ष-४६० जना र गाउँपालिका उपाध्यक्ष-४६० जना निर्वाचित हुनेछन् । त्यसैगरी वडा अध्यक्ष-६,७४३ जना, वडा सदस्य महिला-१३,४८६ जना र वडा सदस्य-१३,४८७ जना चुनिनेछन् । गाउँपालिकाको हकमा दलित र अल्पसङ्ख्यकबाट गाउँसभाले निर्वाचित गर्ने सदस्य दुई-९२०, दलित र अल्पसङ्ख्यकबाट नगरसभाले निर्वाचित गर्ने सदस्य तीन-५८६ जना गरी जम्मा जनप्रतिनिधि–३६,७२८ जना निर्वाचित हुनेछन् ।

निर्वाचन आयोगका अनुसार बालिग मतदाताको सङ्ख्या १ करोड ७७ लाख ३३ हजार ७ सय ३२ रहेको छ । जसमा ८९ लाख ९२ हजार १० जना पुरुष, ८७ लाख ४१ हजार ५ सय ३० जना महिला र १ सय ८३ जना अन्य रहेका छन् । उनीहरूले गरेको मतदानबाट ३६ हजार ७ सय २८ जना जनप्रतिनिधि निर्वाचित हुनेछन् । संविधान र स्थानीय तहको निर्वाचन ऐनले स्थानीय सरकारमा महिला, दलित र अल्पसङ्ख्यक सहितको समावेशी प्रतिनिधित्वको सुनिश्चितता गरेको छ । आयोगकाअनुसार आगामी निर्वाचनबाट ४० प्रतिशतभन्दा बढी महिला प्रतिनिधि निर्वाचित हुनेछन् । संविधानले ३६ प्रतिशत बढी महिला सुनिश्चित गरिदिएको छ । कुल जननिर्वाचित प्रतिनिधिमा १३ हजार ४ सय ८६ स्थान महिलाका लागि सुरक्षित छ ।

## महिला सहभागिताको सवाल

वडाबाट छानिने चार जना सदस्यमा कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व संविधानले सुनिश्चित गरेको छ । ऐनका अनुसार दुई जना महिला वडा सदस्यमध्ये एक जना दलित अनिवार्य हुनुपर्छ । ऐनले गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा उम्मेदवारी दिने दलले दुईमध्ये एक पदमा महिला उम्मेदवार बनाउनुपर्ने व्यवस्था गरेकाले महिलाको प्रतिनिधित्व अझै बढ्नेछ । खुला तर्फबाट पनि महिला प्रतिनिधित्व आउनसक्ने सम्भावना हुन्छ ।

एकातिर नेपाली कांग्रेस नेतृत्वको गठबन्धन र अर्कातिर नेकपा एमाले नेतृत्वको गठबन्धनबाट निर्वाचनमा जाने छलफल र सहमति भइरहेको सन्दर्भमा उम्मेदवारी दर्ताकै क्रममा महिलाको सहभागिता अघिल्लो निर्वाचनमा भन्दा कम हुनसक्ने आँकलन गरिएको छ । एउटा दलले प्रमुख र अर्को दलले उपप्रमुख पदमा उम्मेदवारी दिने गरी राजनीतिक वृत्तमा चर्चा परिचर्चा चलिरहँदा महिलाको सहभागितामा कमी आउनसक्ने देखिन्छ । संविधानले निर्दिष्ट गरे अनुसार सबै जातजाति, लिङ्गका नागरिकको समावेशी प्रतिनिधित्व सुनिश्चितताका लागि राजनीतिक नेतृत्व गम्भिर हुनु आवश्यक छ ।

## सुरक्षा व्यवस्था

नेपाली सेनासहित मुलुकको तीनवटै सुरक्षा निकायले स्थानीय तहको निर्वाचनमा मतदाताहरूले निर्भयका साथ मतदान गर्ने वातावरण सुनिश्चित गर्ने लगायतको सुरक्षा प्रवन्ध मिलाउन आफूहरू पूर्ण तयारी अवस्थामा रहेको जनाएका छन् । सुरक्षा प्रबन्धलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने योजनाअनुरूप सुरक्षा निकायहरूले आफ्नो तयारीलाई पूर्णता दिएका छन् । सरकारले तोकिएको मितिमा स्थानीय तह निर्वाचनलाई दृष्टिगत गरी एकीकृत सुरक्षा योजना तय गरेअनुरूप नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग निर्वाचन सुरक्षा प्रवन्धका लागि खटिएका छन् । नेपाल प्रहरी र निर्वाचन प्रयोजनका लागि भर्ना गरिएका म्यादी प्रहरीले मतदान केन्द्रको भित्री सुरक्षा गर्नेछन् । दोस्रो तहको सुरक्षा घेराको जिम्मेवारी सशस्त्र प्रहरी बलको रहेको थियो ।

### संवेदनशीलताका आधारमा स्थानीय तह निर्वाचन-२०७९ (मतदानस्थल)

| प्रदेश | स्थानीय तह | मतदान स्थल | मतदान केन्द्र | सम्वेदनशील मतदानस्थल | |
|---|---|---|---|---|---|
| | | | | अति सम्वेदनशील | सम्वेदनशील |
| १ | १३७ | १८७७ | ४०५१ | ३२१ | ८४८ |
| मधेश | १३६ | २१६३ | ४१८९ | १०६५ | ८८९ |
| बागमती | ११९ | १७९२ | ४०९५ | ३१० | ६७१ |
| गण्डकी | ८५ | १२५३ | २३०० | २८५ | ५४६ |
| लुम्बिनी | १०९ | १६२९ | ३८३२ | ३४४ | ६५५ |
| कर्णाली | ७९ | ९०७ | १३८५ | २९४ | ४०४ |
| सुदूरपश्चिम | ८८ | ११३५ | २१०३ | ३२७ | ४१० |
| **जम्मा** | **७५३** | **१०७५६** | **२१९५५** | **२९४६** | **४४२३** |

## निश्कर्ष

लोकतन्त्र र निर्वाचनका विशेषज्ञहरूले लोकतन्त्रलाई जनताको शासन, जनताद्वारा शासन र जनताका लागि शासन मात्र हो भने आवधिक निर्वाचन लोकतन्त्रका प्रमुख आधारस्तम्भ हुनु पर्ने धारणा अगाडि सारेका छन् । जनता राज्यका सर्वोच्च शक्ति हुन्, उनीहरूकै इच्छानुसार उनीहरूले नै रूचाएका, चुनेका प्रतिनिधिहरूद्वारा मुलुक शासित हुनुपर्दछ ।

आवधिक निर्वाचन जनइच्छा व्यक्त गर्ने एक प्रभावकारी, कानुनी, व्यवहारिक र सशक्त माध्यम/साधन पनि हो । जित्ने दलले/उम्मेदवारले जनइच्छा अनुसार नै उनीहरूका लागि कार्य गर्ने गर्दछन् । लोकतन्त्रमा जनतालाई निर्वाचन गर्ने अधिकार प्रदान गरिएको छ । आवधिक निर्वाचन गरिएन भने जनताको अधिकार हनन् र कुण्ठित हुन पुग्दछ । निर्वाचन नहुने मुलुक यथार्थमा निरङ्कुश शासन नै बन्ने गर्दछ । त्यसैले लोकतन्त्रले जनताको उम्मेदवार छान्ने अधिकारलाई सधैं सम्मान गर्न जान्नु पर्छ । लोकतन्त्रले अल्पसङ्ख्यकको अधिकारलाई समेत सम्मान गर्न जान्नुपर्ने हुन्छ । निर्वाचन शासकको वैधता परीक्षण गर्ने एक महत्वपूर्ण कसी हो । लोकतन्त्रको आधारस्तम्भ हो । त्यसैले निर्वाचन सधैं निष्पक्ष, धाँधलीरहित र स्वच्छ हुनुपर्ने हुन्छ । यसैका लागि निर्वाचन आचारसंहिताको सुत्रमा सबैलाई उन्ने प्रयास गरिन्छ ।

**अनुसूचीः ३**

# स्थानीय तह निर्वाचनका लागि मनोनयन दर्ता शान्तिपूर्ण

०७९ वैशाख १४ गते

स्थानीय तह निर्वाचनका लागि वैशाख ११ र १२ गते देशभर उम्मेदवारको मनोनयन दर्ता शान्तिपूर्णरूपमा सम्पन्न भएको छ । पहिलो दिन न्यून उम्मेदवारी परेकामा दोस्रो दिन उम्मेदवारी मनोनयन गर्नेको भीड लागेको इन्सेक जिल्ला प्रतिनिधिहरू तथा इन्सेकका प्रदेश कार्यालयहरूले जनाएका छन् । निर्वाचन आयोगले देशैभर एकै चरणमा निर्वाचन गर्ने कार्यतालिका सार्वजनिक गरेसँगै यसको तयारी पनि तीव्र बनाएको छ । निर्वाचन आयोगले आफ्नो वेभसाइटमा सार्वजनिक गरेको उम्मेदवारको सङ्ख्या निम्नानुसार छ ।

**उम्मेदवार मनोनयनको दलगत अवस्था**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रमुख | १,८९४ | २०९ | २,१०३ |
| अध्यक्ष | २,२०३ | १५२ | २,३५५ |
| उपप्रमुख | ३४३ | १,४१७ | १,७६० |
| उपाध्यक्ष | ३८८ | १,६४९ | २,०३७ |
| वडा अध्यक्ष | २८,५५२ | ८२० | २९,३७२ |
| महिला सदस्य | - | २५,६८९ | २५,६८९ |
| दलित महिला सदस्य | - | २३,३७० | २३,३७० |
| सदस्य | ५०,६०२ | २,४५७ | ५३,०५९ |

**स्वतन्त्र उम्मेदवारको मनोनयन अवस्था**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रमुख | १,३३४ | ५७ | १,३९१ |
| अध्यक्ष | ९८६ | ४६ | १,०३२ |
| उपप्रमुख | २६४ | १३२ | ३९६ |
| उपाध्यक्ष | २२५ | १३९ | ३६४ |
| वडा अध्यक्ष | ५,६६३ | २३० | ५,८८३ |
| महिला सदस्य | - | ७५९ | ७५९ |
| दलित महिला सदस्य | - | ४७३ | ४७३ |
| सदस्य | २३०६ | १०६ | २,४१२ |

*(आयोगको प्रणालीमा बुधबार साँझ ५ बजेसम्म प्रविष्ट भएको तथ्याङ्कमा आधारित)*

**आचारसंहिता उल्लङ्घन**

निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने विभिन्न क्षेत्र, निकायमध्ये सबैभन्दा बढी जिम्मेवार सरकार र त्यसपछिका जिम्मेवार निकाय भनेका राजनीतिह दल नै हुन् । तर, आचारसंहिता जारी भएदेखि सबैभन्दा बढी आचारसंहिताको उल्लङ्घन राजनीतिक दलबाटै हुँदै आएको छ । निर्वाचनको प्रचारप्रसारमा गर्न नहुने भनी रोक लगाइएका विष्यमा राजनीतिक दलहरूबाट उल्लङ्घन हुँदै आएको छ । यस्तो क्रम देशका अधिकांश जिल्लामा देखा परेको इन्सेक प्रतिनिधिले पठाउनु भएको विवरणमा उल्लेख छ ।

राजनीतिक दलहरूले जुलुसमा बालबालिकालाई सँगसँगै लिएर हिँडेका छन् । जुन आचारसंहिता विपरीतको कार्य हो । टिसर्टको प्रयोग गरेको पनि पाइएको छ । सामान्य विवाद र भनाभनका घटना पनि इन्सेकले अभिलेख गरेको छ । सिरहामा नेकपा एकीकृत समाजवादीका कार्यकर्ताले निर्वाचन कार्यालयमा ढुङ्गा प्रहार गर्दा कार्यालयका झ्यालका सिसा फुटेका छन् । जुम्लाको हिमा गाउँपालिकामा माओवादी कार्यकर्ताबिच टिकटको विषयमा झडप हुँदा एक जना घाइते भएका छन् । डोल्पाको छार्काताङसोङ गाउँपालिकामा उम्मेदवारी दिन गएका माओवादी कार्यकर्तामाथि कुटपिट भएको छ । महोत्तरीको गौशालामा एमालेका मेयर पदका उम्मेदवारमाथि अर्का आकाङ्क्षीले हातपात गरेका छन् । गोरखाको गोरखा नगरपालिकामा टिकटकाृ विषयलाई लिएर कांग्रेसका कार्यकर्ताले आफ्नै पार्टीको मेयरका उम्मेदवारलाई कुटपिट गरेका छन् । खोटाङमा पनि नेपाली कांग्रेसका उम्मेदवार आफ्नै कार्यकर्ताको कुटपिटमा परेका छन् । सिन्धुपाल्चोकमा माओवादी कार्यकर्ताले निर्वाचन अधिकृतको कार्यालय तोडफोड गरेका छन् । टिकट वितरणमा चित्त नबुझेपछि कास्कीमा कांग्रेस पदाधिकारीलाई कार्यकर्ताले बैठक कक्षभित्रै थुनिदिएका छन् ।

**निष्कर्ष**

निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने विभिन्न क्षेत्र, निकायमध्ये सबैभन्दा बढी जिम्मेवार सरकार हो । तर, आचारसंहिता जारी भएदेखि सबैभन्दा बढी आचारसंहिताको उल्लङ्घन सरकारबाटै हुँदै आएको छ । मनोनयन दर्ताका क्रममा राजनीतिक दलहरूबाट आचारसंहिता उल्लङ्घन भएका घटना उल्लेख्य रहेका छन् । आचारसंहिता पालनाका लागि सुरूमा कडा रूपमा प्रस्तुत भएको निर्वाचन आयोग उम्मेदवारी दर्ताका दिन भएका त्यस्ता घटनामा खासै बोलेको देखिएन । सुरूका दिनमा मिडियामा प्रकाशित समाचारका आधारमा भन्दै राजनीतिक दललाई पत्र काट्ने आयोगले जुलुसमा बालबालिकाको प्रयोगका बारेमा पत्र काटेको भन्ने समाचार सार्वजनिक भएका छैनन् । आचारसंहिता बाध्यकारी कानुन सरह नभएपनि सम्बन्धितको नैतिकता नाप्ने कसी भएको हुँदा आचारसंहिता पालनामा आआफैँ सचेत र जागरूक हुनुपर्छ ।

**अनुसूची: ४**

# स्थानीय तह निर्वाचन-२०७९

**आज राति १२ बजेपछि मौन अवधि सुरू**

२०७९ वैशाख २७ गते

७ सय ५३ ओटा स्थानीय तहमा वैशाख ३० गते शुक्रबार हुने निर्वाचनका लागि राजनीतिक दल, तिनका कार्यकर्ता तथा स्वतन्त्र उम्मेदवारले प्रचारप्रसार गर्ने आज अन्तिम दिन हो । आज राति १२ बजेदेखि मौन अवधि सुरू हुँदैछ । मतदान अगाडिको ४८ घण्टाको समयलाई मौन अवधि भनिन्छ । मौन अवधिमा कुनै पनि माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्न तथा मतदातालाई प्रभाव पार्ने कुनै पनि गतिविधि गर्न पाइँदैन । मौन अवधिमा उम्मेदवार, दलका कार्यकर्ता तथा सम्बन्धित व्यक्तिका सम्बन्धमा निगरानी राख्ने र मतदातालाई प्रभाव पार्ने गतिविधि भएको पाइएमा सुरक्षा निकायले तत्काल नियन्त्रणमा लिने निर्वाचन आयोगका प्रवक्ता शालिग्राम पौडेलले काठमाडौँमा आयोजित एक कार्यक्रममा बताउनु भएको छ । मौन अवधिभर निर्वाचन प्रचार प्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी गर्न पाइँदैन । मौन अवधि सुरू हुनुभन्दा अगाडि मतदानस्थलको ३ सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचार-प्रसार गर्न नपाइने निर्वाचन आचारसंहिता, २०७८ मा उल्लेख छ । निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने राजनीतिक दल तथा उम्मेदवारलाई तत्काल कारबाही गर्नसक्ने अधिकार दिइएको १९ ओटा उच्चस्तरीय समिति गठन गरिएको निर्वाचन आयोगले जनाएको छ ।  निर्वाचन आयोगले

२०७९ वैशाख २६ गते आयोजना गरेको पत्रकार सम्मेलनमा निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको आयोगका अध्यक्ष दिनेश थपलियाले बताउनु भएको छ । स्थानीय तह निर्वाचनको मतदान हुने दिन वर्षा हुने सम्भावना रहेको भन्दै मतदानस्थल र मतगणनास्थलमा त्रिपाल वा प्लास्टिक व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिएको आयोगका प्रवक्ता पौडेलले बताउनु भएको छ । हिजो वैशाख २६ गते निर्वाचन आयोगले जल तथा मौसम विज्ञान विभागसँग गरेको छलफलपछि गृह मन्त्रालयलाई यस्तो निर्देशन दिइएको प्रवक्ता पौडेलले बताउनु भयो ।

नेपाल दूरसञ्चार प्राधिकरणले मौन अवधि शुरु भएपछि विभिन्न सामाजिक सञ्जालमा उम्मेदवारका प्रचार सामग्रीको अनुगमन गर्ने बीबीसी नेपाली सेवामा प्रकाशित समाचारमा जनाइएको छ । निर्वाचन आयोगले आयोगले मौन अवधिमा उम्मेदवार र उम्मेदवारका समर्थकबाट फेसबुक, ट्विटर र टिकटक लगायतका सञ्जालमा आचारसंहिता विपरीतका सामग्री मौन अवधिमा हटाउन र नयाँ पोष्ट गर्न नदिन प्राधिकरणलाई निर्देशन दिएको थियो ।

मौन अवधिमा निर्वाचन प्रचारप्रसार तथा घरदैलो कार्यक्रम नहुने भए पनि यस अवधिमा मतदाता प्रभावित पार्ने कार्यजस्तै भोजभतेर, आर्थिक प्रलोभन, धाकधम्की, बन्देजजस्ता कार्य विगतका निर्वाचनमा हुने गरेको उदाहरण प्रशस्तै रहेका छन् । विगतका निर्वाचनभन्दा कम भड्किलो निर्वाचन प्रचार प्रसार तथा गतिविधि भएको देखिए पनि कार्यकर्ता परिचालनजस्ता कार्यमा असीमित खर्च हुने गरेको पाइयो । यस प्रतिवेदनमा हाम्रा देशभरका प्रतिनिधिले पठाएका निर्वाचन गतिविधि, निर्वाचन आचार संहिता उल्लंघनका घटना, मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटिएको छ ।

**इन्सेक, इलाम प्रतिनिधि बबिता मैनाली**का अनुसार मतदान स्थल साँघुरो हुने भएपछि इलाम नगरपालिकाको इलाम एजुकेशन फाउण्डेशनमा रहेको मतदान केन्द्र त्यस नजिकैको हेरिशन नेशनल एकाडेमी स्कूलमा र इलाम नगरपालिका-५ स्थित कवर्ड हलमा रहेको मतदान केन्द्र साविक वडा कार्यालय भवनमा सारिएको जिल्ला निर्वाचन कार्यालय, इलामले जनाएको छ ।

इलामका मुख्य निर्वाचन अधिकृत हरिशचन्द्र इङ्गनामको संयोजकत्वमा वैशाख २७ गतेको बैठकले राजनीतिक दलहरूको छलफलपछि दुई ओटा दुई केन्द्र साँघुरो ठाँउबाट सहज ठाँउमा सार्ने निर्णय गरिएको जिल्ला निर्वाचन अधिकारी देवीचरण फुयालले बताए । निर्वाचन अधिकारी फुयालले ती मतदान केन्द्रबाट मतदान गर्ने मतदाताहरूको परिचयपत्र पनि नयाँ कायम गरिएका मतदान केन्द्रहरूबाटै वितरण गरिने निर्णय गरिएको बताउनु भयो । प्रदेश १ निर्वाचन कार्यालयले जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट वैशाख २७ गते निर्वाचन कर्मचारीले मतपत्रलगायत निर्वाचन सामग्री बुझ्नेर लगेको जानकारी गराएको छ ।

**इन्सेक, धनुषा प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरमा नेपाली कांग्रेस, एमाले तथा स्वतन्त्र उम्मेदवार, नेता, कार्यकर्ता तथा समर्थकहरूले आज दिउँसो मोटरसाइकल ऱ्याली तथा प्रर्दशन गरेका छन् । त्यसैगरी नेपाली कांग्रेसले जनकपुर उमनपा-२१ बेङ्गाशिवपुरमा मोटरसाइकल ऱ्याली निकाल्यो भने जनकपुरको रामचोकमा नेकपा एमालेले सयौँको सङ्ख्यामा रहेका कार्यकर्ता र समर्थकसहित प्रर्दशन गऱ्यो छन् । त्यस्तै, स्वतन्त्र उम्मेद्वार जानकी राम साहले दर्जनौँ ट्रयाक्टर र अटो रिक्सामा व्यानर तथा चुनाव चिन्ह अङ्कित झण्डासहित प्रर्दशन गरे ।

**इन्सेक**, मधेस प्रदेश, संयोजक राजु पासवान, नियोकका जिल्ला संयोजक राजकुमार महासेठ र जियोकका प्रतिनिधि तथा अधिवक्ता रेखा झाको संयुक्त टोलीले आज धनुषाधाम नगरपालिका-१ गोविन्दपुर, धनुषाधाम नगरपालिका-३ स्थित श्री धनुषा जनता प्राविधिक तथा व्यवसायि शिक्षा मावि, क्षिरेश्वरनाथ नगरपालिका-५ स्थित श्री क्षिरेश्वर जनता मावि सखुवा महेन्द्रनगर, लक्ष्मीनिया नगरपालिका-४ स्थित श्री विपि कोइराला मावि सपही मतदान केन्द्र तथा मतदान स्थलहरूको तयारी तथा व्यवस्थापनको सन्दर्भमा अवलोकन तथा अनुगमन गरेको छ । अनुगमनको क्रममा तोकिएका मतदान केन्द्र र मतदान स्थलहरूको मूल ढोका बन्द रहेको, कतिपयमा सुरक्षाकर्मीहरू रहेको र जिल्ला निर्वाचन अधिकृतहरू अनुपस्थित रहेको पाइयो ।

**इन्सेक, सप्तरी प्रतिनिधि मनोहर पोखरेल**काअनुसार वैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचन प्रचारप्रसार तथा चुनावी कार्यक्रममा शिक्षक सङ्घ-सङ्गठन, युनियनमा आवद्ध शिक्षक र कर्मचारीहरूको निर्वाचन आचारसंहिता विपरीत जुलुस, बैठक, भेला लगायतको चुनावी कार्यक्रममा सहभागी हुन थालेका छन् । कांग्रेसको राजविराजस्थित पार्टी कार्यालयमा वैशाख २५ गते शिक्षकहरूसँग चुनावी रणनीतिका विषयमा चुनाव परिचालन समिति, नेता, उम्मेदवारहरूले अन्तरक्रिया गरी पार्टीको पक्षमा चुनावमा खटिने योजना बनाएका छन् ।

नेकपा (एकीकृत समाजवादी) पार्टीले वैशाख २५ गते जीप, कार, मोटरसाइकलसहित राजविराजमा निकालेको ऱ्यालीमा शिक्षकहरू सहभागी भएका छन् । यसैगरी वैशाख २६ गते कांग्रेसले राजविराजमा गरेको घरदैलो कार्यक्रममा गजेन्द्रनारायण सिंह अस्पतालका कर्मचारीहरू झण्डा बोकेर सहभागी भएका थिए । निर्वाचन आचारसंहिता विपरीत राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका कर्मचारीले निरन्तर मत मागिरहेका छन् । विभिन्न चुनावी कार्यक्रममा सहभागी शिक्षक, कर्मचारीहरूले सामाजिक सञ्जालमा समेत चुनावमा सहभागी भएको फोटो र भिडियो राखेका छन् ।

निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट आचारसंहिता उल्लङ्घन नगर्न दलहरूलाई बारम्बार भनिएको र दलहरूले सर्वदलीय बैठकमा प्रतिबद्धता गरेको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताउनु भयो ।

**इन्सेक, सिरहा प्रतिनिधि दुर्गा परियार**का अनुसार मिर्चैया नगरपालिकामा कांग्रेस र माओवादीका कार्यकर्ताहरू बीच इलाका प्रहरी कार्यालय मिर्चैयाको अगाडि वैशाख २६ गते समान्य झडप भयो । झडपमा नेकपा माओवादीबाट मेयर पदका उम्मेदवार श्रवण यादव चढेको बागमती प्रदेश ०१-०२६ च १८५१ नम्बरको कारको अगाडि र झ्यालको सिसा फुटेको इलाका प्रहरी कार्यालय, मिर्चैयाका डिएसपी हरिबहादुर वलीले बताउनु भयो । वडा नम्बर २ मा दुवै दलले आर्थिक चलखेल गरेको विषयमा भएको विवाद मिलाउन दुवै पक्षलाई प्रहरी कार्यालयमा बोलाएका थियौँ, छलफलमा आएका मेयरका उम्मेदवारको कारमा ढङ्गा प्रहार गरी सिसा फुटाएको विषयमा विवाद भए पनि कोही घाइते नभएको र गाडी मर्मत गर्ने र विवाद नगर्ने सर्तमा दुवै पक्ष मिलेर गएको डिएसपी वलीले बताउनु भयो ।

**काठमाडौँ**, निर्वाचन आयोगले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेपाली कांग्रेसकी नेतृ आरजु राणा देउवालाई २०७८ वैशाख २७ गते स्पष्टीकरण सोधेको छ । प्रचण्डलाई चितवनमा आयोजित आमसभामा गठबन्धनकी उम्मेदवार रेणु दाहाललाई भोट नहाले देश दुर्घटना जानेछ भन्ने

अभिव्यक्ति र कांग्रेस नेतृ देउवाले कैलालीको एक कार्यक्रममा गठबन्धनका उम्मेदवारलाई जिताए चार पाँच जनालाई निःशुल्क भिसा र टिकटको व्यवस्था गरी मलेसिया पठाउने भनी भाषण गरेको भन्दै आयोगले स्पष्टीकरण सोधेको हो । आयोगले उनीहरूसँग २४ घण्टाभित्र जवाफ माग गरेको छ ।

**इन्सेक,गोरखा प्रतिनिधि हरिराम उप्रेती**का अनुसार आरुघाट गाउँपालिका-१ मान्वुमा वैशाख २६ गते राति कांग्रेस कार्यकर्ताको आक्रमणमा परी एमालेका कार्यकर्ता विक्रम लामा र गोपाल लामा घाइते भएका छन् । चुनावी प्रचार सकेर बसेका कार्यकर्तामाथि आक्रमण भएको नेकपा एमाले आरुघाट गाउँपालिकाका अध्यक्षका उमेदवार कृष्ण नेपालीको आरोप छ । घाइते दुवै जनाको आँखामा चोट लागेको छ । घाइतेको उपचार आरुघाट प्राथमिक स्वास्थ्य केन्द्रमा भएको छ ।

**इन्सेक, दाङ प्रतिनिधि जयनारायण पुन**काअनुसार नेकपा एमालेको तर्फबाट तुलसीपुर उप-महानगरपालिका-१७ को अध्यक्ष पदका उम्मेदवार ५३ वर्षीय लबरु चौधरीको मृत्यु भएको छ । मिर्गौला र कलेजोसम्बन्धी समस्या रहेका चौधरीको वैशाख २६ गते उपचारको क्रममा काठमाडौंमा मृत्यु भयो ।  यसअघि वडा सदस्य निर्वाचित चौधरी वडाध्यक्षको उम्मेदवार हुनुहुन्थ्यो । प्रचार प्रसारका क्रममा समस्या बढेपछि उपचारका लागि चौधरीलाई काठमाडौँ लगिएको थियो । वडाध्यक्ष उम्मेदवारको निधन भएपछि निर्वाचन के गर्ने भन्ने विषयमा निर्वाचन आयोगमा पत्र लेखेको तर निर्णय नआएको दाङका प्रमुख निर्वाचन अधिकृत रितेन्द्र थापाले जानकारी दिनु भयो ।

**इन्सेक, रुपन्देही प्रतिनिधि रिमा बिसी**का अनुसार नेकपा एमालेबाट बुटवल उप-महानगरपालिका-१२ को वडा अध्यक्षका उम्मेदवार देवीप्रसाद रेग्मी चढेको गाडीमा गठबन्धनका कर्यकर्ताहरूले वैशाख २६ गते साँझ ढुङ्गा प्रहार गरेको नेकपा एमालेले आरोप लगाएको छ । बा २० च ६७८५ नम्बरको हाइलक्स गाडीमा चुनाव प्रचार-प्रसारमा चार जना सवार रहेको अवस्थामा ढुङ्गा प्रहार गरिएको  रेग्मीले बताए । ढुङ्गा प्रहारबाट मानवीय क्षति नभए पनि गाडीको अगाडिको सिसा फुटेको छ ।

**इन्सेक, कपिलवस्तु प्रतिनिधि पार्वती आचार्य**का अनुसार निर्वाचन आचारसंहिता विपरित नेपाली कांग्रेसद्वारा चुनाव प्रचार प्रसारको लागि बाणगङ्गा नगरपालिका-१ को उप्टहवामा चार पाङ्ग्रे, अटोरिक्सा र मोटरसाइकलसहित निकालिएको ऱ्यालीमा झण्डा र ब्यानरसहित प्रचारप्रसार  गरिएको छ । साथै ऱ्यालीमा बालबालिकाहरूको समेत प्रयोग भएको पाइएको छ । महाराजगञ्ज नगरपालिकामा नेपाली कांग्रेसबाट उपमेयर पदकी उम्मेदवार ५५ वर्षीया शुभावती कुर्मीको वैशाख २६ गते मृत्यु भएपछि महाराजगञ्ज नगरपालिकामा वैशाख २७ गते निर्वाचनका सबै कार्यक्रम स्थगित गरिएको छ । यसअघि बुद्धभूमि नगरपालिका-८ का वडाध्यक्षका उम्मेदवार ओमप्रकाश तिवारीको वैशाख १६ गते, कपिलवस्तु नगरपालिका-१० का वडा सदस्यका उम्मेदवार ३७ वर्षीय राजेन्द्र थारु चौधरीको वैशाख २४ गते उपचारको क्रममा मृत्यु भएको थियो ।

**इन्सेक, रुकुम (पश्चिम) जिल्ला प्रतिनिधि मनिषा केसी**काअनुसार मा वैशाख २६ गते राति बाँफिकोट गाउँपालिका-३ दहमा वैशाख २६ गते राति नेकपा माओवादी केन्द्रका कार्यकर्ताको आक्रमणमा नेपाली कांग्रेसका वडा सभापति सूर्यप्रकाश मल्ल, वडा सदस्य मित्रलाल ओली, राजेश केसी र हुपजङ्ग बोहरा घाइते भएका छन् । नेकपा माओवादी केन्द्रका कार्यकर्ताले नेपाली कांग्रेसको चुनाव प्रचारमा प्रयोग गरिएका दुई ओटा मोटरसाइकलमा आगजनी गरेको कांग्रेसको आराप छ । जिल्लामा दिनहुँजसो नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका कार्यकर्ताबिच झडप भएपछि कांग्रेस र माओवादी केन्द्रका जिल्ला नेताले वैशाख २६ गते बिहान सयुंक्त अपिल जारी गरी झडप नगर्न आग्रह गरेका थिए ।

यसअघि, वैशाख २५ गते एमाले पार्टीको गीत बजाएर आफ्ना आफन्तसँग घरमै बसिरहेको अवस्थामा नेकपा एमालेका केन्द्रीय सदस्य चन्द्रबहादुर बिकलाई माओवादीका कार्यकर्ताले आक्रमण गरी घाइते बनाएका थिए । घाइते चन्द्रबहादुरको उपचार मिसन अस्पताल चौरजहारीमा भइरहेको नेकपा एमालेका नेता डण्डी कार्कीले जानकारी दिनु भयो । केही दिनअघि प्रहरी चौकी आक्रमण गरेको आरोपमा प्रहरीले नेकपा माओवादी केन्द्र त्रिवेणी गाउँपालिकाका अध्यक्ष गणेशबहादुर खड्कालाई वैशाख २७ गते गिरफ्तार गरेको छ ।

**इन्सेक, दैलेख प्रतिनिधि अमर सुनार**का अनुसार नौमूले गाउँपालिका-३ स्थित निर्माणाधिन वडा कार्यालयमा मतदान केन्द्र तोकिएको छ । ७ सय ८२ मतदाता भएको यो मतदानस्थल नजिक अरु कुनै भौतिक संरचना नभएको मतदान अधिकृत सन्दीप बिकले जानकारी दिनु भयो ।

**इन्सेक, हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंह**काअनुसार निर्वाचन आयोगले हेलिकप्टरको व्यवस्था नगर्दा हुम्ला जिल्लाको नाम्खा गाउँपालिका-६ मा रहेका तीन ओटा मतदान केन्द्रमा निर्वाचन सम्पन्न गर्नका लागि हिँडेका मतदान अधिकृतसहितको टोलीलाई ४ हजार ८ सय फिट अग्लो रहेको नारा लेकमा पैदल यात्रामा समस्या भएपछि सशस्त्र प्रहरी बलले उद्धार गरेको थियो । वैशाख २६ गते राति नेकपा माओवादी केन्द्रका कार्यकर्ताद्वारा नेकपा एमालेका कार्यकर्तामाथि ढुङ्गा प्रहार गरेको नेकपा एमालेका कार्यकर्ताले आरोप लगाएका छन् । नेकपा एमालेका केन्द्रीय सदस्य एवम् हुम्ला जिल्ला सह इन्चार्ज दल रावल, एमालेको तर्फबाट

ताँजाकोट गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार अजमल बुढा र पूर्णप्रसाद ढकाल लगायतका व्यक्तिहरूलाई ढुङ्गा प्रहार भएको एमालेले आरोप लगाएको हो । सामान्य घाइते हुनेमा ताँजाकोट गाउँपालिका-२ मैलाका ४२ वर्षीय पूर्णप्रसाद ढकाल, सोही ठाउँका गाउँपालिका अध्यक्ष पदका उम्मेदवार ४४ वर्षीय अजमल बुढा रहेका छन् ।

**इन्सेक, दार्चुला प्रतिनिधि नरेन्द्रसिंह कार्की**का अनुसार जिल्लाका १ सय ३९ मतदान अधिकृत र १ सय ३९ जना सहायक मतदान अधिकृत सहित १ हजार ८१ जना कर्मचारी खटिएको जिल्ला निर्वाचन कार्यालय दार्चुलाले जनाएको छ । जिल्लाका नौ स्थानीय तहमा १ सय १० मतदान स्थल र १ सय ३९ मतदान केन्द्र तोकिएको छ । जिल्लामा ४३ हजार १ सय ७४ महिला र ४५ हजार १ सय ११ पुरुष गरी ८८ हजार २ सय ८५ जना मतदाता रहेका छन् । सुरक्षा निकायले मतदानस्थलको सुरक्षाका लागि तीन तहको सुरक्षा रणनीति अपनाई २ हजारको सङ्ख्यामा सुरक्षाकर्मीहरू परिचालन गरेको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताउनु भयो । सुरक्षाका दृष्टिले जोखिमको मूल्याङ्कन गरी ११ ओटा मतदान केन्द्र अतिसंवेदनशील सूचीमा राखिएको प्रमुख जिल्ला अधिकारी उपाध्यायले बताउनु भयो ।

व्यास गाउँपालिका-१ को मोती महिला सङ्घ आधारभूत तिङ्करमा खटिएका निर्वाचनका कर्मचारी वैशाख २६ गते  नेपाली सेनाको हेलिकप्टरमार्फत छाङ्गरु र तिङ्कर गएका छन् । तिङ्कर चीनसँग सीमा जोडिएको गाउँ हो भने छाङ्गरु भारतसँग सीमा जोडिएको गाउँ हो । यी दुवै गाउँ जान नेपालतिर गोरेटोबाटो नहुँदा नेपाली सेनाको हेलिकप्टरमार्फत मतदान केन्द्रमा कर्मचारी परिचालन गरिएको हो ।

मार्मा गाउँपालिका-४ घर भएका निजामति कर्मचारी युनियनका जिल्ला कार्यसमिति सदस्य बसन्त खत्रीलाई वैशाख २६ गते मतदान केन्द्र जानेक्रममा नेकपा माओवादी केन्द्रका कार्यकर्ताले हातपात गरेको भन्दै नेपाल निजामती कर्मचारी यूनियनले आपत्ति जनाएको छ । स्वास्थ्यकर्मी रहेका खत्री स्थानीय तहको निर्वाचनमा मालिकार्जुन गाउँपालिका-४ स्थित हुनैनाथ मावि चन्दनपुर मतदान केन्द्रमा खटिएर जानु भएको थियो । पीडित खत्रीले पाँच जनाको नाममा उजुरी दिनु भएकाले घटनामा संलग्न पक्षको खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय, लटिनाथका इन्स्पेक्टर लोकेन्द्रबहादुर सिंहले बताउनु भयो ।

**इन्सेक, कैलाली प्रतिनिधि मैनामोती चौधरी**का अनुसार जिल्लाका १३ ओटै स्थानीय तहमा २ सय ३६ मतदान स्थल, ६ सय १९ मतदान केन्द्रमा ६ सय १९ मतदान अधिकृत, ६ सय सहायक मतदान अधिकृत, ६ सय १९ कार्यालय सहयोगी र १ हजार २ सय ३८ अन्य कर्मचारी गरी ३ हजार ९५ जना कर्मचारी निर्वाचन सामग्रीसहित कार्यतालिका अनुसार मतदान केन्द्रमा खटाइएको मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुले बताउनु भएको छ ।

**इन्सेक, डोटी प्रतिनिधि गणेश जोशी**का अनुसार निर्वाचनका लागि जिल्लाभर सबै मतदानस्थलमा वैशाख २७ गते सर्वदलीय बैठकहरू सम्पन्न गरिएको छ । सर्वदलीय बैठकबाट निर्वाचनमा दलहरूका प्रतिनिधि छनौट, स्वयम्सेवक छनौट, मौन अवधिमा गर्नुपर्ने आचरण, निर्वाचनलाई सुरक्षित र निस्पक्ष वातावरणमा सम्पन्न गर्ने सबै सरोकारवाला पक्षले प्रतिबद्धता जाहेर गरेको प्रमुख निर्वाचन अधिकृत काफ्लेले बताउनु भयो ।

**इन्सेक, अछाम प्रतिनिधि शिवराज ढुङ्गाना**का अनुसार मतपत्र, मतपेटिका, मतदानसम्बन्धी अन्य कागजातसहित जिल्लाका १० ओटै स्थानीय तहका ९१ वडामा रहेका मतदान केन्द्रमा पुगेको निर्वाचन कार्यालय, अछामका सूचना अधिकारी गजेन्द्रप्रकाश थारुले बताउनु भयो । नजिक र टाढा रहेका मतदान

केन्द्रको वर्गीकरण गरेर वैशाख २६ र २७ गते दुई चरणमा गरेर मतपत्र, मतपेटिकालगायतका सामग्री वितरण कार्य गरेको सूचना अधिकारी थारुले बताउनु भयो ।

**इन्सेक, कञ्चनपुर प्रतिनिधि लिली कावर**काअुनसार जिल्लाका नौ ओटै स्थानीय तहमा निर्वाचन सामग्रीसहित १ हजार ७ सय ५ जना कर्मचारी परिचालन गरिएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकृत भानबहादुर महराले जानकारी दिनु भयो । निर्वाचन कार्यतालिका अनुसार मतदान केन्द्रको भौतिक पूर्वाधार तयार पार्नेदेखि लिएर मतदाता परिचय-पत्र वितरण गर्नुपर्ने हुनाले कर्मचारी सहित मतदान सामग्री पनि सम्बन्धित तहमा पठाइएको महराले बताउनु भयो ।

**इन्सेक, डडेल्धुरा प्रतिनिधि भूपेन्द्र विष्ट**काअनुसार जिल्लाका सात ओटा स्थानीय तहमा आवश्यक सामग्रीसहित वैशाख २७ गते कर्मचारी परिचालन गरिएको छ । कुल ८४ हजार ८ सय ७१ मतदाता रहेको यस जिल्लामा ४१ हजार ९ सय ६ जना पुरुष र ४२ हजार ९ सय ६५ जना महिला मतदाता रहेका छन् । चुनाव लक्षित सुरक्षा व्यवस्था मजबुत बनाउन जिल्लाका विभिन्न मतदान केन्द्रलाई वर्गीकरण गरी जिल्लाका सबै क्षेत्रमा नेपाल प्रहरी, म्यादी प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले बताउनु भयो ।

अनुसूचीः ५

# मौन अवधिको पहिलो दिन

## आचारसंहिता उल्लङ्घन र झडपका घटना अभिलेखित

२०७९ वैशाख २८ गते

*मौन अवधिको आज पहिलो दिन हो । निर्वाचन आयोगले निर्वाचनको तयारी पूरा भएको जनाएको छ भने आचार संहिता उल्लङ्घनका घटना भए त्यसको अनुगमन गरी तत्काल कारबाही गर्न सुक्ष्म निगरानी टोली परिचालन गरिएको जनाएको छ । निर्वाचन आयोगले आज र भोलि मतदाता परिचत्र पत्र वितरण गर्ने कार्यक्रम तय गरेकोमा आज देशैभरका मतदान स्थलबाट मतदाता परिचय पत्र वितरण शुरु गरेको छ । पहिलो पटक मतदाता नामावलीमा नाम दर्ता भएका नयाँ मतदाताले परिचय पत्र पाउनेछन् । त्यस्तै, परिचपत्र हराएपछि जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिएका मतदाताले पनि मतदान स्थलबाट परिचयपत्र पाउने आयोगले जनाएको छ । निर्वाचन आयोगले मतदाता परिचयपत्र नभएका मतदाताले नागरिकता देखाएर पनि मतदान गर्न पाउने व्यवस्था गरिएको जनाएको छ । देशभर ७ सय ५३ स्थानीय तहमा १० हजार ७५६ मतदान स्थल तोकिएका छन् । सबै मतदान स्थलमा आयोगको टोली पुगिसकेको छ । देशभर एकै चरणमा वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदै छ । त्यसका लागि गएरातिदेखि मौन अवधि शुरु भएको छ । यस पटक ७ सय ५३ स्थानीय तहका ३५ हजार २ सय २१ पदका लागि १ लाख ४५ हजार ११ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेका छन् ।*

*राजधानीसहित शहरी क्षेत्रबाट मतदानका लागि आफ्नो थातथलो फर्कनेहरूको लाम बसपार्कमा देख्न सकिन्थ्यो । राजनीतिक दलले आफ्ना मतदाता ओसार्न सवारी साधन भाडामा लिएको पाइयो । मौन अवधिको पहिलो दिन आज देशका विभिन्न भागमा निर्वाचन आचारसंहिता उल्लङ्घन तथा हिंसाका केही घटना अभिलेख भएका छन् । मौन अवधिमा हुने चलखेलले निर्वाचनलाई निष्पक्ष तथा धाँधलीरहित बनाउन पक्कै पनि मद्दत पुऱ्याउँदैन । विगतका निर्वाचनमा भन्दा आचारसंहिता विपरीतका सामान्य घटना बाहेक खर्चिलो र भड्किलो निर्वाचन प्रचारप्रसारका गतिविधि भएको सार्वजनिक नभए पनि स्थानीय तहमा निर्वाचन आचारसंहिता विपरीत झण्डा, तुल, ब्यानर राखेको पाइएको छ । इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतमले काठमाडौँका विभिन्न मतदानस्थलमा पुगेर निर्वाचन प्रकृयाको अनुगमन गर्नुभएको छ ।*

**इन्सेक, उदयपुर प्रतिनिधि सुजाता ढुङ्गाना**का अनुसार मौन अवधिमा चुनावी प्रचारप्रसार र मतदातालाई आफ्नो पक्षमा पार्ने गरी भोट माग्न बर्जित भए पनि नेपाली कांग्रेसका नेता तथा परराष्ट्र मन्त्री नारायण खड्का र प्रदेशका भौतिक विकास तथा पूर्वाधार मन्त्री हिमाल कार्कीले निर्वाचन आचारसंहिता विपरीत त्रियुगा नगरपालिका-६ मा कार्यकर्ता भेटघाट कार्यक्रम वैशाख २८ गते गर्नु भएको छ । मन्त्री कार्कीले त्रियुगा नगरपालिका-६ जलजलेको मुसहर बस्तीमा पुगेर भोट मागेको पाइएको छ । त्रियुगा नगरपालिका-१० स्थित डीएम गेटमा कुखुरा र रौतामाइ गाउँपालिका-७ मुर्कुचीमा कपडा बाँड्न लागेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको छ । मौन अवधिमा आचारसंहिता विपरीत नेपाली कांग्रेसले कुखुरा र कपडा बाँडेको सूचनाका आधारमा प्रहरीले नियन्त्रणमा लिएको मुख्य निर्वाचन अधिकृत दीपक खनालले बताउनु भएको छ ।

**इन्सेक, मोरङ प्रतिनिधि विनोद सुवेदी**काअनुसार विराटनगरबाट प्रकाशित हाम्रो मत दैनिक र सुनसरीको धरानबाट प्रकाशित हुने ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिकले निर्वाचन आचारसंहिता २०७८ को दफा २२ प्रतिकूल हुने गरी पार्टी वा उम्मेदवारका पक्षमा समाचार प्रकाशन गरेका छन् । दफा २२ मा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण विपरित समाचार प्रकाशन गरेको इन्सेकले गरेको अनुगमनका क्रममा पाइएको छ ।

**इन्सेक, तेह्रथुम प्रतिनिधि सुरेश खत्री**का अनुसार मौन अवधि सुरू भएपछि छथर गाउँपालिका-२ हमरजुङमा वैशाख २८ गते एमाले कार्यकर्ता र पाँचदलीय गठबन्धनका कार्यकर्ताबिच झडप भएको छ । झडपमा परी तीन

जना घाइते भएको प्रहरीले जनाएको छ । घाइते हुनेमा नेपाली कांग्रेस निकट सङ्गठन नेपाल  तरूण दलका जिल्ला उपाध्यक्ष विकास श्रेष्ठसहित मनिष बस्नेत र सेमिहाङ लिम्बू भएको प्रहरीले जनाएको छ । एमाले कार्यकर्ताले एक्कासि आक्रमण गरेको नेपाल तरुण दलका जिल्ला अध्यक्ष बिपिन लिम्बूले इन्सेक प्रतिनिधिसँगको फोन सम्पर्कमा बताउनु भयो । नेपाल तरूण दलका जिल्ला अध्यक्ष बिपिन लिम्बूले वैशाख २८ गते विज्ञप्ति जारी गरी दोषीलाई कारबाही गर्न माग गरेका छन् ।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले मानबहादुर खड्का, कृष्णबहादुर कार्की र मेदुना रानामगरलाई गिरफ्तार गरेको छ । गिरफ्तारीमा परेकामध्ये मनबहादुर खड्का नेकपा (एमाले) हमरजुङका अध्यक्ष रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर फिन्जो शेर्पाले बताउनु भयो । घाइतेको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञाान प्रतिष्ठान धरान घोपामा भइरहेको छ ।

**इन्सेक, धनुषा प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**काअनुसार इन्सेक मधेश प्रदेश संयोजक राजु पासवान र राष्ट्रिय महिला आयोगकी सदस्य जया घिमिरेले आज प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसँग भेटघाट गरी जिल्लाको निर्वाचन तयारी र व्यवस्थापन सम्बन्धमा जानकारी लिएका छन् । प्रमुख जिल्ला अधिकारी पौडेलले जिल्लामा ३ सय २३ मतदान स्थल र ५ सय ९६ मतदान केन्द्र रहेको र छोटो अवधिमा पनि तयारी तथा व्यवस्थापनको कार्य भइरहेको बताउनु भयो । यस स्थानीय तह निर्वाचनमा बालबालिकाहरु स्वस्तर्फुत रूपले लागेको उहाँको भनाइ थियो । गर्भवती, अशक्त नागरिकलाई मतदान गर्न लाइनमा नबस्ने गरी छुट्टै व्यवस्था मिलाइएको उहाँले बताउनु भयो ।

गठबन्धनका कारण महिला उम्मेद्वारको सङ्ख्या घटेको र एक जना दलित प्रतिनिधि निर्विरोध निर्वाचित भएको उहाँले बताउनु भयो । यसैबिच इन्सेक मधेस प्रदेश संयोजक राजु पासवान, नियोकका जिल्ला संयोजक राजकुमार महासेठ, जियोकका जिल्ला संयोजक रेखा झा र ओरेक धनुषा संयोजक रोजलिन कुमारी सिंहको संयुक्त टोलीले आज धनुषाको बटेश्वर गाउँपालिका, मिथिला नगरपालिका र जनकपुर उपमहानगरपालिकाका तीन ओटा मतादान स्थलको अनुगमन गरेको छ । टोलीले बटेश्वर गाउँपालिका-१ चित्रपुर स्थित लक्ष्मी मावि, मिथिला नपा-६ स्थित श्री महेन्द्र मावि ढल्केवर र जनकपुर उमनपा-१३ कभर्ड हल स्थित राजर्शी जनक मावि गरी तीन स्थानको मतदान केन्द्रको अनुगमन गरेको छ ।

**इन्सेक, सप्तरी प्रतिनिधि मनोहर कुमार पोखरेल**का अनुसार सप्तरी जिल्लामा चार ओटा मतदान केन्द्र रहेको विष्णुपुर गाउँपालिकास्थित गाविस भवन जमुनी मधेपुराबाट मतदानस्थल परिवर्तन गरिएको छ । सो मतदान स्थललाई १ सय मिटरको दुरीमा रहेको शारदा माध्यमिक विद्यालय, जमुनी मधेपुरामा सारिएको जिल्ला निर्वाचन अधिकारी रमेशप्रसाद जोशीले जानकारी दिनु भयो । पहिले तोकिएको मतदानस्थलमा स्थान अभावका कारण मतदान गर्न ज्यादै असहज हुने भएकाले निर्वाचन अधिकृतको कार्यालयमा आज बसेको सर्वदलीय बैठकले नयाँस्थल कायम गरेको निर्वाचन अधिकृत यादवप्रसाद न्यौपाने बताउनु भयो ।

**इन्सेक, महोत्तरी प्रतिनिधि अजयकुमार साह**काअनुसार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको तर्फबाट महोत्तरीको मठिहानी नगरपालिकाका मेयर पदका उम्मेदवार हरिप्रसाद मण्डललाई वैशाख २७ गते राती ८ बजे चुनाव प्रचारको क्रममा मठिहानीबाट बरदाहातर्फ जाँदै गर्दा एकीकृत समाजवादी पार्टीबाट मेयर पदका उम्मेदवार विजय चौधरीका छोरा दिपेशले बाटो छेकेर गालीगलौज तथा हातपात गरे । ८-१० जनाको समूहमा रहेको उनीहरूले गाडी किन ओभरटेक गरेको भन्दै निहुँ खोजेर आफूमाथि हातपात र दुर्व्यहार गरेको मेयर पदका उम्मेदवार मण्डलले बताउनु भयो ।  सोही समयमा मठिहानीमै सांसद चन्दा चौधरीको घरमा पनि आक्रमण प्रयास भएको छ । उहाँलाई प्रहरीले सुरक्षा दिएर जलेश्वरतिर पठाएका थियो । जिल्ला प्रहरी कार्यालय, महोत्तरीका एसपी कृष्ण पङ्गेनीकाअनुसार सुरक्षाका लागि उहाँलाई मठिहानीबाट प्रहरीको सुरक्षामा राती नै जलेश्वरतर्फ ल्याएको थियो । हातपात तथा हुलहुज्जत गर्ने समूहको पहिचान भइसकेको प्रहरीले जनाएको छ । उनीहरू फरार रहेकोले खोजी कार्य तीव्र पारिएको एसपी पङ्गेनीले बताउनु भयो ।

**इन्सेक, दोलखा प्रतिनिधि उद्धव पोखरेल**का अनुसार तामाकोशी गाउँपालिका-१ भीरकोटमा रहेको मतदान केन्द्रबाट वैशाख २८ गते दिउँसो सोही वडाका वडा अध्यक्ष महेश काफ्लेले १ सय २५ ओटा मतदाता परिचय पत्र बोकेर फरार भएको जिल्ला प्रहरी कार्यलयका प्रमुख डिएसपी गंगा पौडेलले जानकारी दिनुभयो । मतदाता परिचयपत्र बोकेर मतदान केन्द्रबाट तीव्र गतिमा दौडिएका काफ्लेले मतदान केन्द्र भन्दा केही पर तयारी अवस्थामा राखिएको स्कर्पियो प्रयोग गरेर भागेका थिए । प्रहरीले पछ्याउन थालेपछि काफ्लेले आफ्ना सहयोगीलाई मतदाता परिचयपत्र छोडेर भागेका र उनका सहयोगीले ती परिचयपत्र प्रहरीलाई बुझाएका छन् । वडा अध्यक्षबाटै

मतदाता परिचयपत्र असुरक्षित होला भन्ने प्रहरीले अनुमान समेत नगरेको प्रमुख पौडेलको भनाइ छ । काफ्ले स्थानीय निर्वाचन २०७४ मा नेपाली कांग्रेसको तर्फबाट उम्मेदवारी दिई निर्वाचित भएका थिए ।

इलाका प्रहरी कार्यालय, जिरीले ०७९ वैशाख २७ गते राति लिङ्घन बजारबाट १९ जना अपरिचित व्यक्तिलाई गिरफ्तार गरेको छ । पाँच ओटा सवारी साधनमा जिरी आएको सो समूह शङ्कास्पद लागेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय जिरीबाट खटिएका इन्स्पेक्टरको टोलीसहित सशस्त्र प्रहरी बल समेतको टोलीले उनीहरूलाई प्रहरी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सुशील केसीले जानकारी दिनु भयो ।

प्रहरी घटनास्थल पुग्दा उनीहरू भाग्न खोजेका थिए । स्थानीयले उनीहरू चढेर आएका गाडीमा तोडफोड गरेपछि अवस्था तनावग्रस्त हुनपुगेको र अवस्थालाई नियन्त्रणमा लिन प्रहरीले पाँच राउण्ड हवाई फायर गरेको थियो । स्थानीयले सोधखोज गर्दा परिचय अस्पष्ट दिएको र अपशब्द प्रयोग गरेका उनीहरू के उद्देश्यले जिरी प्रवेश गरेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर केसीले बताउनु भयो ।

कालिञ्चोक गाउँपालिका-४ मा ०७९ वैशाख २७ गते नेकपा एमाले र नेपाली कांग्रेसका कार्यकर्ताबिच झडप हुँदा एमालेका कार्यकर्ता राजेन्द्र कार्की र कांग्रेसका कार्यकर्ता क्षत्र कार्की घाइते भएका छन् । घाइतेमध्ये क्षत्र कार्कीको उपचारका लागि जिल्ला सदरमुकाम चरिकोटस्थित सामुदायिक अस्पतालमा उपचार भइरहेको छ । अर्का घाइते राजेन्द्र कार्कीको प्राथमिक स्वास्थ्य केन्द्र, सिंगटी अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय, सिंगटीका प्रहरी निरीक्षक सानु तामाङले जानकारी दिनुभयो ।

**इन्सेक, धादिङ प्रतिनिधि सीताराम अधिकारी**का अनुसार जिल्लामा वैशाख २७ गते भएका तीन ओटा घटनामा ६ जना नेकपा एमालेका कार्यकर्ता घाइते भएका छन् । त्रिपुरासुन्दरी गाउँपालिका-१ डाडाँगाउँमा एमालेको घरदैलो कार्यक्रममा ०७९ वैशाख २७ गते साँझ नेपाली कांग्रेसका कार्यकर्ताले आक्रमण गर्दा त्रिपुरासुन्दरी गाउँपालिका-१ सल्यानटारका २५ वर्षीय हरि श्रेष्ठ, २६ वर्षीय रामशरण श्रेष्ठ र ३५ वर्षीय लेकबहादुर बिक गम्भीर घाइते हुनुभएको छ । घाइतेहरूको स्वास्थ्य अवस्था गम्भीर भएकोले सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रमा प्राथमिक उपचारपछि थप उपचारका लागि काठमाडौँस्थित मनमोहन अस्पतालमा स्वयम्भुमा भर्ना गरिएको छ ।

यसैगरी त्रिपुरासुन्दरी गाउँपालिका -७ खहरेमा पनि सडकमा हिँडेका एमाले कार्यकर्ता शिशिर दनै र नेकपा एमाले कार्यकर्ता त्रिपुरा सुन्दरी गाउँपालिका-७ का रामबहादुर खड्का घाइते हुनुभएको छ । घाइतेको स्थानीय स्वास्थ्यचौकीमा उपचार हुन नसकी काठमाडौँस्थित ट्रमा सेन्टर लगिएको छ । घटना नियन्त्रणमा लिएर दलहरूबिच समन्वय र शान्ति कायम गर्ने सर्वदलीय सहमति भएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले बताउनुभयो । जिल्ला प्रहरी कार्यालयका डिएसपी राकेश सिंहले स्थानीय स्तरमा शान्ति कायम गर्ने बताउनु भयो ।

सिद्धलेक गाउँपालिका-५ बाघबचछला नजिकै नेकपा (माओवादी केन्द्र) का कार्यकर्ताले आक्रमण गर्दा नेकपा एमालेका कार्यकर्ता सिद्धलेक गाउँपालिका-५ निवासी २६ वर्षीय राकेश श्रेष्ठ गम्भीर घाइते हुनु भएको छ । माओवादी कार्यकर्ताले फलामको रड र ढुङ्गामुढाले आक्रमण गर्दा घाइते भएका श्रेष्ठको मलेखु स्थित शिक्षण अस्पतालमा उपचार भइरहेको छ । श्रेष्ठको टाउकोमा गम्भीर चोट लागेको छ । साथै घटनामा श्रेष्ठ सवार रहेको सहित तीन ओटा मोटरसाइकलमा क्षति पुगेको छ ।

**इन्सेक, तनहुँ प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार भिमाद नपा-२ मा वैशाख २७ गते राति नेकपा एमाले र नेपाली कांग्रेसका कार्यकर्ता बिच भएको झडपको विषयमा ती दुई पार्टीले एक अर्कालाई आरोप लगाएका छन् । भीमाद नपा-२ फुचुङ्गमा वैशाख २७ गते राति १०.३० बजे एमाले र कांग्रेस कार्यकर्ताबीच झडप भएको थियो । सो घटनाका सम्बन्धमा नेकपा एमाले र नेपाली कांग्रेस तनहुँले छुट्टाछुट्टै विज्ञप्ति निकालेर एक अर्कालाई आरोप लगाएका हुन् । नेकपा एमालेले भीमाद नपा-२ का नेपाली कांग्रेसका वडा अध्यक्षका उम्मेदवार भिमबहादुर थापा (मणी) को नेतृत्वमा २० जना कार्यकर्ता नाराबाजी गर्दै हतियार प्रदर्शनसहित जनतालाई आतङ्कित बनाउँदै हिँडेको आरोप लगाएको छ । नेपाली कांग्रेसले पनि विज्ञप्तिमार्फत उक्त घटनामा एमाले कार्यकर्ताहरूको संलग्नता भएको भन्दै कारबाहीको माग गरेको छ । नेपाली कांग्रेसको कार्यक्रममा सहभागी भई फर्कँदा नेकपा एमालेका कार्यकर्ताहरूले हतियार प्रयोग गरी नेपाली कांग्रेसका कार्यकर्ता विवश थापामाथि आक्रमण गरी घाइते बनाएको कांग्रेस, तनहुँले विज्ञप्तिमार्फत जनाएको छ । जिल्ला प्रहरी कार्यालयका डिएसपी युवराज खड्काले उक्त घटनाको बारेमा यथार्थ विवरण बुझ्ने क्रममै रहेको बताउनु भयो ।

**इन्सेक, गोरखा प्रतिनिधि हरिराम उप्रेती**का अनुसार गण्डकी गाउँपालिका-६ स्थित तोमनडाँडा मतदान केन्द्रबाट खुकुरीसहित ३५ वर्षीय मनोज गुरुङलाई प्रहरीले गिरफ्तार गरेको छ । गुरुङ कांग्रेस कार्यकर्ता रहेको प्रहरीले जनाएको छ । वैशाख २७ गते मतदान केन्द्रमा सर्वदलीय बैठक भइरहेको समयमा प्रहरीलाई शङ्का लागेपछि चेकजाँच गर्दा उनको साथबाट खुकुरी फेला परेको एसपी केदार खनालले बताउनु भयो ।

**इन्सेक, रुकुम** (**पूर्व**) **जिल्ला प्रतिनिधि मनिषा केसी**काअनुसार चुनाव प्रचारप्रसारको क्रममा रहेकी पुथा उत्तरगङ्गा गाउँपालिका-११ तकसेराकी ३९ वर्षीया डुथी भनिने जुङमाँया बुढालाई अपहरणपछि हत्या गरेको आरोपमा प्रहरीले पुथाउत्तरगङ्गा गाउँपालिका-११ का वडाध्यक्ष जयकुमार बुढा, उनका भाई माओवादी केन्द्रका जिल्ला सदस्य अर्जुन बुढा र माओवादी केन्द्रबाट पुथाउत्तरगङ्गा गाउँपालिका-११ का वडाध्यक्ष पदका उम्मेद्वार कुमारसिंह बुढालाई वैशाख २८ गते गिरफ्तार गरेको छ । चुनाव प्रचारप्रसार गर्दै घरदैलो

अभियान गरिरहेको अवस्थामा वैशाख १९ गते नेकपा माओवादी र नेकपा एमालेबिच झडप भएको थियो । उक्त विवाद मिलाउन गएकी बुढालाई अपहरण गरी हत्या गरेको भन्ने उजुरीका आधारमा गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रकाश डाँगीले बताउनु भयो । वैशाख १९ गतेदेखि सम्पर्क विहीन बुढालाई खोज्ने क्रममा तकसेरा वैशाख २६ गते गाउँदेखि चार किलोमिटरमाथिको जंगलमा शव फेला परेको थियो ।

**इन्सेक, कपिलवस्तु प्रतिनिधि पार्वती आचार्य**का अनुसार महाराजगञ्ज नगरपालिका उप-मेयरका उम्मेदवार ५५ वर्षीया शुभावती कुर्मीको मृत्यु भएपछि मृतककी बुहारी २८ वर्षीया रिता कुमारी कुर्मीलाई उम्मेदवार बनाउने निर्णय अनुसार वैशाख २८ गते मनोनयन दर्ता गरिएको छ । निर्वाचन अधिकृत तेजेन्द्रप्रसाद शर्मा सापकोटाका अनुसार सम्पूर्ण प्रक्रिया पूरा गरेर जेठ ३ गते निर्वाचन हुने मिति तोकिएको छ । वैशाख २८ गते मनोनयन दर्ता र उजुरीउपर जाँचबुझ गर्ने समय दिइएको छ भने वैशाख २९ गते अन्तिम नामावली प्रकाशन गरिनेछ । यसैगरी, निर्वाचन मौन अवधिमा मतदातालाई प्रलोभनमा पार्न कपिलवस्तु-३ मा मदिरा वितरण गर्न तीन जनालाई गिरफ्तार गरेको छ । लु १ ज २४१० नम्बरको गाडीबाट १२ कार्टुन (३६० बोतल ) मदिरा बरामद गरेको छ । उक्त मदिरा कोबाट बरामद गरिएको भन्ने कुरा प्रहरीले खुलाएको छैन ।

**इन्सेक, प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार सरुमारानी गाउँपालिकामा सत्तारुढ गठबन्धन र नेकपा एमालेका समर्थकबिच वैशाख २८ गते झडप भएको छ । झडपमा चार जना घाइते भएका छन् । घाइते हुनेमा शङ्कर विश्वकर्मा, टेकेन्द्र मर्स्याङ्गी, गुमानसिंह लम्तरी र रमेश राना छन् । घाइतेमध्ये रमेशलाई थप उपचारका लागि बुटवल लगिएको छ । तीन जनाको सरुमारानीमा उपचार भइरहेको छ । गाउँमा भोट माग्दै हिँडेका दुई समूहबिच मौन अवधिमा भोट मागेको विषयमा विवाद भएपछि झडप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सत्यनारायण थापाले बताउनु भयो । घटना स्थलमा इन्स्पेक्टरको कमाण्डमा टोली गएको र घटनाको विस्तृत विवरण आउन बाँकी रहेको प्रहरीले जानकारी दिएको छ ।

**इन्सेक, दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार लुम्बिनी प्रदेश सभा सदस्य तथा संसदीय कानुन समितिका सभापति दामा शर्माले निर्वाचन आचार संहिता उल्लङ्घन गरेको पाइएको छ । वैशाख २८ गते मौन अवधिमा लु १ झ ४४३ नम्बरको सरकारी गाडी चढेर दाङको घोराही उपमनपा-१२ ठटौलीमा गठबन्धनको उम्मेदवारलाई मत मागिरहेकै बेला स्थानीयले विरोध गरेपछि फर्किएको स्थानीयले बताएका छन् । मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश रितेन्द्र थापाले आचार संहिता उल्लङ्घन सम्बन्धि लिखित उजुरी नआएको बताउनु भयो ।

नेकपा एमालेको तर्फबाट राप्ती गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार राप्ती गाउँपालिका-१ का ४६ वर्षीय जगतप्रसाद पोखेललाई नेकपा माओवादी केन्द्र राप्ती गाँउपालिका इन्चार्ज तथा राप्ती गाउँपालिका-४ का ३० वर्षीय शरद गिरीले वैशाख २७ गते दुर्व्यवहार गरेको पीडितले आरोप लगाउनु भएको छ । गिरीले पोखेलको साथमा रहेको मतपत्र खोसेर लगेको र अभद्र व्यवहार गरेको पोखेलले इन्सेक प्रतिनिधिलाई बताउनु भयो । पीडित पक्षले अभद्र व्यवहार भएको तत्काल प्रहरीलाई जानकारी दिएपनि निर्वाचन अधिकृतको कार्यालयमा लिखित उजुरी परेको छैन ।

तुलसीपुर उपमनपा-१७ मा नेकपा एमालेका वडा अध्यक्ष पदका उम्मेदवारको मृत्यु भएपछि वैशाख २८ गते नयाँ उम्मेदवारी दर्ता गरिएको छ । निर्वाचन अधिकृतको कार्यालय तुलसीपुरमा वैशाख २८ गते नेकपा एमालेको तर्फबाट प्रदीप चौधरीले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाले जानकारी दिनुभयो । यसअघि तुलसीपुर उपमनपा-१७ को वडाध्यक्ष पदमा नेकपा एमालेले ५३ वर्षीय लबरु चौधरीलाई

उम्मेदवार दर्ता भएकोमा वैशाख २६ गते मृत्यु भएको थियो । उक्त वडामा जेठ ३ गते मात्रै मतदान हुने भएको छ । आयोगको नयाँ तालिका अनुसार उम्मेदवारी दर्ता, उम्मेदवारको सूची प्रकाशन, उम्मेदवारीमाथि दावी विरोध वैशाख २८ गते र उम्मेदवारमाथि जाँचबुझ र नामावली प्रकाशन वैशाख २९ गते गरिने र वडा नम्बर-१७ को मतदानपछिमात्रै तुलसीपुर उपमनपाको मतगणना गरिने मुख्य निर्वाचन अधिकृत थापाले जानकारी दिनुभयो ।

**इन्सेक, अर्घाखाँची प्रतिनिधि कुलबहादुर नेपाली**का अनुसार मालारानी गाउँपालिका-४ खनमा वैशाख २७ गते राति नेकपा एमालेका वडा कमिटीको आयोजनामा नेपाली कांग्रेसका कार्यकर्ता एमालेमा प्रवेश गराउने कार्यक्रमबाट फर्केका नेकपा एमालेका कार्यकर्ता तथा गाडी चालक २५ वर्षीय शुभास पोखेललाई मालारानी गाउँपालिका- ४ खनका नेपाली कांग्रेसका कार्यकर्ता ५४ वर्षीय रामसिंह खनाल र ४५ वर्षीय गोबिन्द खनालले हातपात गरेका छन् । दुवै पक्षका कार्यकर्ता जम्मा भएर विवाद भएको छ । घटना लगत्तै प्रहरीले अवस्था नियन्त्रणमा लिएको छ ।

दुवै पक्षको सहमतिमा वैशाख २८ गते घटनाबारे छलफल गरेर मिलाउने सहमतिमा टुङ्गिएको नेकपा एमालेका तर्फाबाट मालारानी गाउँपालिका-४ वडा सदस्यका उम्मेदवार खिमा खनालले बताउनु भयो । यसैगरी, सन्धिखर्क नगरपालिका-६ घुम्ती रिब्दी भन्ने गाउँमा घुम्ती बजारबाट फर्कँदै गरेका कर्मचारी युनियनका केन्द्रीय समितिका सचिव ४२ वर्षीय प्रकाश भट्टराई र नेपाली कांग्रेसका कार्यकर्ता ४० वर्षीय शीव टण्डनलाई सन्धिखर्क नपा- ६ जगतका नेकपा एमालेका कार्यकर्ता ४७ वर्षीय पृतम केसीको नेतृत्वको टोलीले वैशाख २७ गते रातिको समयमा पैसा बाँड्न हिडेको आरोपमा कुटपिट गरेको छ । प्रहरीले दुवै पक्षलाई घर पठाएको र वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा छलफल गरी मिल्ने सहमति भएको प्रकाश भट्टराईले बताउनु भयो ।

**रोल्पा प्रतिनिधि तिलक घर्ती मगरका अनुसार** नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरूले वैशाख २७ गते राति सुनछहरी गाउँपालिका-५ जैमकसलामा नेकपा एमालेबाट वडाध्यक्षका उम्मेदवार तिर्खबहादुर बुढाथोकीकी आमा ६७ वर्षीया सत्मा बुढाथोकीलाई कुटपिट गरेको प्रहरी चौकी पोवाङका सई सूर्य गुरुङले बताउनु भयो । घटनाका बारेमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, सुलिचौरमा वैशाख २८ गते उजुरी दिएको छ । घटना लगत्तै सुरक्षाकर्मीहरूलाई खबर गरेपनि प्रहरीले चासो नदेखाएको पीडितको गुनासो रहेको छ । घाइतेको उपचार वैशाख २८ गते प्राथमिक स्वास्थ्य केन्द्र, सुलिचौरमा भयो ।

इन्सेक, लुम्बिनी प्रदेश कार्यालयका अनुसार बाँकेको जानकी गाउँपालिका-६ का नेकपा एमालेका वडा अध्यक्ष पदका उम्मेदवार सुरेश यादव निकटका व्यक्तिले मौन अवधिमा पानी तान्ने मोटर वितरण गरेको सूचनाका आधारमा प्रहरी चौकी गनापुरले एक थान मोटर नियन्त्रणमा लिएको छ ।

**इन्सेक, डोल्पा जिल्ला प्रतिनिधि विष्णु देवकोटा**का अनुसार शे फोक्सुन्डो गाउँपालिका-१ कोमासमा दशरथ चन्द आधारभूत विद्यालयमा खटिएका म्यादी प्रहरी काइके गाउँपालिका-४ रिव निवासी २४ वर्षीय सुरिन बिकको लेक लागेर वैशाख २७ गते राति करिब आठ बजे मृत्यु भएको छ ।

**इन्सेक, सुर्खेत जिल्ला प्रतिनिधि पूर्णबहादुर खड्का** अनुसार सिम्ता गाउँपालिका-६ रिसिडाँडामा वैशाख २७ गते राति करिब ११ बजे नेकपा एमाले र काङ्ग्रेसका कार्यकर्ताबिच भएको झडपमा सोही ठाउँ निवासी एमाले कार्यकर्ता ३६ वर्षीय सुनिल बिक र २४ वर्षीय इन्द्रबहादुर सुनार घाइते भएका छन् । घाइते दुवैलाई उपचारका लागि नेपालगञ्ज लगिएको छ । झडपलाई नियन्त्रण गर्न पुगेको प्रहरीको टोलीले सोही ठाउँ

निवासी एमाले कार्यकर्ता ५० वर्षीय पूर्णबहादुर शाही र उनकी पत्नी होमकुमारी शाहीलाई कुटपिट गरेको सिम्ता गाउँपालिकाका अध्यक्ष कविन्द्र केसीले आरोप लगाउनु भयो ।

**इन्सेक, हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंह**काअनुसार अदानचुली गाउँपालिका-२ साउबाडामा पाँचदलीय गठबन्धन र नेकपा एमालेका कार्यकर्ताबीच वैशाख २७ गते झडप भएको छ । झडपमा नेकपा एमालेका सोही गाउँका २० वर्षीय झलक बुढा, अदानचुली गाउँपालिका-१ निवासी ५२ वर्षीय वीर थापा घाइते भएका छन् । झडपमा अदानचुली गाउँपालिका २ निवासी कांग्रेस कार्यकर्ता २४ वर्षीय जीवन बुढा घाइते भएका छन् । घाइते झलकको बिए स्वास्थ्य क्लिनिकमा उपचार भइरहेको छ भने अन्यको स्थानीय मेडिकलमा उपचार भएको स्थानीयबासी मोहन बुढाले जानकारी दिनु भयो ।

**इन्सेक, कैलाली प्रतिनिधि मैनामोती चौधरी**का अनुसार वैशाख २७ गते राति १२ बजे देखि मौन अवधि लागु भएपछि राजनीतिक दलका कार्यकर्ताहरु निर्वाचन आचारसंहिता विपरीत मतदाताको घरघर भोट माग्ने क्रम रोकिएको छैन भने सार्वजनिक स्थलमा टाँगिएका झण्डा व्यानर यथावत नै रहेको पाइएको छ ।

**इन्सेक, डोटी प्रतिनिधि गणेश जोशी**का अनुसार के आइसिंह गाउँपालिका-५ रानागाउँमा नेपाली कांग्रेसका कार्यकर्ता र एकीकृत समाजवादी पार्टीका कार्यकर्ताहरू बिच वैशाख २७ गते साँझ झडप हुँदा स्थानीय धर्म भुलका पाँच वर्षीय छोरा कालु भुलको हात भाँचिएको छ । नेपाली कांग्रेसका वडा सभापति गणेश शाही, स्थानीय नेता कर्ण शाही र भरत शाहीले स्याला टोलमा मत मागिरहेको अवस्थामा एकीकृत समाजवादी निकट कार्यकर्ता रोशन मल्ल, विरेन्द्र पार्की र जय भुलबिच विवाद हुँदा झडप भएको स्थानीय मष्टेश्वरी आधारभूत विद्यालयका प्रध्यानाध्यापक चेतबहादुर रावलले बताउनु भयो ।

झडपमा परी नेपाली कांग्रेसका कार्यकर्ता योगेन्द्र शाही, ललित शाही, कर्ण शाही र एकीकृत समाजवादीका कार्यकर्ता रोशन मल्ल र जय भुल सामान्य घाइते भएको जिल्ला प्रहरी कार्यालयका एसपी शारदाकुमार चौधरीले बताउनु भयो । नेपाली कांग्रेस र एकीकृत समाजवादीका कार्यकर्ताको झडपका क्रममा हात भाँचिएका पाँच वर्षीय बालकको सुजङ अस्पताल, दीपायलमा उपचारपश्चात घर ल्याइएको पीडितका बुवा धर्म भुले बताउनु भयो । निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न दुवै पक्षबिच सहमति भएको र उपरान्त निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिबद्धतासहित मिलापत्र भएको जिल्ला प्रहरी कार्यालयका एसपी चौधरीले बताउनु भयो ।

**इन्सेक, दार्चुला प्रतिनिधि नरेन्द्रसिंह कार्की**का अनुसार दुहु गाउँपालिका-५ मा नेकपा एमालेबाट वडा अध्यक्षका उम्मेदवार मानसिंह बडालमाथि गठबन्धनका कार्यकर्ताले वैशाख २७ गते कुटपिट गरेका छन् । निर्वाचन प्रचार प्रसार गरेर फर्किने क्रममा गठबन्धनका कार्यकर्ताहरुले कुटपिट गर्दा घाइते भएका बडालको टाउकोमा गहिरो चोट लागेका कारण उहाँको प्राथमिक स्वास्थ्य उपचार जिल्ला अस्पताल, दार्चुलामा गरिएको भएपनि थप उपचारका लागि धनगढी पठाइएको छ । वडाध्यक्ष पदका उम्मेदवार  बडालसँगै नेकपा एमालेका कार्यकर्ता मानसिंह बडाल, बिरेन्द्र महरा, लालसिंह महरालगायतका व्यक्तिहरुलाई गठबन्धनका कार्यकर्ताले आक्रमण गरी कुटपिट गरेका नेकपा एमालेका जिल्ला कमिटी उपसचिव खडक बडालले आरोप लगाउनु भयो ।  घटनामा संलग्न व्यक्तिहरुलाई गिरफ्तार गरी कानुनी दायरामा ल्यान माग गरिएको एमाले जिल्ला उपसचिव बडालले बताउनु भयो । घटनामा संलग्न व्यक्तिहरू फरार रहेकाले उहाँहरुको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रतिक विष्टले बताउनु भयो । जिल्लास्थित सबै मतदान केन्द्रमा

वैशाख २८ गते सर्वदलीय सर्वपक्षीय बैठक राख्दै मतदान केन्द्रको क्षेत्र निर्धारण गरिएको भएपनि सदरमुकाम खलंगाकै मतदान केन्द्र वरपरका १० मिटरभित्रका सार्वजनिक स्थानमा राखिएका निर्वाचन सामाग्री हटाइएको छैन । वैशाख २८ गते इन्सेकले गरेको अनुगमनका क्रममा नेकपा एमाले र नेपाली काङ्ग्रेसले टाँस गरेका पम्पलेट तथा प्रचार सामग्री मतदान केन्द्र वरपर रहेको पाइएको हो । सामाजिक सञ्जालमा दलहरूका सन्देश, प्रचार प्रसारका सामग्री पनि हटाइएका छैनन् । प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले मौन अवधि सुरु भइसकेकोले निर्वाचन सामग्री अधिकांश हटाइसकेको र छुटेको भए पनि तत्काल हटाउन लगाइने बताउनु भयो ।

**इन्सेक, कञ्चनपुर प्रतिनिधि लिली कुँवर**काअनुसार लालझाँडी गाउँपालिका-१ पानी टोलमा वैशाख २८ गते नेकपा एमालेका कार्यकर्तालाई नेकपा माओवादी केन्द्रका कार्यकर्ताले कुटपिट गरेका छन् । माओवादी केन्द्रबाट अध्यक्षका उम्मेदवार मदन सेन बडायर, प्रकाश मगर, दिपक तिमिल्सिनालगायतका कार्यकताको कुटपिटबाट एमालेका कार्यकर्ता प्रकाश राना, किशोर जोशी, नरेश राना र दिनेश राना घाइते भएका छन् । नेकपा माओवादी केन्द्रकी सांसद एवम् पूर्वमन्त्री विना मगरले मौन अवधिको बेवास्ता गरी चुनावी प्रचार प्रसारलाई निरन्तरता दिँदै वैशाख २८ गते लालझाडी गाउँपालिका-१ पानी टोलमा बा १७ च ७९४२ नम्बरको गाडीमा पार्टीको चनाव चिन्ह अङ्कित झण्डासहित चुनावी भेलाको आयोजना गरी माओवादीबाट अध्यक्षका अम्मेदवारका पक्षमा मतमागेपछि एमालेका कार्यकर्ताहरुले विरोध गरी फोटो खिच्ने प्रयास गरेपछि वडाध्यक्षका उम्मेदवारलगायत माओवादी कार्यकर्ताहरूले आक्रमण गरी कुटपिट गरेका एमाले केन्द्रीय सदस्य कृपाराम रानाले बताउनु भयो ।  माओवादी कार्यकर्ता र एमालेका कार्यकर्ताबीच झडप भएको जानकारी प्राप्त भएलगत्तै प्रहरी टोली घटनास्थलमा पुग्दा स्थिति समान्य रहेको र घटनामा परी टाउकोमा चोट लागेर घाइते भएका प्रकाश राना मात्रै सम्पर्कमा आएकाले उहाँको उपचारका लागि धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा पठाइएका जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर लोकेन्द्रसिंह ठगुन्नाले बताउनु भयो ।

# मतदानको अघिल्लो दिन
# घटेनन् आचारसंहिता उल्लङ्घन र झडपका घटना

२०७९ वैशाख २९ गते

नेपालमा सङ्घीय शासन प्रणाली लागु भएपछि स्थानीय तहको निर्वाचन दोस्रोपटक भोलि वैशाख ३० गते शुक्रबार हुँदैछ । बिहान ७ बजेदेखि साँझ पाँच बजेसम्म हुने निर्वाचनमा ७ सय ५३ स्थानीय तहका ३५ हजार २ सय २१ पदका लागि १ लाख ४५ हजार ११ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यो निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेका छन् । मौन अवधिको दोस्रो दिन देशका केही जिल्लामा झडपका घटना अभिलेखित भए । निर्वाचन आयोगले हिजो र आज पहिलो पटक मतदाता नामावलीमा नाम दर्ता भएका नयाँ मतदाताका लागि परिचय पत्र वितरण गरेको छ । परिचयपत्र नहुने मतदाताले नागकिता, पासपोर्ट तथा जग्गाधनी पुर्जा देखाएर मतदान गर्न पाउने व्यवस्था गरिएकाले पनि हुनसक्छ धेरै मतदाता परिचयपत्र लिन आएको पाइएन ।

इन्सेकका अध्यक्ष लगायतको टोलीले काठमाडौँ उपत्यका र प्रदेश कार्यालय र जिल्ला प्रतिनिधिले विभिन्न मतदान केन्द्र तथा स्थलको अनुगमन गरेको छ । निर्वाचनसम्बन्धी सामग्री मतदान केन्द्रमा पुगिसकेको, पानी पर्ने संभावनालाई मध्येनजर गर्दै त्रिपालको व्यवस्था गरिएको, असक्तहरूका लागि शीघ्र मतदान गर्ने व्यवस्था मिलाइएको अनुमनका क्रममा पाइएको अध्यक्ष डा. इन्दिरा श्रेष्ठले बताउनु भयो ।

इन्सेकले आज एक अपिल प्रकाशन गरी स्थानीय तहको निर्वाचनमा सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न आमजनसमुदायमा अनुरोध गरेको छ । मानव अधिकार, सामाजिक न्याय र विधिको शासनको प्रकृयाको सुदृढिकरण र सवलीकरणमा यो स्थानीय तहको निर्वाचनले महत्वपूर्ण योगदान पुर्‍याउने भन्दै निर्वाचनमार्फत आफूलाई मन परेको उम्मेदवार तथा राजनीतिक दललाई छान्न पाउने संविधान प्रदत्त सार्वभौम अधिकार प्रयोग गर्न मतदातालाई अपिल गर्दछौँ अपिलमा भनिएको छ ।

**इन्सेक, झापा प्रतिनिधि नरेश खाती**का अनुसार मौन अवधि सुरू भएपछि मतदान केन्द्र आसपास ३ सय मिटरभित्र राखिएका चुनाव प्रचारप्रसारमा सामग्री हटाउनु पर्ने भएपनि अर्जुनधारा नगरपालिका-५ स्थित फूलवारी मतदान केन्द्र छेउछाउमा राखिएका निर्वाचन सामग्री हटाइएको छैन । सो क्षेत्रमा नेकपा एमालले आचारसंहितामा तोकिए भन्दा बढी आकारका झण्डा राखेको छ ।

**इन्सेक, मोरङ प्रतिनिधि विनोद सुवेदी**का अनुसार रतुवामाई नगरपालिकाका निवर्तमान मेयर रविन राई मौन अवधिमा पाँचदलीय गठबन्धनमा नेपाली कांग्रेसबाट रतुवामाई नगरपालिकाको मेयर पदका उम्मेदवार नागेश्वरप्रसाद सिंह गन्गाईको पक्षमा वैशाख २८ गते राति भोट माग्नु भएको छ । तर, सो विषयमा कतै पनि उजुरी परेको छैन ।

**इन्सेक, पाँचथर प्रतिनिधि सहमान विश्वकर्मा**का मौन अवधिमा समयमा हिलिहाङ गाउँपालिका-६ मा पाँचदलीय गठबन्धनका कार्यकर्ता र नेकपा एमालेका कार्यकर्ताबिच वैशाख २८ गते राति झडप भएको प्रहरीले जनाएको छ । झडपमा हिलिहाङ गाउँपालिका-६ का नेकपा एमालेका २४ वर्षीय कार्यकर्ता अनिल योङहाङको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ । हिलिहाङ गाउँपालिका-६ मा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसबाट वडा-६ को वडाध्यक्ष पदमा उम्मेदवारी दिएका गणेश योङहाङको नेतृत्वमा झडप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी राकेश थापाले बताउनु भयो । टाउकामा चोट लागेका अनिल योङहाङको पाँचथर अस्पतालमा उपचारपछि घर लगिएको छ । गठबन्धनका कार्यकर्ताले नेकपा एमालेका जिल्ला सचिव तथा निवर्तमान जिल्ला समन्वय प्रमुख विष्णु सापकोटासहितको टोलीमाथि आक्रमण गरेपछि झडप भएको डिएसपी थापाको भनाइ छ । प्रहरीले घटनाका विषयमा अनुसन्धान थालेको जानकारी दिएको छ । झडपका क्रममा एउटा मोटरसाइकलमा समेत क्षति पुगेको छ ।

**इन्सेक, सुनसरी प्रतिनिधि जयकृष्ण यादव**का अनुसार जिल्ला प्रशासन कार्यलयले चार ओटा गाउँपालिकामा पूर्ण र तीन ओटा स्थानीय तहमा आंशिक निषेधाज्ञाको आदेश जारी गरेको छ । जिल्लाका सीमावर्ती क्षेत्रमा पर्ने स्थानीय तहको सुरक्षालाई ध्यान दिएर निषेधाज्ञाको आदेश जारी गरेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनु भएको छ । भारतसँग सीमा जोडिएका भोक्राह नरसिंह गाउँपालिका, कोसी गाउँपालिका, हरिनगर गाउँपालिका र देवानगञ्ज गाउँपालिकालाई वैशाख २९ गते राति ८ बजेदेखि मतदानको दिन बिहान ५ बजेसम्मको लागि पूर्ण निषेध घोषणा गरिएको छ । इटहरी उपमहानगरपालिकाको-३, दुहबी नगरपालिकाको वडा-१, ८ र ९ नम्बर र इनरूवा नगरपालिकाको ३, ९ र १० नम्बर वडामा निषेधाज्ञा जारी गरिएको प्रशासनको सूचनामा उल्लेख छ । निषेधाज्ञाको समयमा सुरक्षा निकायसँगको समन्वयमा मात्र घर बाहिर निस्किन पाइने प्रशासनद्वारा जारी सूचनामा उल्लेख छ ।

**इन्सेक, सिरहा प्रतिनिधि दुर्गा परियारका अनुसार** नेकपा माओवादीका कार्यकर्ता गोलबजार नपा-२ का ५५ वर्षीय प्रेम लामालाई गोलबजार नगरपालिकास्थित निर्वाचन अधिकृतको कार्यालयले वैशाख २८ गते १२ घण्टे स्पष्टिकरण सोधिएको निर्वाचन अधिकृत शिवप्रसाद आर्चायले बताउनु भयो । वैशाख २८ गते नेकपा एमालेले मौन अवधिमा रकम बाडी आचारसंहिता उल्लङ्घन गरेको आरोपमा कारवाहीको लागि उजुरी दिएपछि लामालाई स्पष्टिमरण सोधिएको हो । लामाको जबाफ आएपछि छानविन गरी दोषी ठहरे कारवाही प्रकृया अगाडि बढाउने अधिकृत आर्चायले बताउनु भयो । इलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर राजु केसीका अनुसार वैशाख २८ गते स्थानीयले रकम बाँड्दै गरेको व्यक्तिलाई नियन्त्रणमा लिएको जानकारी गराएपछि प्रहरी टोली घटनास्थल पुग्दा निजसँग ९ हजार रुपियाँ रकम बरामद भएको र निर्वाचन आचारसंहिता उल्लङ्घन भएकाले आरोपितलाई नियन्त्रनमा लिएर निर्वाचन अधिकृतको कार्यालयमा बुझाएको र कार्यालयले स्पष्टिकरण सोधी घर पठाएको बताउनु भयो ।

**इन्सेक, धनुषा प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**का अनुसार मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारी जनकपुरको सिताशरण होटलबाट मतदाता किन्दै गरेको आरोप लगाएका नेकपा एमाले जनकपुरधाधम नगर कमिटीका अध्यक्ष सुरेन्द्र भण्डारीलाई वैशाख २९ गते गिरफ्तार गरेको छ । अन्सारीले पैसा बाँडेको भन्दै एमाले नेता भण्डारीसहितका १५/२० जना नेता कार्यकर्ताले विरोध गर्दै होटलमा तोडफोड गरेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी प्रदिप क्षेत्रीले आयोगका अध्यक्ष अन्सारी र प्रहरीलाई नै दुर्व्यवहार गरेपछि एमाले नेता भण्डारीलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको बताउनु भयो ।

**इन्सेक, दोलखा प्रतिनिधि उद्धव पोखरेल**का अनुसार तामाकोशी गाँउपालिका-६ च्यामाका नेकपा एमाले कार्यकर्ता बिजुलीप्रसाद शर्मालाई कुटपिट गरेको आरोपमा प्रहरीले ०७९ वैशाख २८ गते नेपाली कांग्रेसका कार्यकर्ता ढालकाजी फुयाललाई गिरफ्तार गरेको छ । तामाकोशी गाउँपालिकास्थित भिरकोट मतदान केन्द्रबाट मतदाता परिचयपत्र लिएर फरार भएका सोही गाउँपालिका-१ का वडा अध्यक्ष महेश काफ्लेलाई प्रहरीले वैशाख २९ गते गिरफ्तार गरेको छ । तामाकोशी गाउँपालिका-१ भिरकोटस्थित वडा कार्यालय भवनमा रहेको मतदान केन्द्रबाट वैशाख २८ गते दिउँसो १ सय २५ जनाको मतदाता परिचयपत्र लिएर फरार भएका काफ्लेलाई भिरकोट आसपासमै लुकिछिपी बसेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गङ्गा पौडेलले जानकारी दिनु भयो । काफ्लेलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय ल्याइएको डिएसपी पौडेलले बताउनु भयो । काफ्लेमाथि निर्वाचन कसुरसम्बन्धी सजाय ऐन २०७३ अनुसार कारबाही चलाइने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**इन्सेक, सिन्धुपाल्चोक प्रतिनिधि नातिबावु धिताल**का अनुसार हेलम्बु गाउँपालिका-३ मा एमाले र नेपाली कांग्रेसबिच वैशाख २८ गते बेलुका झडप भएको छ । खुकुरी हानाहान हुँदा दुई जना घाइते भएका छन् । एमाले कार्यकर्ताको खुकुरी प्रहारबाट नेपाली कांग्रेसका कार्यकर्ता हेलम्बु गाउँपालिका-३ का मानदोर्जे तामाङ र कांग्रेस कार्यकर्ताको खुकुरी प्रहारबाट एमाले कार्यकर्ता ३६ वर्षीय फ्यान्जो तामाङ घाइते हुनुभएको हो । घाइते दुवै जनालाई उपचारका लागि मेलम्ची अस्पताल भर्ना गरिएको छ ।

त्यसैगरी चौतारा सागाचोकगढी नगरपालिका-१३ ठूलोसिरुवारीमा वैशाख २८ गते बेलुकी माओवादी कार्यकर्ताले एमाले कार्यकर्तालाई फलामको रड र डण्डीले आक्रमण गरेका छन् । आक्रमणबाट एमाले कार्यकर्ता शरद थापा र विकाश पुरी घाइते हुनुभएको छ । आक्रमणमा संलग्न भएको आरोपमा प्रहरीले माओवादी कार्यकर्ता गङ्गा श्रेष्ठ र कुलबहादुर श्रेष्ठलाई घटनास्थलबाट राति नै गिरफ्तार गरेको छ । घाइतेहरूलाई उपचारको लागि चौतारा अस्पताल भर्ना गरिएको छ । चौतारा सागाचोकगढी नगरपालिका-७ मा वैशाख २८ गते नेपाली कांग्रेस

कार्यकर्ताहरूले बागमती प्रदेश सांसद तथा पूर्व सामाजिक विकाश मन्त्री युवराज दुलाल र अन्य दुई माओवादी कार्यकर्ताको घरमा ढुङ्गामुढा गरी क्षति पुऱ्याएको माओवादीको आरोप छ ।

**इन्सेक, रामेछाप प्रतिनिधि नवराज घिमिरे**का अनुसार गोकुलगङ्गा गाउँपालिका-३ रस्नालुमा वैशाख २९ गते नेकपा एमाले र माओवादी केन्द्रका कार्यकर्ताबिच झडप भएको छ । झडपमा माओवादी केन्द्रका वडाध्यक्षका उम्मेदवार ४० वर्षीय यमबहादुर कार्की (भूपाल) घाइते हुनुभएको छ । कार्की सहितको माओवादी टोली र एमालेका ३५ वर्षीय रवीन सुनुवार नेतृत्वको टोलीबिच झडप भएको थियो । टाउकोमा चोट लागेका घाइतेलाई स्थानीय रस्नालु अस्पतमा प्राथमिक उपचारपछि ट्रमा सेन्टर काठमाडौँमा थप उपचारका लागि पठाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजकुमार थिङले जानकारी दिनु भयो ।

उमाकुण्ड गाउँपालिका-३ कुभुकास्थलीमा वैशाख २८ गते राति नेपाली कांग्रेस र राप्रपा कार्यकर्ताबिच भएको झडपमा कांग्रेसका वडाध्यक्ष उम्मेदवार ३५ वर्षीय रमेश सुनुवार घाइते हुनुभएको छ । मौन अवधिमा घरदैलो गर्दै हिँडेका दुवै समूहका कार्यकर्ताबिच जम्काभेट भएपछि झडप भएको थियो । झडपका क्रममा सुनुवारको टाउकोमा चोट लागेको छ । उहाँको बाम्ती अस्पतालमा उपचार भएको प्रहरीले जनाएको छ । घटनामा संलग्न भएको आरोपमा राप्रपाका वडाध्यक्षका उम्मेदवार ४१ वर्षीय पवित्रकुमार सुनुवार र स्थानीय ३३ वर्षीय प्रदीप श्रेष्ठलाई राति नै गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजुप्रसाद ढकालले जानकारी दिनु भयो ।

**इन्सेक, मकवानपुर प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार बकैया गाउँपालिकामा चुनावी माहोलको विषयमा नेपाली कांग्रेस र माओवादी केन्द्रका कार्यकर्ताबिच झडपमा बकैया गाउँपालिका-७ निवासी माओवादी केन्द्रका कत्लेखोला टोल कमिटी अध्यक्ष विष्णु राई र राप्रपा गाउँकमिटी उपाध्यक्ष हरि राई घाइते भए । घाइते विष्णु र हरिको हेटौँडास्थित चुरेहिल अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे जानकारी दिँदै जिल्ला प्रहरी कार्यालयका डिएसपी टेकबहादुर कार्कीले आफूहरूलाई दुवै पक्षको निवेदन आएको र घाइतेको उपचार पश्चात घटनाको विषयमा थप छानविन हुने जानकारी दिनु भयो । स्थानीय तह सदस्य निर्वाचन २०७९ को मौन अवधिमा मकवानपुरको बकैयामा मतदाता 'फकाउन' आचारसंहिता विपरित

बाँड्न लैजाँदै गरको खानेपानीको पाइप स्थानीयले रोकेका छन् । पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा निर्वाचन आचारसंहिता विपरित बाड्न लैजाँदै गरेको खानेपानीको पाइप स्थानीयले रोकेका हुन् ।

बा ११ च ७९११ नम्बरको पिकअप भ्यानमा लैजाँदै गरेको तीन क्वाइल खानेपानीको कालो पाइप नेपाली कांग्रेसले बाँड्न लागेको स्थानीयले आरोप लगाएका छन् । स्थानीय र सवारी चालकबीच विवाद भएपछि प्रहरी टोली घटनास्थलमा पुगेको थियो । भ्यान चालकले पाइप सडकमै झारेर फर्किएको जिल्ला प्रहरी कार्यलय मकवानपुरका डिएसपी टेकबहादुर कार्कीले जानकारी दिनुभयो । घटनास्थल नजिकै मतदान स्थल बुथ रहेको र बुथ छोड्न नमिल्ने भन्दै प्रहरीले खानेपानीको पाइप सोही स्थानीयमा छोडेको बताउनु भयो ।

मनहरी गाउँपालिका-३ का लागि वडा अध्यक्षका उम्मेदवार अनन्तकुमार अर्यालले वैशाख २८ गते बाँड्न लागेको जस्ता स्थानीयले नियन्त्रणमा लिएको छ । नेपाली कांग्रेसका वडा अध्यक्षका उम्मेदवार अर्यालले निर्वाचन आचारसंहिता विपरित मनहरी-३ लामिटारमा रहेको प्रतीक्षालय छाउनको लागि भनेर ल्याएको २७ पाता जस्ता स्थानीयले नियन्त्रण गरी प्रहरीलाई बुझाएको हो । अर्यालले निर्वाचन आचारसंहिताको उल्लङ्घन गर्नुको साथै मौन अवधिमा जनतालाई भोटको लागि फकाउन सार्वजनिक स्थलको लागि सहयोग गरेको जस्तो गरेर जनतालाई फकाउने कार्य भएको भन्दै जस्ता नियन्त्रणमा लिए प्रहरीलाई बुझाएको स्थानीय विष्णु अधिकारीले बताउनु भयो ।

**इन्सेक, बागलुङ प्रतिनिधि सिर्जना पन्त**का अनुसार नेपाली कांग्रेसका कार्यकर्ताले नेकपा एमालेका बडिगाड गाउँपालिका अध्यक्षको उम्मेदवार बनेका राजन पाइजामाथि आक्रमण गरेको पीडित पक्षको आरोप छ । वैशाख २८ गते राति नेपाली कांग्रेस बडिगाड गाउँ कार्यसमिति उपसभापति अर्जुनकुमार पाइजाको समूहले अध्यक्षका उम्मेदवार राजन पाइजा, बडिगाड गाउँपालिकाका अध्यक्ष मेहरसिंह पाइजा, गणेश पाइजा, निमेश आचार्य, किरण सुनार र चन्द्र पाइजालाई खुकुरी प्रहार गरी घाइते बनाएको नेकपा एमाले बडिगाड गाउँ कमिटी अध्यक्ष कमलराज आचार्यको आरोप छ ।

नेकपा एमाले बडिगाड गाउँपालिकाको कार्यालयमा सुतिरहेका अध्यक्षका उम्मेदवार पाइजा सहितको टोलीलाई अर्जुनकुमार पाइजासहित १५ जनाको हतियार सहितका समूहले कुटपिट र आक्रमण गरेको भन्दै नेकपा एमाले बडिगाड गाउँ कमिटीले प्रेस विज्ञप्ति जारी गरेको छ । अध्यक्षका उम्मेदवार पाइजाको हातमा चोट लागेको

छ भने चन्द्र पाइजाको हात भाँचिएको कमलराज आचार्यले बताउनु भयो । घाइतेहरूको बुर्तिवाङ अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले घटनामा संलग्न भएको आरोपमा स्थानीय सन्दीप थापा र स्वदेश बुढाथोकीलाई नियन्त्रणमा लिएको छ । घटनास्थलबाट लाठ्ठी, दुई थान हसिया र तीन ओटा मोटरसाइकर समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय बागलुङका डिएसपी इन्द्रबहादुर रानाले बताउनु भयो । प्रहरीले गिरफ्तारीमा परेका व्यक्तिको राजनीतिक आबद्धता नखुलेको जनाएको छ ।

**इन्सेक, गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेति**का अनुसार अजिरकोट गाउँपालिका-१ घ्याच्चोकमा वैशाख २८ गते राति कांग्रेस र माओवादी कार्यकर्ताबिच झडप भएको छ । झडपमा परी माओवादी कार्यकर्ताहरू अजिरोकट गाउँपालिका-१ घ्याच्चोकका ३४ वर्षीय बेलबहादुर गुरुङ र ३० वर्षीय विष्णु भुजेल घाइते भएका जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी लिलाराज लामिछानेले बताउनु भयो । वैशाख २८ गते दिउँसोको सर्वदलीय बैठकमा भएको विवादको विषयमा राति झडप भएको हो । घाइतेहरूको उपचार वैशाख २८ गते रातिदेखि जौबारी प्राथमिक स्वास्थ्य केन्द्र भइरहेको छ । घटनाको अनुसन्धान भइरहेको डिएसपी लामिछानेले बताउनु भयो ।

**इन्सेक, रुपन्देही प्रतिनिधि रिमा बिसी**का अनुसार बुटवल उप-महानपा-९ मिलनचोकस्थित आकाशे पुल नजिक सनराइज बैंकको अगाडि वैशाख २८ गते कुकर बम विस्फोट भएको छ । घटना स्थलमा निर्वाचन बहिस्कार गर्ने निर्णय गरेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रीय प्रचार प्रसार लेखेको पर्चाहरू भेट्टिएको इलाका प्रहरी कार्यालय बुटवलका डिएसी ठगबहादुर केसीले बताउनु भयो । पोष्टरमा वैशाख २९ र ३० गते नेपाल बन्द गरौं स्थानीय तहको निर्वाचन बहिष्कार गरौं भनी लेखिएको प्रहरीले जनाएको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको डिएसपी केसीले बताउनु भयो । बुटवल उप-महानगरपालिका- १३ का ५१ वर्षीय पत्रकार विनोद पहाडीमाथि वैशाख २८ गते सैना मैना नगरपालिका-९ मा रहेको भतिजा किरण पहाडीको घरमा गएको र घरमा कोही नभएपछि फर्किने क्रममा बेला मुर्गिया चोकमा नेकपा एमालेका कार्यकर्ताहरूले दुर्व्यवहार गरेको पहाडी बताएका बताए । पहाडीले घटनाका बारेमा प्रहरीलाई खबर गरेपछि जन चेतनामा मावि मतदान स्थलमा सुरक्षार्थ खटिएको प्रहरी टोलीले उद्धार गरेको थियो ।

**इन्सेक, दाङ प्रतिनिधि जयनारायण पुन**का अनुसार नेपाल कम्युनिष्ट पार्टी बहुमतका संयोजक तथा पञ्चपुरी नगरपालिका-९ सुर्खेतका ६० वर्षीय धर्मेन्द्र बास्तोला, पार्टीका सदस्यहरू रामारोशन गाउँपालिका-६ अछामका २७ वर्षी राजेन्द्र साउद र महाभारत गाउँपालिका-३ का ३० वर्षीय असल मुक्तानलाई इलाका प्रहरी कार्यालय भालुबाङ वैशाख २९ गते गिरफ्तार गरी ६ घण्टापछि रिहा गरेको छ । बागलुङबाट धनगढी जाँदै गरेको ना ५ ख ३३७८ नम्रको सार्वजनिक बसमा पोखराबाट नेपालगञ्जसम्मका लागि सवार तीनजनालाई भालुवाङबाट गिरफ्तार गरेको हो । वैशाख २८ गते वुटवलमा प्रेसर कुकर बम विष्फोट भएपछि एमसीसीको विरोध र चुनाव वहिष्कार गर्ने नीति अंगालेको आरोपमा नेकपा बहुमत पार्टीका नेताहरूलाई गिरफ्तार गरेकोमा निर्वाचन बहिष्कार गर्ने नीति नभएको भनेपछि रिहा गरिएको संयोजक वास्तोलाले इन्सेक प्रतिनिधिलाई बताउनु भयो । जिल्ला प्रहरी कार्यालय डिएसपी मुकुन्दप्रसाद रिजालले बुटवल घटनाको विषयमा सोधपुछकालागि नियन्त्रणमा लिएको बताउनु भयो ।

**इन्सेक कर्णाली प्रदेश कार्यालयका** अनुसार सुर्खेतको गुर्भाकोट नपा-११ का मा नेकपा एमालेबाट वडाध्यक्षका उम्मेदवार राजन विसीलाई मौन अवधिमा मतदातालाई पैसा बाँड्दै गरेको अवस्थामा वैशाख २८ गते राति प्रहरीले गिरफ्तार गरेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय, सुर्खेतका अनुसार बिसीले मतदातालाई सोही वडाको वर्मगाड गाउँमा पैसा बाँडेको सूचना आएपछि प्रहरीले राति नै छापा मारेको थियो । प्रहरीले खानतलासी गर्दा बिसी बसेको घरबाट १ लाख १ हजार रुपियाँ फेला परेको जिल्ला प्रहरी कार्यालय, सुर्खेतका डीएसपी रामप्रसाद घर्तीले जानकारी दिए ।

सुर्खेतको पञ्चपुरी नपा-७ धनबोटस्थित नेरा आवासीय मावि मतदान स्थलमा खटिएका नेपाल प्रहरीका वरिष्ठ सई नरेन्द्रप्रसाद भट्टले मदिरा सेवन गरी मतदान अधिकृत निरज झा, सहायक मतदान अधिकृत राजेन्द्र धमला, मतदान स्थलमा खटिएका नेपाल प्रहरी र म्यादी प्रहरीलाई वैशाख २८ गते राति कुटपिट गरेको स्थानीयवासी कमलबहादुर वयकले जानकारी दिनुभयो । मदिरा सेवनगरी मतदान अधिकृत झासहितलाई कुटपिट गरेको आरोपमा सई भट्टलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतका निमित्त प्रमुख एसएसपी राजेशनाथ बास्तोलाले बताउनु भयो ।

**रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका** अनुसार  चौरजहारी नपा-१० मा मौन अवधिमा वैशाख २८ गते राति नेपाली काङ्ग्रेस र माओवादीका कार्यकर्ताबिच झडप भएको छ । झडपमा घाइते हुनेमा नेपाली कांग्रेसका कार्यकर्ता डिल्ली केसी, लालबिर ओली, डायमण केसी, नेकपा माओवादी केन्द्रका कार्यकर्ता तुल्सीराम बुढा र जुद्धबहादुर घर्ती रहेको डिएसपी सोतीले जानकारी दिनुभयो । घाइतेहरूको टाउको, कान, हातखुट्टामा चोट लागेको र उनीहरूको चौरजहारी मिसन अस्पतालमा उपचार भइरहेको छ । जिल्लामा दिनहुँजसो झडप हुन थालेपछि रुकुम पश्चिममा प्रहरी प्रधान कार्यालयबाट एसपी डम्बरबहादुर बिकलाई खटाइएको छ । यस्तै स्थानीय तहको निर्वाचन अनुगमन गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव झक्कुप्रसाद आचार्य र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेशका उपसचिव केशवप्रसाद उपाध्यायको टोली रुकुम पश्चिम आइपुगेको छ ।

**मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** सोरु गाँउपालिका-३ मा वैशाख २८ गते राति ११ बजे कांग्रेसका कार्यकर्ताले सोही वडाको माओवादी पार्टीका उम्मेदवार मनकला रोकायाको घर घेराऊ गरेपछि दुई समूहबिच झडप हुने अवस्था आएपछि भीड नियन्त्रण लिन गरुमावि मतदान केन्द्रमा खटिएका प्रहरीले ११ राउण्ड हवाई फायर गरेका छन् । वैशाख २८ गते दिउँसोबाट दुई पक्षबिच भएको विवादले मतदान केन्द्रमा सर्वदलीय बैठक बस्न सकेको थिएन । राति ११ बजे दुईपक्षबिच भएको विवादले प्रहरीले हवाई फायर गरेपछि नियन्त्रणमा आएपछि वैशाख २९ गते सर्वपक्षीय बैठक भएको छ । थप सुरक्षाकालागि सोरु गाउँपालिका सोरुकोटबाट नेपाली सेना, जनपद र सशस्त्र प्रहरीको थप बल घटनास्थलमा पठाएको छ ।

**जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका** अनुसार हिमा गाउँपालिका-२ ओदी गाउँमा वैशाख २८ गते राति नेपाली कांग्रेसका गाउँपालिका अध्यक्षका उम्मेदवार लक्ष्मण शाही गाउँमा पस्न खोजेपछि नेकपा एकीकृत समाजवादी पार्टीका कार्यकर्ताले बाटोमै रोकेका थिए । उम्मेदवार शाही गाडी नै लिएर गाउँ पस्न खोजेपछि गाडीका सिसा फुटाउनुका साथै पाग्राको हावा फुस्काई दिएका छन् । यस्तै गुठीचौर गाउँपालिका-३ गज्याङ्कोट गाउँमा वैशाख २८ गते राति सामाजवादी र काँग्रेस कार्यकर्ता बीच झडप हुँदा समाजवादीका कार्यकर्ता जगदीश कठायत सामान्य घाइते भएको स्थानीय रामप्रकाश बिकले बताउनु भयो । चन्दननाथ नगरपालिका-७ मिचा गाउँमा वैशाख २८ गते राति एकीकृत समाजवादी र स्वतन्त्र उम्मेदवार राजुसिंह कठायतका कार्यकर्ता गाउँमा पस्न खोजेपछि नेपाली कांग्रेसका कार्यकर्ताले रोकेका थिए ।

**इन्सेक, बैतडी प्रतिनिधि नरी बडु**का अनुसार पुरचौडी नगरपालिका-५ कुवाकोटस्थित सल्लेली गाउँमा वैशाख २८ गते राति कांग्रेस र माओवादी कार्यकर्ताबिच झडप भएको छ । झडपमा माओवादीबाट वडा नम्बर ५ का वडासदस्यका उम्मेदवार नरेश बोहरा र कांग्रेसका गोपाल बोहरा घाइते भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रमेशबहादुर पालले बताउनु भयो । प्रहरीको गस्ती टोली राती ११ बजे फर्किएपछि झपड भएको र अहिले स्थिति सामान्य रहेको उहाँको भनाइ छ । झडपका क्रममा घाइते भएका दुवै जनाको डडेल्धुरा उपक्षेत्रीय अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि धनगढी रेफर गरिएको छ । कांग्रेस कार्यकर्ताहरूको समूहले माओवादीबाट वडा सदस्यका उम्मेदवारमाथि आक्रमण गरेको माओवादीबाट मेयर पदका उम्मेदवार विक्रम कुँवरको आरोप छ भने कांग्रेसका पुरचौडी नगर सभापति गणेश गडालले माओवादी समूहले आक्रमण गरेको आरोप लगाएको छ । मुख्य निर्वाचन अधिकृत तिलक कार्कीले विभिन्न ठाउँबाट सामान्य आचारसंहिता उल्लङ्घन भएको भनेर मौखिक जानकारी आएपनि अहिलेसम्म लिखित उजुरी भने नआएको बताउनु भयो ।

**इन्सेक, कैलाली प्रतिनिधि मैनामोती चौधरी**का अनुसार गोदावरी नगरपालिका-६ बडैयामा वैशाख २८ गते नेपाली कांग्रेसका र नेकपा एमाले कार्यकर्ताबिच झडप भएको छ । नेपाली कांग्रेसका कार्यकर्ताहरू वैशाख २८ गते राति गोदावरी नगरपालिका-६ मा नेकपा एमालेबाट वडाध्यक्षका उम्मेदवार जग्गु चौधरीको घर भित्र प्रवेश गरी खुकुरी प्रहार गर्दा एमालेका ६ जना कार्यकर्ता घाइते भएका आरोप छ । नेपाली कांग्रेसका कार्यकताहरू गोदावरी नगरपालिका-६ बडेयाका नेकपा एमालेबाट वडाध्यक्षको उम्मेदवार जग्गु चौधरीको घरभित्र प्रवेश गरेर खुकुरी प्रहार गर्दा एमालेका कार्यकर्ता बिन्तीराम चौधरीको बाया पाखुरामा गहिरो चोट लागेको नेकपा एमाले जिल्ला सदस्य कमल रानाले बताउनु भयो ।

निर्वाचनको विषयमा छलफल भइरहेको बेलामा १५/१६ जनाको समूहमा आएका नेपाली कांग्रेसका कार्यकर्ताहरूले वडाध्यक्षका उम्मेदवार जग्गु चौधरीलाई खुकुरी प्रहार गरिहेको अवस्थामा बचाउन खोज्दा आफू लगायत बिन्तराम चौधरी, रविन चौधरी, सन्तोष सिंह, लक्ष्मी चौधरी, बसन्ती चौधरी र दिपक कठायत घाइते भएको खुकुरी प्रहारबाट घाइते भएका बिन्तीराम चौधरीले बताउनु भयो । खुकुरी प्रहारबाट बिन्तीरमा चौधरीको

दायाँ पाखुरामा गहिरो घाउ लागेकोले अत्तरियास्थित पदमा अस्पतालमा उपचार भइरहेको र अन्य घाइतेहरूको उपचारपछि घर गएका वडाध्यक्षका उम्मेदवार जग्गु चौधरीले बताउनु भयो । घटनामा संलग्न नेपाली कांग्रेसका कार्यकर्ताहरू फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय, मालाखेतीका डिएसपी रबिन्द्र पाण्डेले बताउनु भयो । उहाँले पीडित पक्षबाट लिखित उजुरी नआएको भएपनि घटनाको अनुसन्धान भइरहेको बताउनु भयो ।

**इन्सेक, कञ्चनपुर प्रतिनिधि लिली कुँवर**का अनुसार स्थानीय तह निर्वाचनको मौन अवधिमा मतदाताहरूलाई पैसा बाँडेको आरोपमा प्रहरीले नेपाली कांग्रेसका कार्यकर्ता करन महरालाई वैशाख २८ गते राति गिरफ्तार गरेको छ । कृष्णपुर नगरपालिका-९ राजघाटमा मतदाताहरूलाई पैसा बाँडे सूचना प्राप्त भएपछि महरालाई २ लाख २२ हजार ६ सय ८० रुपियाँ सहित राजघाटबाट गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी चक्र शाहीले बताउनु भयो । मौन अवधिको दुरूपयोग गर्दै रातिको समयमा महराले मतदाताहरूलाई पैसा बाँडिरहेको पाइएपछि प्रहरीलाई जानकारी गराएको कृष्णपुर नगरपालिकामा एमालेबाट अध्यक्षका उम्मेदवार गणेशबहादुर ऐरले बताउनु भयो । नेपाली कांग्रेस कृष्णपुर नगरपालिकाका सभापति विष्णु खडकाले कांग्रेसले मतदाताहरूलाई पैसा नबाँडेको भएपनि पार्टी र कार्यकर्ताहरूलाई बदनाम गर्नका लागि विरोधीहरूले योजना बनाएको आरोप लगाउनु भयो ।

**अनुसूची: ७**

# स्थानीय तह निर्वाचन-२०७९ पर्यवेक्षण

## प्रारम्भिक प्रतिवेदन

२०७९ वैशाख ३० गते

आज वैशाख ३० गते देशका सबै जिल्लामा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । उम्मेदवारहरूको मृत्युका कारण दाङ जिल्ला र कपिलवस्तु जिल्ला वडामा आजको मतदान स्थगन भएका कारण ७ सय ५१ स्थानीय तहमा मतदान सम्पन्न भएको छ भने केही पदहरूमा निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त गरेका इन्सेकका २ सय ३४ जना पर्यवेक्षकले प्राप्त गरी ७५ जिल्लाका २ सय ५० भन्दा बढी मतदानस्थलको अनुगमन गरेका छन् । इन्सेकका पर्यवेक्षकहरूबाट प्राप्त भएको जानकारी अनुसार आजको निर्वाचनमा छिटपुट वादविवाद, केही झडप तथा आचारसंहिता उल्लङ्घनका घटना बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

यो निर्वाचनले स्थानीय सरकारको निरन्तरताको सुनिश्चितता गरेको छ । आवधिक निर्वाचनहरू स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित, भयरहित र शान्तिपूर्ण हुनुपर्छ भन्ने मान्यता संसारभर राखिन्छ । चुनाव निष्पक्ष र स्वतन्त्ररूपमा सम्पन्न गर्न सकिएन भने सरकार, राजनीतिक दल र निर्वाचन आयोगप्रति नै अविश्वासको अवस्था सृजना हुन्छ ।

निर्वाचनका माध्यमबाट नागरिक नीति निर्माण तहमा वैधानिक रूपमा पुग्ने र विधिको शासन कायम गर्ने राजनीतिक प्रणाली लोकतन्त्र हो । तसर्थ लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य हुन्छ । निर्वाचनमा मतदान गर्ने मतदाताको सार्वभौम र मौलिक अधिकार हो । स्वच्छ विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएमा मात्रै मतदाताले सही प्रतिनिधिहरूको छनौट गर्न सक्दछन् । निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक पद्धतिको सवलीकरण र विकासमा टेवा पुऱ्याउँछ ।

**आजको निर्वाचनमा जे देखियो**

- विगतका निर्वाचन जस्तै यस निर्वाचनमा पनि अपाङ्गता भएका मतदाताले केही स्थानमा मतदान गर्न कठिनाइ भोग्नु पऱ्यो । मतदान केन्द्रहरू अपाङ्गतामैत्री भएको पाइएन । बाँकेको राँझास्थित आदर्श माविमा अपाङ्गता भएका मतदातालाई ह्वीलचेयर लैजानबाट वञ्चित गरेको पाइयो ।

- काठमाडौं लगायत अन्य केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो । भक्तपुरका केही मतदान केन्दमा अस्तव्यस्त र भद्रगोल व्यवस्थापन भएको पाइयो ।

- अघिल्लो निर्वाचनका लागि मतदाता परिचयपत्र लिएका मतदाताको क्रम सङ्ख्या फरक हुँदा नाम खोज्नसमय लागेको र यसले मतदान प्रक्रियामा ढिलासुस्ती भएको पाइयो । कतिपय मतदान केन्द्रमा मतदाता परिचय भए पनि मतदाता नामावली नाम नभएको पाइयो भने कतिपय स्थानमा मतदाता परिचय पत्र एउटा केन्द्रमा पुगेको र नाम अर्कै मतदान केन्द्रमा भएको पनि पाइयो ।

- मतदान प्रकृयाका बारेमा मतदाता अलमलमा परेको पाइयो । यस्तो अलमलले मतदाता शिक्षा पर्याप्त मात्रामा नभएको पाइयो ।

- मतदान केन्द्रमा महिला र पुरूष मतदाताका लाइन अलगअलग गरिएको थियो भने ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका र बिरामी मतदातालाई सहजरूपमा मतदान गर्ने व्यवस्था मिलाइएको पाइयो ।
- बैतडीको सुर्नया गाउँपालिका-२ स्थित वासुदेव मावि लिस्किटामा रहेको मतदान केन्द्रमा मत हाल्न गएका ३० वर्षीय मोहनराम बिकमाथि कुटपिट भएको छ । कुटपिटबाट बिकको दायाँ गोडाको हड्डी खुस्किएको सुर्नया गाउँपालिकाका कार्यपालिका सदस्य प्रकाश लुहारले बताउनु भयो ।
- मतदान गर्न जाने क्रममा बैतडी जिल्ला पाटन नगरपालिका- ६ टुँडेगैरका ६८ वर्षीय कमलसिंह विष्टको मृत्यु भयो । ।
- धनुषा प्रतिनिधि दीपेन्द्रप्रसाद सिंहका अनुसार मिथिला नगरपालिका-८ जमुनिवासस्थित जनता राष्ट्रिय आधारभूत प्राथमिक विद्यालय मतदान केन्द्र (क) की मतदाता ३७ वर्षीया फूलमाया डिमडुङ आफ्नो मताधिकारबाट वञ्चित हुनु भएको छ । भोट खसाल्न मतदान केन्द्र पुग्दा उहाँको मत अरुले नै खसाइसकेको रेकर्डमा देखिएपछि आफूलाई मतदान गर्न नदिएको फूलमायाले गुनासो गर्नु भयो ।
- महोत्तरी प्रतिनिधि अजयकुमार साहका अनसार बलवा नगरपालिकाको एक मतदान स्थलमा गोली चल्यो । मतदानको क्रममा बलवा नगरपालिका-५ को मतदानस्थलमा विवाद हुँदा प्रहरीले एक राउण्ड गोली प्रहार गरेको हो ।
- चौरीदेउराली गाउँपालिका-६ को कात्तिके देउरालीको प्रभा माविमा रहेको मतदान केन्द्रमा १० बजेतिर व्याकपका लागि राखिएका मतपेटिका तोडफोड भएपछि मतदान प्रकृया अवरुद्ध भएको छ ।
- जिल्ला प्रहरी कार्यालय दोलखाका डिएसपी गङ्गाप्रसाद पौडेलले दिएको जानकारी अनुसार बैतेश्वर गाँउपालिका-१ वडा कार्यालयमा रहेको मतदान केन्द्रमा मतदाताबिच विवाद हुँदा प्रहरीले एक राउण्ड हवाइ फायर गरेको छ ।
- रामेछाप जिल्लाकोकेही मतदान केन्द्रमा विवाद हुँदा मतदान प्रकृया स्थगित हुनाका साथै प्रहरीले स्थिति नियन्त्रणमा लिन हवाई फाएर गरेको छ । मन्थली नपा-१२ गेलुको सिक्राल मतदान केन्द्रमा मतदानको लागि लाइनमा बसेका मतदातालाई कांग्रेसका कार्यकर्ताले आक्रमण गरेपछि प्रहरीले केही राउण्ड हवाइ फायर गरेको छ ।
- सर्लाही जिल्लाको मलङ्गवा नपा-१ भेडियाही आधारभुत विद्यालयमा बिहान ९:२५ बजे मतदानस्थलमा ३८ वर्षीय पतिले कसैको कुरा नमानी ३४ वर्षीया पत्नी सुशीलादेवी मण्डलको हातबाट ब्यालेट पेपर लिई आफ्नै हातले मत खसाले ।
- इन्सेक हुम्ला प्रतिनिधि नन्द सिंहकाअनुसार महादेव मावि मतदान केन्द्रमा गठबन्धन र स्वतन्त्र उम्मेवारका समर्थकबीच झडप हुँदा मतदान अधिकृत कृष्णप्रसाद आचार्य, कार्यालय सहयोगी काला रोकाय तथा मतदाता लीला शाही घाइते भएका छन् । उनीहरूलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्दार गरी सुर्खेत पठाइएको छ ।
- मतदान केन्द्रमा सुरक्षाको प्रबन्ध  राम्रो मिलाइएको भए पनि केही स्थानमा बाहिरी परिधिको सुरक्षामा कमी भएको पाइयो ।
- मतदान केन्द्र उपयुक्त स्थानमा नभएका कारण मतदान प्रक्रियामा अलमल भएको र भिडभाड भएको पाइयो ।
- पूर्णरूपमा महिलाले व्यवस्थापन गरेका मतदान केन्द्रको व्यवस्था अत्यन्त राम्रो पाइयो ।
- पर्यवेक्षकहरूलाई मतदान केन्द्रको प्रवेशमा कुनै अवरोध खडा नभए पनि मतदानस्थलको अवलोकनमा भने सहजता महसुस नभएको पाइयो ।
- मतदान केन्द्रमा कर्मचारी र प्रहरीको व्यवहार मतदाता र पर्यवेक्षकहरूमाथि सम्मानजनक भएको पाइयो ।
- सुर्खेतको सिम्टा गाउँपालिका-१ खनेरास्थित भगवती मावि मतदान केन्द्रमा एक थान मतपत्र मतदान अधिकृतको हस्ताक्षर बिना मतदानका लागि दिएको भेटिएपछि नेपाली कांग्रेसका कार्यकर्ताले बाँकी रहेका मतदान च्यातेपछि मतदान स्थगित भएको छ ।

**निष्कर्ष**


निर्वाचनलाई  भयरहित र निष्पक्ष बनाउन सरकार, राजनीतिक दल र निर्वाचन आयोगले कुनै कसर बाँकी नरहेको बताइरहँदा आचारसंहिताको व्यापक उल्लङ्घन, एक अर्काप्रति आरोप-प्रत्यारोप तथा झडपका घटना अभिलेखित भए । निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सकेमा मात्रै निर्वाचनको महत्व बढ्छ । निर्वाचन आचारसंहिताको परिपालनामा देखिएको कमी कमजोरी सच्याउन तथा उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउन सकिए निर्वाचनको महत्व अझ बढ्ने देखिन्छ । यसै वर्ष हुने प्रदेश र संघीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व बोकेको निर्वाचन आयोगले यो र यसअघि सम्पन्न निर्वाचनबाट पाठ सिकेर कार्ययोजना बनाउनु श्रेयस्कर हुने हाम्रो धारणा रहेको छ ।

आचारसंहिता उल्लङ्घन उपर परेका उजुरीमा कारबाही भएको भरपर्दो सूचना थाहा नपाएका कारण आयोगले गर्ने कारबाही प्रक्रियाप्रति विश्वस्त हुन सकेनन् । त्यस कारण पनि निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनामा कमी नआएको पाइयो ।

भड्किलो प्रचारप्रसार, मौन अवधिमा भएका पैसाका चलखेल, भोजभतेर जस्ता कार्यहरू गरी मतदातालाई प्रभाव पार्ने कार्य भयो । यसले निर्वाचन महङ्गो हुँदै गएको र जसरी पनि चुनाव जित्नुपर्छ भन्ने मान्यता राजनीतिक दलहरूमा विकास भएको आभास मिल्यो । निर्वाचन आचारसंहिताको परिपालनामा देखिएको कमी कमजोरी सच्याउन तथा उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउन सकिए निर्वाचनको महत्व बढ्ने देखिन्छ ।

अनुसूची: ८

# पर्यवेक्षक परिचय पत्र




निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

स्थानीय तह सदस्य निर्वाचन, २०७९
विशेष पर्यवेक्षक परिचयपत्र

परिचय पत्र नं. : विशेष/१३
नाम,थर : सुशील प्याकुरेल
नागरिकता नं. :
पर्यवेक्षण अनुमति प्राप्त संस्थाको नाम : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पर्यवेक्षण गर्न खटाइएको स्थान :नेपालभर
परिचय-पत्र पाउनेको सही :
परिचय-पत्र बहाल रहने अवधि : २०७९।०२।१०
निर्वाचन आयोगको आधिकारिक व्यक्तिको
दस्तखत :
नाम : कमल भट्टराई
पद : उपसचिव
जारी मिति : २०७९।०१।२६

Website : www.election.gov.np
Email : pmis@election.gov.np




निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

स्थानीय तह सदस्य निर्वाचन, २०७९
राष्ट्रिय पर्यवेक्षक परिचय पत्र

प.प.नं: नि.आ./रा-२०७९/९/१४५
नाम,थर: ईन्दीरा श्रेष्ठ
नगरिकता नं: ३१५१
पर्यवेक्षण अनुमति प्राप्त संस्थाको नाम: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पर्यवेक्षण गर्न खटाइएको स्थान: काठमाडौं भक्तपुर र ललितपुर
परिचयपत्र पाउनेको सही:
परिचय पत्र बहाल रहने अवधि: २०७९/०२/१०
निर्वाचन आयोगको आधिकारिक व्यक्तिको
दस्तखत:
नाम: श्रवण कुमार लुइटेल
पद: शाखा अधिकृत
जारी मिति: २०७९/०१/२६, निर्वाचन आयोग नेपाल

Website : www.election.gov.np
Email : ecn.planning@election.gov.np



निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL


स्थानीय तह सदस्य निर्वाचन, २०७९
राष्ट्रिय पर्यवेक्षक परिचय पत्र

प.प.नं: नि.आ./रा-२०७९/९/१५६
नाम,थर: पुण्य प्रसाद अधिकारी
नगरिकता नं: २३४१४/२६३
पर्यवेक्षण अनुमति प्राप्त संस्थाको नाम: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पर्यवेक्षण गर्न खटाइएको स्थान: सरस्वती मा.वि. इटहरा वजार ,रतुवामाई नगरपालिका, मोरङ्ग
परिचयपत्र पाउनेको सही:
परिचय पत्र वहाल रहने अवधि: २०७९.०२.१०
निर्वाचन आयोगको आधिकारिक व्यक्तिको
दस्तखत:
नाम: श्रवण कुमार लुइटेल
पद: शाखा अधिकृत
जारी मिति: २०७९.०१.२३, निर्वाचन आयोग नेपाल

Website : www.election.gov.np
Email : ecn.planning@election.gov.np

अनुसूची: ९

## स्थानीय तह निर्वाचनसम्बन्धी पोष्टर



## स्थानीय तह निर्वाचनसम्बन्धी पोष्टर



## अनुसूचीः १०

# निर्वाचन तालिका

स्थानीय तह निर्वाचन, २०७९
स्थानीय तह सदस्य निर्वाचन कार्यक्रम

| क.स. | क्रियाकलाप | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७९/०१/११ | २०७९/०१/१२ | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९/०१/१२ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७९/०१/१३ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ४ | मनोनयन पत्र जाँच गर्ने र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९/०१/१४ | २०७९/०१/१५ | १०.०० | १७.०० | ऐ.ऐ. | २०७९/०१/१४ गते १०.०० बजेदेखि २०७९/०१/१५ गते १७.०० बजेसम्म |
| ५ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/०१/१५ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारले नाम फिर्ता लिने | २०७९/०१/१६ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/०१/१६ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७९/०१/१७ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०७९/०१/३० | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

- मौन अवधि मतदान शुरु हुनभन्दा ४८ घण्टा अगाडि (२०७९ बैशाख २७ गते राती १२.०० बजेदेखि) बाट लागू हुनेछ ।
- प्रत्येक मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतले सुरक्षित रूपमा प्राप्त गरेपछि मतगणना कार्य शुरू गर्नु पर्नेछ ।
- मतगणना कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले तत्कालै निर्वाचन परिणाम घोषणा गर्नु पर्नेछ ।

# निर्वाचन आयोगबाट प्राप्त पत्रहरू

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: यो.अ तथा वै.स./०७८/०७९ /२०६ मिति :-२०७९/०१/११

**विषय :- पर्यवेक्षण अनुमतिपत्र**

मिति २०७९ वैशाख ३० मा हुने स्थानीय तह सदस्य निर्वाचन सन्दर्भमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई देहाय बमोजिम पर्यवेक्षण गर्न अनुमति दिइएको छ :-

१. पर्यविक्षण गर्न अनुमति पाएको व्यक्ति /संस्थाको :-
   (क) नाम :- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
   (ख) ठेगाना :- काठमाण्डौ
२. राष्ट्रियता :-
३. पर्यविक्षण गर्न अनुमति दिइएको स्थान :- संस्थाद्वारा प्रस्ताव गरे बमोजिम ।
४. पर्यविक्षण गर्न अनुमति दिइएको अवधि :- मिति २०७९/०१/११ देखि निर्वाचनको अन्तिम परिणाम प्रकाशन नभएसम्म ।
५. पर्यविक्षण कार्यमा संलग्न हुने व्यक्तिको संख्या :- ६३
६. पर्यविक्षण गर्दा पालना गर्नुपर्ने शर्तहरू :-
   (१) पर्यविक्षण गर्न स्वीकृति प्राप्त गरेका संस्था तथा पर्यविक्षकहरुले पर्यविक्षण निर्देशिका २०७८, निर्वाचन आचारसंहिता, २०७८ र निर्वाचन सम्बन्धी अन्य प्रचलित कानूनहरु पालना गर्नुपर्नेछ ।

प्रमाणित गर्ने अधिकारी :-
दस्तखत :-
नाम :- श्रवण कुमार लुइटेल
पदः- शाखा अधिकृत
मिति :- २०७९/०१/११

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: यो.अ तथा वै.स./०७८/०७९ /२४८,

मिति : २०७९/०२/१८

**विषय :- प्रतिवेदन प्राप्त भएको सम्बन्धमा ।**

मिति २०७९ वैशाख ३० मा सम्पन्न स्थानीय तह सदस्य निर्वाचनको पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त गरी पर्यवेक्षण गरे पश्चात बुझाएको प्रारम्भिक/अन्तिम प्रतिवेदन आयोगमा देहाय बमोजिम प्राप्त भएको व्यहोरा प्रमाणित गरिन्छ ।

१. संस्थाको नाम :- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
२. संस्थाको ठेगाना :- काठमाण्डौ
३. प्रतिवेदनको प्रकार :- प्रारम्भिक
४. प्रतिवेदन प्राप्त भएको मिति :- २०७९/१/३०

प्रमाणित गर्ने अधिकारी :-
दस्तखत :-
नाम :- श्रवण कुमार लुइटेल
पदः- शाखा अधिकृत
मिति :- २०७९/०२/१८

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"

अनुसूची: ११

## स्थानीय तह निर्वाचनको आचारसंहिता उल्लङ्घनसम्बन्धी फोटो











## स्थानीय तह निर्वाचनको पर्यवेक्षणसम्बन्धी फोटो










Bag Area

अनुसूचीः १२

# स्थानीय तह निर्वाचनको सन्दर्भमा जारी प्रेस विज्ञप्ति

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

इन्सेक insec अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति-२०७९ वैशाख २९ गते

मतदानमा भाग लिई सार्वभौम अधिकारको प्रयोग गर्न अपिल

भोलि वैशाख ३० गते ७ सय ५३ स्थानीय तहका लागि हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । २०७४ सालमा तीन चरणमा निर्वाचन भएको थियो । संविधानको भावना र स्थानीय तह निर्वाचन ऐनअनुसार ५ वर्षको कार्यकाल सकिएकै दिन निर्वाचन गर्ने निर्णय भएको हो । जननिर्वाचित प्रतिनिधिले प्रशासनिक, व्यवस्थापकीय तथा कार्यकारी क्रियाकलाप आधिकारिक रूपमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्यक्रम कार्यान्वयन गर्छन् । निर्वाचित प्रतिनिधिहरू स्वाभाविक रूपमा स्थानीय जनताप्रति जिम्मेवार हुन बाध्य हुन्छन् । फेरि लोकतान्त्रिक पद्दतिलाई बलियो बनाउने काम सबैभन्दा बढी स्थानीय तहले नै गर्ने हो । लोकतन्त्र बलियो बनाउन जनताको सहभागिता महत्वपूर्ण हुन्छ ।

स्थानीय तहको निर्वाचनमा सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न आमजनसमुदायमा हार्दिक अनुरोध गर्दछौं । मानव अधिकार, सामाजिक न्याय र विधिको शासनको प्रकृयाको सुदृढिकरण र सवलीकरणमा यो स्थानीय तहको निर्वाचनले महत्वपूर्ण योगदान पुऱ्याउँछ । नेपाली जनताले भोलि हुने निर्वाचनमार्फत आफूलाई मन परेको उम्मेदवार तथा राजनीतिक दललाई छान्न पाउने संविधान प्रदत्त सार्वभौम अधिकार प्रयोग गर्ने दिन हो । बिना कुनै डर, धाक-धम्की, त्रास र प्रलोभनमा नपरी मतदान गर्न हामी सम्पूर्ण मतदातालाई अपिल गर्दछौं ।

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन न.पा.-१०, (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल, फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
Email: insec@insec.org.np Website: www.insec.org.np, www.inseconline.org

Scanned with CamScanner

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

२०७९ वैशाख १० गते

## स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचनका लागि इन्सेकको अपिल

इन्सेक बितेका तीन दशकदेखि मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका अभिलेखिकरण, मानव अधिकार शिक्षाको प्रचार, मानव अधिकारको पैरवी तथा बहसलगायतका क्रियाकलापमार्फत मानव अधिकार र सामाजिक न्यायको प्राप्तिका लागि क्रियाशील छ। इन्सेकले विभिन्न कार्यक्रमहरू मार्फत आम जनताको अधिकार संरक्षण तथा संवर्द्धनमा आफूलाई केन्द्रित गरेको छ। देशका सातै प्रदेशमा रहेका प्रदेश कार्यालयहरू, ७७ जिल्लाका प्रतिनिधिहरूमार्फत इन्सेकले निर्दिष्ट गरेका कार्यक्रमहरूले पछाडि पारिएको वर्ग तथा समुदायको अधिकार सुनिश्चित गर्न इन्सेक सक्रिय रहेको छ।

लोकतन्त्रमा निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन आवश्यक छ। पञ्चायतकालमा भएका निर्वाचनदेखि नै नेपालका अधिकारकर्मी र नागरिक समाजले निर्वाचनहरूको पर्यवेक्षण गर्दै आएका छन्। २०४८ सालको निर्वाचनदेखि मतदाता सचेतना कार्यक्रम तथा निर्वाचन पर्यवेक्षण गरिएको अनुभव इन्सेकसँग रहेको छ। स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न गर्न निर्वाचन आयोगले आवश्यक तयारी पूरा गर्दैछ। आयोगले फोटोसहितको मतदाता नामावली र परिचय-पत्र अद्यावधिक गर्ने, मतपत्र छाप्ने, मतदान केन्द्रको टुङ्गो लगाउने, निर्वाचन आचारसंहिता जारी गर्ने, निर्वाचन पर्यवेक्षण निर्देशिका जारी गर्ने लगायतका काम सम्पन्न गरिसकेको छ। निर्वाचन आयोगका अनुसार निर्वाचन गराउन आवश्यक पर्ने कार्यहरू अन्तिम चरणमा पुगेको छ।

नेपालको संविधानको प्रस्तावनामा उल्लेखित 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचनको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने' व्यवस्थाको स्मरण गर्दै, नेपालको संविधानको निर्देशक सिद्धान्तहरू; कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिताको सुनिश्चितता र आवधिक निर्वाचनको हकसम्बन्धी नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धअनुरूप आसन्न स्थानीय निर्वाचनका सन्दर्भमा तपसीलका बुँदाहरूमा ध्यानाकर्षण गराउन चाहन्छौं।

**तपसील**

१. नेपालको संविधानको मौलिक हक अन्तर्गतको महिलाको हक धारा ३८ मा उल्लेखित राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूत गर्न महिलाको प्रतिनिधित्व ५० प्रतिशतले सुनिश्चित गर्न,
२. नेपालको संविधानको मौलिक हक अन्तर्गतको धारा ४० मा उल्लेखित दलितको हकले प्रत्याभूत गरेको राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गर्न,
३. नेपालको संविधानको मौलिक हक अन्तर्गतको धारा ४२ मा उल्लेखित सामाजिक न्यायको हकले प्रत्याभूत गरेको सामाजिक रूपले पछाडि पारिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np Web-site: www.insec.org.np, www.inseconline.org

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यको सहभागिताको हक सुनिश्चित गर्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार बनाउन,

४. स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा (४) उपदफा (१) बमोजिम मनोनयन-पत्र पेश गर्दा राजनीतिक दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार अनिवार्य रूपले रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था गर्न,
५. बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गर्दै 'बालबालिका शान्ति क्षेत्र' को मान्यतालाई सम्मान गर्न र उनीहरूको सुरक्षा र संरक्षणका लागि उनीहरूलाई निर्वाचनसम्बन्धी कुनै पनि गतिविधिहरूमा संलग्न नगर्ने प्रतिबद्धता सार्वजनिक रूपमा जाहेर गर्न,
६. मानव अधिकार उल्लङ्घनकर्ता, मानव बेचविखन तथा ओसारपसारमा संलग्न, महिला तथा बालबालिकाविरूद्धको हिंसामा संलग्न, भ्रष्टाचारमा संलग्न रहेको तथा जातीय छुवाछुत गर्ने तथा त्यस्तो कार्यलाई संरक्षण गर्ने व्यक्तिलाई उम्मेदवार नबनाउन,
७. कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग नगर्न, जनतालाई धाक, धम्की वा डर त्रास देखाउने र कुनै किसिमले लोभ लालच देखाउने तथा आर्थिक प्रलोभनमा पार्ने वा मतको खरिद तथा बिक्री गर्ने जस्ता कार्य निरुत्साहित गर्न,
८. कानुनको सीमाभित्र रही निर्वाचन खर्च गर्न तथा निर्वाचन सकिएलगत्तै सार्वजनिक सुनुवाइमार्फत आयव्यय विवरण सार्वजनिक गर्न ।
९. निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न ।

**डा. इन्दिरा श्रेष्ठ**
अध्यक्ष

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np Web-site: www.insec.org.np, www.inseconline.org

अनुसूचीः १३

# स्थानीय तह निर्वाचनका पर्यवेक्षकहरुको नाम र सम्पर्क नम्बर

इन्सेकद्वारा स्थानीय तह निर्वाचन २०७९ मा परिचालित पर्यवेक्षकहरू

फोनः ०१-५२१८२५१

| | क्र. सं. | नाम | लिङ्ग | जिल्ला | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| निर्वाचन पर्यवेक्षण केन्द्र र प्रदेश सम्पर्क व्यक्तिहरु | 1 | मदन पौडेल | | केन्द्रीय कार्यालय | 9851137699 |
| | 2 | रमेशप्रसाद तिमल्सिना | | केन्द्रीय कार्यालय | 9851226817 |
| | 3 | आर्या अधिकारी | | केन्द्रीय कार्यालय | 9851116149 |
| | 4 | आर्जु कार्की | | केन्द्रीय कार्यालय | 9849595977 |
| | 5 | अनुज केसी | | केन्द्रीय कार्यालय | 9841474445 |
| | 6 | पुण्यप्रसाद अधिकारी | | प्रदेश १ | 9842103783 |
| | 7 | राजु पासवान | | मधेस प्रदेश | 9854027507 |
| | 8 | गणेश भण्डारी | | बागमती प्रदेश | 9851244553 |
| | 9 | शिव खकुरेल | | गण्डकी प्रदेश | 9856024454 |
| | 10 | विनोद पाण्डे | | लुम्बिनी प्रदेश | 9858025484 |
| | 11 | परिष्कृत पौडेल | | कर्णाली प्रदेश | 9843564843 |
| | 12 | कृष्णबहादुर बिक | | सुदूरपश्चिम प्रदेश | 9848534660 |
| प्रदेश | 13 | नाम | लिङ्ग | जिल्ला | सम्पर्क नम्बर |
| | 14 | नारदमणि चापाँगाई | पुरुष | इलाम | 9842737911 |
| | 15 | बबिता मैनाली | महिला | इलाम | 9825910357 |
| | 16 | सुजाता ढुङ्गाना | महिला | उदयपुर | 9852835216 |
| | 17 | प्रविण मुदेल | पुरुष | ओखलढुंगा | 9860116528 |
| | 18 | सरस्वती बानिया | महिला | ओखलढुंगा | 9860864563 |
| | 19 | तारा नाथ फुयल | पुरुष | खोटाङ्ग | 9842882406 |
| | 20 | नरेश खाती | पुरुष | झापा | 9842698516 |
| | 21 | बाल कुमारी रसाइली | महिला | झापा | 9815064703 |
| | 22 | देव राज गुरुङ | पुरुष | ताप्लेजुंग | 9842747015 |
| | 23 | सुरेश खत्री | पुरुष | तेर्हथुम | 9842311564 |
| | 24 | इश्वर थापा | पुरुष | धनकुटा | 9852053949 |
| | 25 | बिनिता राई | महिला | धनकुटा | 9842258584 |
| | 26 | टिका तिम्सिना | पुरुष | पाँचथर | 9842768326 |
| | 27 | सहमान विश्वकर्मा | पुरुष | पाँचथर | 9824044000 |
| १ | 28 | कल्पना बस्नेत | महिला | भोजपुर | 9862296232 |
| | 29 | गणेश विष्ट | पुरुष | भोजपुर | 9852066777 |
| | 30 | अन्जु बस्नेत | महिला | मोरङ्ग | 9863628128 |
| | 31 | ऋषि कुमार ढकाल | पुरुष | मोरङ्ग | 9842659765 |
| | 32 | गोपाल ढुंगेल | पुरुष | मोरङ्ग | 9851332481 |
| | 33 | पुण्य प्रसाद अधिकारी | पुरुष | मोरङ्ग | 9842103783 |

| | | | | | |
|---|---|---|---|---|---|
| | 34 | बागमती कट्टेल | महिला | मोरङ्ग | 9842033443 |
| | 35 | बुद्ध देव यादव | पुरुष | मोरङ्ग | 9804391499 |
| | 36 | विनोद सुवेदी | पुरुष | मोरङ्ग | 9842252046 |
| | 37 | सुजता कट्टेल | महिला | मोरङ्ग | 9842703505 |
| | 38 | अञ्जु राई | महिला | संखुवासभा | 9867812872 |
| | 39 | जय कृष्ण यादव | पुरुष | सुनसरी | 9842125275 |
| | 40 | पुजा कुमारी मण्डल | महिला | सुनसरी | 9816328672 |
| | 41 | अञ्जु कार्की | महिला | सोलुखुम्बु | 9862503684 |
| | 42 | गङ्गा बहादुर राई | पुरुष | सोलुखुम्बु | 9842937354 |
| मधेश | 43 | पुनम कुमारी यादव | महिला | धनुषा | 9844131497 |
| | 44 | रिता कुमारी साह | महिला | धनुषा | 9817835219 |
| | 45 | विकास बन्जारा | पुरुष | धनुषा | 9852833270 |
| | 46 | सोनी कुमारी | महिला | धनुषा | 9844536353 |
| | 47 | उर्मिला कुमारी सापकोटा पौडे | महिला | पर्सा | 9845857555 |
| | 48 | निलम कुमारी थारु | महिला | पर्सा | 9848460427 |
| | 49 | अन्सु बस्नेत | महिला | बारा | 9829407405 |
| | 50 | अजय कुमार साह | पुरुष | महोत्तरी | 9844925184 |
| | 51 | माधव प्रसाद पौडेल | पुरुष | महोत्तरी | 9844059220 |
| | 52 | लिला दियाली | महिला | महोत्तरी | 9842828395 |
| | 53 | सिता केसी बस्नेत | महिला | महोत्तरी | 9844405585 |
| | 54 | कुमारी ममता झा | महिला | रौतहट | 9845383474 |
| | 55 | बिनोद कुमार राम | पुरुष | रौतहट | 9817234221 |
| | 56 | बिमला देवी ढकाल | महिला | रौतहट | 9855041106 |
| | 57 | दिपक कुमार यादव | पुरुष | सप्तरी | 9862895940 |
| | 58 | मनोहर कुमार पोखरेल | पुरुष | सप्तरी | 9852821021 |
| | 59 | राजु पासवान | पुरुष | सप्तरी | 9854027507 |
| | 60 | बुधन साह | पुरुष | सर्लाही | 9844150975 |
| | 61 | एलिना हिङमाङ | महिला | सिराहा | 9842070900 |
| | 62 | दुर्गा परियार | पुरुष | सिराहा | 9842824055 |
| | 63 | अनिता खनाल | महिला | काठमाडौं | 9841344611 |
| | 64 | अनुज केसी | पुरुष | काठमाडौं | 9841474445 |
| | 65 | अनुपमा खनाल | महिला | काठमाडौं | 9841899306 |
| | 66 | अभिषेक अधिकारी | पुरुष | काठमाडौं | 9860460081 |
| | 67 | आयुष भण्डारी | पुरुष | काठमाडौं | 9863832800 |
| | 68 | आर्या अधिकारी | महिला | काठमाडौं | 9851116149 |
| | 69 | कृष्ण गौतम | पुरुष | काठमाडौं | 9851015550 |
| | 70 | कृष्ण प्रसाद नेपाल | पुरुष | काठमाडौं | 9841921708 |

| | | | | | |
|---|---|---|---|---|---|
| | 71 | गणेश भण्डारी | पुरुष | काठमाडौं | 9851244553 |
| | 72 | जीवन खनाल | पुरुष | काठमाडौं | 9851197873 |
| | 73 | ज्योती बस्नेत | महिला | काठमाडौं | 9851058455 |
| | 74 | दिपलोचन सापकोटा | पुरुष | काठमाडौं | 9818493902 |
| | 75 | दिवस भण्डारी | पुरुष | काठमाडौं | 9861037328 |
| | 76 | दिविक्षा भण्डारी | महिला | काठमाडौं | 9863325124 |
| | 77 | निर्मला चुडाल | महिला | काठमाडौं | 9841461888 |
| | 78 | पवन कुमार मल्लिक | पुरुष | काठमाडौं | 9861788868 |
| | 79 | प्रतिक्षा खनाल | महिला | काठमाडौं | |
| | 80 | प्रियश खतिवडा | पुरुष | काठमाडौं | |
| | 81 | बिमल पौडेल | पुरुष | काठमाडौं | 9848131525 |
| | 82 | भार्गव काफ्ले | पुरुष | काठमाडौं | 9841187374 |
| | 83 | युबिक पोख्रेल | पुरुष | काठमाडौं | 9860130708 |
| | 84 | रबि नेपाल | पुरुष | काठमाडौं | 9840054633 |
| | 85 | रश्मी लम्साल | महिला | काठमाडौं | 9860384228 |
| | 86 | रोशि भट्टराई | महिला | काठमाडौं | 9863328711 |
| | 87 | विजयराज गौतम | पुरुष | काठमाडौं | 9851058455 |
| | 88 | स्वीकृत गौतम | पुरुष | काठमाडौं | 9869397424 |
| | 89 | हृदय राज गौतम | पुरुष | काठमाडौं | 9851043432 |
| | 90 | आर्जु कार्की | महिला | काठमाडौं | 9849595977 |
| | 91 | रमेशप्रसाद तिमल्सिना | पुरुष | ललितपुर | 9851226817 |
| | 92 | उमेश प्रसाद नेपाल | पुरुष | काभ्रेपलाञ्चोक | |
| | 93 | काजल तामाङ | महिला | काभ्रेपलाञ्चोक | 9860196584 |
| | 94 | कमला भुसाल | पुरुष | चितवन | 9843917878 |
| | 95 | दिपेन्द्र अधिकारी | पुरुष | चितवन | 9855053253 |
| | 96 | उद्धव पोखरेल | पुरुष | दोलखा | 9851139982 |
| | 97 | कृष्ण बहादुर भुजेल | पुरुष | दोलखा | 9844399982 |
| | 98 | हिरामाया थमी | महिला | दोलखा | 9844466940 |
| | 99 | सिताराम अधिकारी | पुरुष | धादिङ्ग | 9841518975 |
| बागमती | 100 | अस्मिता गिरी | महिला | नुवाकोट | 9746431395 |
| | 101 | नवदीप श्रेष्ठ | पुरुष | नुवाकोट | 9851110645 |
| | 102 | असिम सन्तोष पौडेल | पुरुष | भक्तपुर | 9861107371 |
| | 103 | निर्मला केसी | महिला | भक्तपुर | 9851234643 |
| | 104 | पुस्करराज बुढाथोकी | पुरुष | भक्तपुर | 9841582083 |
| | 105 | प्रशंसा गौतम | महिला | भक्तपुर | 9861828782 |
| | 106 | रमेश गिरी | पुरुष | भक्तपुर | 9851088597 |
| | 107 | राजु मिजार | पुरुष | भक्तपुर | 9849171886 |

| | | | | | |
|---|---|---|---|---|---|
| | 108 | शुभम चुडाल | पुरुष | भक्तपुर | 9818736974 |
| | 109 | शोभाकर बुढाथोकी | पुरुष | भक्तपुर | 9851053922 |
| | 110 | सुधा पौडेल | महिला | भक्तपुर | 9849306393 |
| | 111 | सुवेच्छा खड्का | महिला | भक्तपुर | 9849129372 |
| | 112 | निशा बराल | महिला | मकवानपुर | 9855073194 |
| | 113 | पुष्प राज अधिकारी | पुरुष | मकवानपुर | 9845269973 |
| | 114 | प्रतिक्षा खड्का | महिला | मकवानपुर | 9855031999 |
| | 115 | मेनुका खड्का | महिला | मकवानपुर | 9855031999 |
| | 116 | सम्झना श्रेष्ठ | महिला | मकवानपुर | 9844019637 |
| | 117 | सलिना गौतम | महिला | मकवानपुर | 9845076637 |
| | 118 | विजया तिवारी | महिला | रसुवा | 9851011271 |
| | 119 | हेमनाथ खतिवडा | पुरुष | रसुवा | 9854043017 |
| | 120 | नवराज घिमिरे | पुरुष | रामेछाप | 9854040855 |
| | 121 | पाण्डव प्रसाई | पुरुष | रामेछाप | 9866999505 |
| | 122 | अनिश रेग्मी | पुरुष | ललितपुर | 9841282350 |
| | 123 | ईन्दीरा श्रेष्ठ | महिला | ललितपुर | 9841516817 |
| | 124 | गीता दाहाल तिमल्सिना | महिला | ललितपुर | 9862905333 |
| | 125 | गीता माली | महिला | ललितपुर | 9841549194 |
| | 126 | दिपक प्रसाद घिमिरे | पुरुष | ललितपुर | 9851150969 |
| | 127 | पूर्ण बहादुर महर्जन | पुरुष | ललितपुर | 9851053154 |
| | 128 | मदन पौडेल | पुरुष | ललितपुर | 9851137699 |
| | 129 | वीनोद कुमार गुरागाई | पुरुष | ललितपुर | 9840269358 |
| | 130 | शैलेश शर्मा | पुरुष | ललितपुर | 9851018589 |
| | 131 | साधना भण्डारी | महिला | ललितपुर | 9844680005 |
| | 132 | नातिबाबु धिताल | पुरुष | सिन्धुपाल्चोक | 9841989640 |
| | 133 | सावित्री पराजुली अर्याल | महिला | सिन्धुपाल्चोक | 9841989640 |
| | 134 | के.आर बिजय | पुरुष | सिन्धुली | 9854041442 |
| | 135 | नबिनबाबु अधिकारी | पुरुष | सिन्धुली | 9854042649 |
| | 136 | कल्याण पौडेल | पुरुष | रामेछाप | 9851026103 |
| | 137 | गोविन्द घिमिरे | पुरुष | ललितपुर | 9841329760 |
| | 138 | जगतचन्द्र अधिकारी | पुरुष | काठमाडौं | 9849645948 |
| | 139 | अम्बिका पौडेल | महिला | कास्की | 9801857219 |
| | 140 | तिलक थापा | पुरुष | कास्की | 9866010100 |
| | 141 | निकिता कोइराला | महिला | कास्की | 9846324450 |
| | 142 | पार्वती अधिकारी | महिला | कास्की | 9846730388 |
| | 143 | मनकुमारी तिलिजा पुन | महिला | कास्की | 9846359674 |
| | 144 | मिना थापा | महिला | कास्की | 9846214297 |

| | | | | | |
|---|---|---|---|---|---|
| गण्डकी | 145 | राधिका शर्मा कँडेल | महिला | कास्की | 9846131296 |
| | 146 | शिव प्रसाद खकुरेल | पुरुष | कास्की | 9856024454 |
| | 147 | सवनम शर्मा | महिला | कास्की | 9846066394 |
| | 148 | हरिराम उप्रेती | पुरुष | गोरखा | 9846188705 |
| | 149 | प्रकृती खनाल न्यौपाने | महिला | तनहुँ | 9846010371 |
| | 150 | विधान रानाभाट | पुरुष | तनहुँ | 9863485888 |
| | 151 | गङ्गा बिक | महिला | नवलपरासी (पूर्व) | 9865431331 |
| | 152 | पवित्रा पराजुली | महिला | नवलपरासी (पूर्व) | 9842016651 |
| | 153 | बैकुण्ठ उपाध्याय | पुरुष | पर्वत | 9841583649 |
| | 154 | रमा सुवेदी | महिला | पर्वत | 9857632567 |
| | 155 | विनायक पौडेल | पुरुष | पर्वत | 9856038508 |
| | 156 | शङ्कर प्रसाद शर्मा | पुरुष | पर्वत | 9851072479 |
| | 157 | सन्तोष थापा | पुरुष | पर्वत | 9857628666 |
| | 158 | खेमराज गौतम | पुरुष | बागलुङ | 9857626291 |
| | 159 | विवेक सापकोटा | पुरुष | बागलुङ | 9856022925 |
| | 160 | सृजना पन्त | महिला | बागलुङ | 9847638934 |
| | 161 | अमृत प्रसाद पौडेल | पुरुष | म्याग्दी | 9857640266 |
| | 162 | झरना पराजुली | महिला | लमजुङ | 9867975536 |
| | 163 | प्रमोद अधिकारी | पुरुष | लमजुङ | 9856046466 |
| | 164 | प्रतिक्षा गुरुङ | महिला | स्याङ्जा | 9824103881 |
| लुम्बिनी | 165 | कूल बहादुर नेपाली | पुरुष | अर्घाखांची | 9867032888 |
| | 166 | रुपा विक नेपाली | महिला | अर्घाखांची | 9847531173 |
| | 167 | पार्वती आचार्य | महिला | कपिलवस्तु | 9857050543 |
| | 168 | टोपलाल अर्याल | पुरुष | गुल्मी | 9857067227 |
| | 169 | दिपा पन्थ | महिला | गुल्मी | 9867021216 |
| | 170 | पार्वता भुसाल | महिला | गुल्मी | 9847544684 |
| | 171 | एकराज भण्डारी | पुरुष | दाङ | 9847917756 |
| | 172 | जय नारायण पुन | पुरुष | दाङ | 9847826324 |
| | 173 | लक्ष्मी आचार्य | महिला | दाङ | 9867830363 |
| | 174 | विकास ज्ञवाली | पुरुष | क्र | 9801236405 |
| | 175 | विनोद केसी | पुरुष | दाङ | 9857831968 |
| | 176 | निशा काफ्ले | महिला | नवलपरासी (पश्चिम) | |
| | 177 | संकल्प पराजुली | पुरुष | नवलपरासी (पश्चिम) | 9867940013 |
| | 178 | बरुण बस्याल | पुरुष | पाल्पा | 9867585805 |
| | 179 | यज्ञमूर्ति तिमिल्सिना | पुरुष | पाल्पा | 9857065839 |
| | 180 | रविन्द्र पाण्डे | पुरुष | प्यूठान | 9847839394 |
| | 181 | विद्यालक्ष्मी श्रेष्ठ | महिला | प्यूठान | 9847815440 |

| | | | | | |
|---|---|---|---|---|---|
| | 182 | मान बहादुर चौधरी | पुरुष | बर्दिया | 9858030318 |
| | 183 | शान्ति चौधरी | महिला | बर्दिया | 9848181584 |
| | 184 | कृष्णमुरारी प्रसाद भट्ट | पुरुष | बाँके | 9858034939 |
| | 185 | टेकनाथ आचार्य | पुरुष | बाँके | 9857830522 |
| | 186 | बालिका बुढाथोकी | महिला | बाँके | 9848071319 |
| | 187 | बिनोद कुमार पाण्डे | पुरुष | बाँके | 9858025484 |
| | 188 | बिनोद थापा मगर | पुरुष | बाँके | 9848099922 |
| | 189 | शेर बहादुर शाही | पुरुष | बाँके | 9858022821 |
| | 190 | महेश केसी | पुरुष | रुकुम पूर्व | 9857824380 |
| | 191 | रीमा वि सी भण्डारी | महिला | रुपन्देही | 9847851242 |
| | 192 | शिव प्रसाद गौडेल | पुरुष | रुपन्देही | 9857011233 |
| | 193 | राम प्रसाद बेलवासे | पुरुष | रुपन्देही | 9857038387 |
| | 194 | रुपा पौडेल | महिला | रुपन्देही | 9847404458 |
| | 195 | अनिता बुढा मगर | महिला | रोल्पा | 9869839035 |
| | 196 | तिलक घर्ती मगर | पुरुष | रोल्पा | 9863126653 |
| कर्णाली | 197 | भगवती शाही | महिला | कालिकोट | 9868263547 |
| | 198 | लिलाराज संज्याल | पुरुष | कालिकोट | 9868315353 |
| | 199 | दीनेश कुमार श्रेष्ठ | पुरुष | जाजरकोट | 9848064824 |
| | 200 | राजेन्द्र विक्रम शाह | पुरुष | जाजरकोट | 9858088777 |
| | 201 | गोल्डन बुढा | पुरुष | जुम्ला | 9868324088 |
| | 202 | मानदत्त रावल | पुरुष | जुम्ला | 9848300923 |
| | 203 | पवित्रा कुमारी थापा सिजापति | महिला | दैलेख | 9844355062 |
| | 204 | बिशाल सुनार | पुरुष | दैलेख | 9848063726 |
| | 205 | कर्मा छोडेल लामा | महिला | मुगु | 9864748226 |
| | 206 | जीवन सेजुवाल | पुरुष | मुगु | 9858038593 |
| | 207 | निशा रावल | महिला | रुकुम पश्चिम | 9847934613 |
| | 208 | मनिषा केसी | महिला | रुकुम पश्चिम | 9847887945 |
| | 209 | मिना बुढाथोकी | महिला | सल्यान | 9847844913 |
| | 210 | मुना हमाल | महिला | सल्यान | 9847844653 |
| | 211 | अर्जुन बहादुर अयडी | पुरुष | सुर्खेत | 9860136721 |
| | 212 | किरण पौडेल | पुरुष | सुर्खेत | 9848461277 |
| | 213 | तिर्था कुमारी वि सी | महिला | सुर्खेत | 9848115189 |
| | 214 | नारायण सुवेदी | पुरुष | सुर्खेत | 9858021689 |
| | 215 | परिस्कृत पौडेल | पुरुष | सुर्खेत | 9843564843 |
| | 216 | पूर्ण बहादुर खड्का | पुरुष | सुर्खेत | 9858082825 |
| | 217 | सरस्वती ज्ञवाली | महिला | सुर्खेत | |
| | 218 | नन्द सिंह | पुरुष | हुम्ला | 9848318092 |

| | | | | | |
|---|---|---|---|---|---|
| | 219 | बेलुमाया महतारा | महिला | हुम्ला | 9864788226 |
| | 220 | देवी कठायत | महिला | डोल्पा | 9848901314 |
| | 221 | बिष्णु प्रसाद देवकोटा | पुरुष | डोल्पा | 9851240660 |
| सुदूरपश्चिम | 222 | शिव राज ढुंगाना | पुरुष | अछाम | 9851091807 |
| | 223 | लिलि कुवंर | महिला | कन्चनपुर | 9848753659 |
| | 224 | कृष्ण बहादुर विश्वकर्मा | पुरुष | कैलाली | 9848534660 |
| | 225 | खडक राज जोशी | पुरुष | कैलाली | 9858420306 |
| | 226 | दिपक नेपाली | पुरुष | कैलाली | 9848627415 |
| | 227 | मैनामोती चौधरी | महिला | कैलाली | 9848414111 |
| | 228 | राज कुमार चौधरी | पुरुष | कैलाली | 9858420725 |
| | 229 | कैलाश कुमार पनेरु | पुरुष | डडेल्धुरा | 9848549408 |
| | 230 | नवराज जोशी | पुरुष | डोटी | 9848478744 |
| | 231 | हेम राज जोशी | पुरुष | डोटी | 9848767391 |
| | 232 | अमिरा डडाल | महिला | दार्चुला | 9848711058 |
| | 233 | नरेन्द्र सिंह कार्की | पुरुष | दार्चुला | 9848829915 |
| | 234 | सिता कुमारी सिंह | महिला | बझाङ्ग | 9848436141 |
| | 235 | कालिका उपाध्याय | महिला | बाजुरा | 9843230035 |
| | 236 | पदम बहादुर सिंह | पुरुष | बाजुरा | 9858490234 |
| | 237 | नरी दत्त बडू | पुरुष | बैतडी | 9858781415 |